# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

गुणस्तरीय शिक्षाको विकासका लागि पाठ्यक्रमले रक्तसञ्चार गरेको हुन्छ । पाठ्यक्रमलाई शिक्षाको मार्ग चित्र मानिन्छ । बालबालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने विभिन्न ज्ञान, सीप र अनुभवको विस्तृत कार्ययोजनाको आधार पाठ्यक्रम हो, यसकै आधारमा समग्र शैक्षिक क्रियाकलाप सञ्चालन हुन्छन् । विद्यालयभित्र र बाहिरका सबै शैक्षिक क्रियाकलाप पाठ्यक्रममा आधारित हुने भएकाले यो समग्र शैक्षिक प्रक्रियाको मेरुदण्ड पनि हो (शिक्षापत्रिका, २०६८ : २) । पाठ्यक्रम शैक्षिक क्रियाकलापको त्यस्तो एक संगठित ढाँचा हो । जसमा विद्यालय भित्र र विद्यालयाबाहिरका सम्पूर्ण क्रियाकलापहरू समावेस भएको हुन्छ । जसमा कुनै पनि व्यक्ति समाज र राष्ट्रका समग्र इच्छा, चाहाना र आवश्यकताहरू समेटिएको हुन्छ । पाठ्यक्रमले के पढाउने ? कति पढाउने ? कुन शिक्षण विधिको प्रयोग गर्ने ? शिक्षण सामग्री के के प्रयोग भन्ने कुरा स्पस्ट पारेको हुन्छ । पाठ्यक्रमलाई सर्वप्रथम उद्देश्यको रुपमा परिभाषित गर्नेकाम Tyler (1949) र Hilda Taba (1962) ले गरेका थिए । यी पाठ्यक्रमसम्वन्धी परिभाषाले पाठ्यक्रमको उद्देश्यलाई बढी जोड दिएको छ । पाठ्यक्रमकै परिभाषाका सम्वन्धमा Wiles & Bondi (2002) अगाडि भन्दछन् -

> "Curriculum as a four steps plan involving purpose, design, implementation & assessement."

पाठ्यक्रमलाइ परिभाषित गर्ने क्रममा John Dewey(1902) भन्दछन् -

> "Curriculum can however be defined anything in school, even outside of school (as long as it planed) as part of curriculum."

यसरी हेर्दा पाठ्यक्रमलाई व्यापक रूपमा सिकारूको अनुभवको रूपमा परिभाषित गर्न सकिन्छ । पाठ्यक्रमलाई विद्यालय भित्र वा विद्यालय बाहिर विद्यार्थीहरूले प्राप्त गर्ने अनुभवहरूको रूपमा लिन सकिन्छ । पाठ्यक्रमको परिभाषामा विविधता रहेता पनि संकुचित रुपमा पाठ्यक्रमलाई विषयवस्तु वा पाठ्यांशको रूपमा र व्यापक रुपमा समग्र शिक्षण सिकाइ प्रक्रियाको विस्तृत योजनाको रूपमा लिन सकिन्छ । यस किसिमको पाठ्यक्रम योजना र कार्यान्वयन बीच निकट सम्वन्ध रहेको हुन्छ । पाठ्यक्रमको सफल कार्यान्वयन तब प्राप्त हुन्छ जव सावधानी र ध्यानपूर्वक योजना गरिएको हुन्छ । योजना गर्ने प्रक्रियामा अपेक्षित कार्यक्रम कार्यान्वयनको लागि स्रोत साधन एवम् आवश्यकताहरूलाई ध्यान दिइएको हुनुपर्छ । माथि

उल्लेखित कुराहरूलाई ध्यान दिएर प्रत्येक देशले आफ्नो आवश्यकता, शिक्षाको राष्ट्रिय उद्देश्य र उपलब्ध स्रोत साधनका आधारमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएका हुन्छन् ।

नेपालमा १९५७ मा दरवार स्कुलको स्थापना हुनुभन्दा अगाडि औपचारिक रुपमा आधुनिक शिक्षा प्रदान गर्ने कुनै पाठशालाहरू थिएनन् । गुम्बाहरूमा भिक्षुहरूले र मठ मन्दिरहरूमा पुरोहितहरूले आफ्ना शिष्यहरूलाई धार्मिक कुराहरू सिकाउने गर्दथे । त्यती बेला शिक्षाको प्रमुख उद्देश्य धार्मिक ग्रन्थहरू बुझ्नको लागि केही व्यक्तिहरूलाई साक्षर वनाउने र गुम्वामा काम गर्ने लामा तथा मठ मन्दिरमा काम गर्ने पुरोहितहरूलाइ साक्षर वनाउनु रहेको थियो (श्रेष्ठ, २०६४ : १५) । तर त्यतिवेला शिक्षाका उद्देश्यहरू र ती उद्देश्य प्राप्त गर्न विषयवस्तुहरू उल्लेख गरिएको कुनै पाठ्यक्रम थिएन । भिक्षु तथा पुरोहितहरूले सिकाउने विषयवस्तुहरू आ-आफ्नो धार्मिक ग्रन्थमा आधारीत हुने हुदा धार्मिक ग्रन्थलाई नै पाठ्यक्रमको रुपमा लिइन्थ्यो (CERID, 1982) । नेपालमा विद्यालय तहमा आधुनिक शिक्षाको सुरुवात १९५७ मा दरवार स्कुलको स्थापनापश्चात मात्र भएको थियो । तर उक्त विद्यालयमा अध्ययन अध्यापनको लागि नेपालमा कुनै पाठ्यक्रम निर्माण गरिएको थिएन र पाठ्यक्रम निर्माण गर्ने कुनै एकाई वा निकाय पनि थिएन । त्यसैले CERID 1982 को प्रतिवेदनमा भनिएको छ, त्यस विद्यालयमा भारतीय पाठ्यक्रम अनुसार नै अध्ययन अध्यापन गराइन्थ्यो । तर १९२० पछि पट्ना परीक्षा वोर्डको पाठ्यक्रम अनुसार दरवार स्कुलमा अध्ययन अध्यापन हुन्थ्यो। यसरी उक्त समयमा जनता र सरकार दुवैमा शिक्षाप्रतिको चासोमा कमी थियो । पाठ्यक्रम र शिक्षासम्वन्धी विज्ञहरू अभाव तथा सरकारी पक्षको प्राथमिकता शिक्षा पर्दैनथ्यो । त्यस कारण यस समयमा पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्वन्धी ठोस कार्य भएको पाइँदैन ।

१९०० मा राणा प्रधानमन्त्री देवशमशेरको पालामा भाषा पाठशालाहरू खोलिएका थिए । यी पाठशालाहरूको मुख्य उद्देश्य साक्षर गर्नु र अङ्कगणितको ज्ञान दिनु रहेको थियो । त्यसैले उक्त पाठशालामा दुईवटा विषयहरू १) साक्षर र २) अङ्कगणितको अध्ययपन गरिन्थ्यो (शर्मा, २०६४ : १२) । यी दुई ओटा विषयहरू अध्यापन गर्न जय पृथ्वीवहादुर सिंहद्धारा लिखित “अक्षराङ्क शिक्षा” भन्ने पाठ्पुस्तकहरू प्रयोग गरिन्थ्यो । त्यसैले औपचारिक शिक्षाको सुरुवात भर्खरै भएको र त्यस समयमा पाठ्यक्रमसम्वन्धी अध्ययन अनुसन्धान नगरिएकाले उक्त पुस्तकलाई नै पाठ्यक्रमका रुपमा लिइन्थ्यो । त्यस समयमा अहिले जस्तो उद्देश्य, विषयवस्तु, क्रियाकलाप, मूल्याङ्कन आदि पक्षहरु समावेश भएको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन भएको थिएन ।

माथि उल्लेखित दरवार स्कुल, संस्कृत स्कुल, भाषा पाठशालाहरू बाहेक श्रेस्ता पाठाशालाहरू तथा बौद्ध पाठशालाहरू पनि सञ्चालनमा थिए तर यी पाठाशालाहरूमा पनि अध्ययन अध्यापन गर्न कुनै पाठ्यक्रमहरू निर्माण गरिएको थिएन । यी सबै प्रकारका स्कुल र पाठशालाहरूको व्यवस्थापन गर्न १९०५ मा “पाठशाला प्रवन्ध निरीक्षक” स्थापन गरिएको थियो (CERID, 1995) । सन् १९४७ मा केही आधार शिक्षा

विद्यालयहरू (Basic Education School) खोलिएका थिए । तर ती पाठशालाहरूमा अहिले जस्तो पाठ्यक्रम निर्माण गरी पठन पाठन भएको थिएन । तर पनि पाठाशाला प्रवन्ध निरीक्षकको स्थापनाले शिक्षण क्रियाकलापलाई व्यवस्थित गरेको मान्न सकिन्छ ।

नेपालमा एस.एल.सी. को स्थापना भएपछि मात्र Syllabus को रुपमा पाठ्यक्रमको प्रयोग गर्न थालिएको कुरा CERID (1985) को प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । जसमा भनिएको छ, १९३४ मा एस.एल.सी. वोर्डको स्थापना भयो र उक्त वोर्डले नेपालमा पहिलो पटक कक्षा ९ र १० मा अध्ययन अध्यापन हुने विषयवस्तुहरू (Syllabus) प्रकाशमा ल्यायो । १९४८ मा आएर शिक्षा विभागले नेपालमा विद्यालय तहको हरेक कक्षामा अध्ययन अध्यापन गराइने पाठ्यवस्तुहरूको विस्तृत सूची प्रकाशित गऱ्यो । यस ऐतिहासिक तथ्यले के देखाउँछ भने नेपालमा त्यसवेला शिक्षाको विकास भएको थिएन । मानिसहरूको शिक्षा सम्वन्धी चासो अहिले जस्तो थिएन । सरकारी पक्षको प्राथमिकतामा शिक्षा पर्दैनथ्यो । शिक्षा क्षेत्रमा काम गर्ने विज्ञहरूको अभाव थियो । तर त्यतिवेला पाठ्यक्रम निमार्णको लागि छुट्टै एकाई वा निकाय भने थिएन । यस वि.स.२०११ सालमा गठित ने.रा.शि.यो.आ.ले शिक्षाका तहगत उद्देश्यहरू उल्लेख गरी पाठ्यक्रमलाई थप व्यवस्थित वनाउने प्रयास गरेको थियो । १९६० मा शिक्षा विभागलाई पुर्नसंचना गरी उक्त विभाग अन्तर्गत नेपालमा पहिलो पटक पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्वन्धी व्यवस्था गर्न एउटा छुट्टै शाखाको व्यवस्था गरियो । समय र समाजको परिवर्तन सँगै वि.स. २०१६ सालमा देशमा राजनीतिक परिवर्तन भयो । यस परिवर्तनपछि वि.स. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भयो ( स.रा.स.को प्रतिवेदन, २०१८ : ११) । उक्त समितिले सरकारलाई प्रस्तुत गरेको सुझावमा विद्यालयीय शिक्षाको पाठ्यक्रमसँग सम्वन्धित विषयहरूको सूची, शिक्षण विधि र विद्यार्थी मूल्याङ्कन प्रक्रिया आदि उल्लेख गरेको पाइन्छ । उक्त सुझावमा पाठ्यक्रमका आशिंक तत्त्वहरू समावेश भएको देखिए पनि पूर्ण पाठ्यक्रको अभाव भएको देखिन्छ ।

पाठ्यक्रम निमार्ण तथा कार्यान्वयनको ऐतिहासिक कालखण्डको क्रममा वि.स. २०२८ साल एक महत्वपूर्ण वर्ष थियो । किनकि यस वर्षमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुको साथै विद्यालय तहको हरेक कक्षाका लागि पाठ्यक्रमको योजना निर्माण गर्न नेपालमा पहिलो पटक शिक्षा मन्त्रालय अन्तर्गत एउटा छुट्टै निकाय “पाठ्यक्रम विकास केन्द्र” स्थापना गरीएको थियो (श्रेष्ठ, २०६४ : ३०) । यसले नै पाठ्यक्रमका सवै अङ्ग सहितको विद्यालय तहका बृहत् पाठ्यक्रम वि.स.२०२८ सालमा तयार गरी कार्यान्वयनमा ल्याएको थियो । यसरी शिक्षाका क्षेत्रमा प्रचलित सम्पूर्ण तत्त्वहरू समावेश गरिएको पाठ्यक्रम निर्माण र कार्यान्वयनको सुरुवात वि.स.२०२८ सालमा भएको पाइन्छ ।

वि.स. २०४६ सालमा देशमा भएको राजनीतिक परिवर्तनपछि गठित “राष्ट्रिय शिक्षा आयोग” ले विद्यालय तहका सम्पूर्ण पाठ्यक्रम परिवर्तन गर्न सुझाव प्रस्तुत गरेको थियो । त्यस्तै “उच्चस्तरीय राष्ट्रिय

शिक्षा आयोग" को प्रतिवेदन वि.स. २०५५ ले प्रस्तुत गरेको सुझाव अनुसार वि.स.२०५६ मा माध्यामिक तहको पाठ्यक्रम र वि. स. २०५८ सालमा निम्नमाध्यामिक तहको पाठ्यक्रम परिमार्जन गरी कार्यान्वयन गरिएको छ । (स.रा.स.को प्रतिवेदन, २०१८ : १२) । त्यस्तै शिक्षा सम्वन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन, २०५५ को सुझाव अनुसार वि.स.२०६० मा प्राथमिक तहको पाठ्यक्रम परिमार्जन गरी कार्यान्वयन गरिएको छ । यसरी प्रजातन्त्रको पुर्नस्थापनापछि बनेको शिक्षा आयोगले पुरानो पाठ्यक्रमलाई समसामयिक सुधार र परिवर्तन गरी कार्यान्वयनमा जोड दिएको पाइन्छ ।

माथि उल्लेख गरिएका सन्दर्भहरूले के देखाउँछ भने नेपालमा पाठ्यक्रम विकास र कार्यान्वयनको अभ्यास सुरु भएको धरै भएको छैन । छोटो समयमा पनि पाठ्यक्रम निर्माण र अभ्यासमा नेपालले ठूलै फड्को मारेको देखिन्छ । किन भने वर्तमान समयमा औपचारिक शिक्षाका सवै तहहरू र अनौपचारिक शिक्षामा समेत पाठ्यक्रमको अभ्यास भइरहेको देखिन्छ । माध्यामिक तहको वर्तमान पाठ्यक्रमलाई हेर्दा कक्षा ९ र कक्षा १० मा ६/६ वटा विषयहरू अनिवार्य विषयको रूपमा समावेश भएको देखिन्छ । यी बाहेक दुवै कक्षामा ऐच्छिक प्रथम र ऐच्छिक द्धितीय गरी दुई क्षेत्र अन्तर्गत दुवै कक्षामा २२/२२ वटा विषयहरू समावेश गरेको देखिन्छ । माध्यामिक तहमा सामाजिक शिक्षा अनिवार्य विषयको रुपमा समावेश भएको छ । सामाजिक शिक्षाको पाठ्यक्रमले वालवालिकाहरूलाई उनीहरूको सामाजिक र भौतिक वातावरणसँग सम्वद्ध विषय वस्तु प्रतिको ज्ञान, सीप, र अभिवृत्तिमा विकास गराउने धेयले वनेको यो पाठ्यक्रम कस्तो छ ? यसले वास्तवमै व्यक्ति र समाजका आवश्यकताहरूको सम्वोधन गर्न सक्दछ त ? यी प्रश्नहरू यस अनुसन्धानका विषय हुन ।

### १.१.२ नेपालमा सामाजिक शिक्षा विषयको पठनपाठन

मानिस प्राकृतिक, सामाजिक, आर्थिक, सास्कृतिक, राजनैतिक तथा अन्य विभिन्न वातावरणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित हुन्छ । मानिसलाई आफ्ना आवश्यकता अनुसार समायोजित हुन आवश्वक पर्ने ज्ञान सीप र कुशलताको विकास गर्न शिक्षाको आवश्यकता पर्दछ (शिक्षापत्रिका, २०६४ : ६) । ती सम्पूर्ण कुराको जानकारी गराउने काम सामाजिक शिक्षाले गर्दछ । समाज के हो समाजमा कसरी समायोजित भएर समाजमा जिवन यापन गर्ने, समाजलाई कसरी अघि वढाउने र कसरी सभ्य समाजको निर्माण गर्ने भन्ने जस्ता विषययमा ज्ञान, सीप विकास गर्नु नै सामाजिक शिक्षाको उद्देश्य हो भन्न सकिएला ।

सामाजिक अध्ययन एक समष्टिगत विषय भए पनि यसले एक सुनिश्चित अर्थ बुझाउँछ । यसले प्रारम्भिक विद्यालयको पाठयक्रमलाई बुझाउँछ । यसमा मानवको अध्ययनसँग सम्वन्ध हुनुको साथै यसमा एक व्यक्तिको अरु मानिस र वातावरणसँगको सम्वन्ध पनि अध्ययन गरिन्छ । सामाजिक शिक्षाको माध्यमबाट सामाजिक विचार, जीवनयापन कार्यमा सहयोग, स्वविवेक, मानवीय सम्वन्ध स्थापना गर्ने, आर्थिक कुशलता प्रदान गर्न, नागरिक कर्तव्य वोध गराउने जस्ता पक्षमा सहयोग पुग्दछ (आचार्य, २००४ : २५) । सामाजिक

जीवनयापन गराउने, ज्ञान, सीप तथा मानवीय सम्वन्धका बारेमा जानकारी दिने काम सामाजिक शिक्षाले गर्दछ । समाजको आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनबाट सामाजिक शिक्षाको विषयवस्तु प्रभावित हुन्छन् । सामाजिक शिक्षाको पाठ्यक्रम निर्माण गर्दा उपयोगिता, रुचि, समन्वय, निरन्तरता, क्षमता र परीवर्तनको सिद्धान्त आदिको आधारमा गरिएको छ । एकीकृत पाठ्यक्रम र विषयगत पाठ्यक्रमका आधारमा यस भित्र इतिहास, अर्थशास्त्र, भूगोल, नागरिकशाश्त्र र नैतिक शिक्षा जस्ता विषयलाई समेटेर सामाजिक शिक्षा विषयवस्तु तयार गरिएको देखिन्छ । यस अर्थमा हेर्दा सामाजिक विषयको अध्ययन अध्यापन आवश्यक देखिन्छ । सामाजिक शिक्षाका पाठ्यक्रमले व्यक्तिका व्यक्तिगत विकास तथा समाजका सामाजिक विकासलाई महत्त्व दिएका देखिन्छ । यस्तो महत्त्व वोकेको सामाजिक शिक्षा विषयको पाठ्यक्रमका निर्माण तथा कार्यान्वयनका अवस्थामा केन्द्रितभई अनुसन्धान गर्नु समयको माग भएकोले अनुसन्धान सम्पन्न गरिएको छ ।

समय र समाजको परीवर्तनसँगै देशमा राणा शासनको अन्त्यपछि शिक्षा क्षेत्रमा पनि सुधार गर्ने उद्देश्यले विभिन्न आयोग, समिति, कार्यदलहरू गठन गरिएको देखिन्छ । वि. स. २०११ सालको नेपाल राष्ट्रिय शिक्षा योजना आयोग लागू भए पश्चात प्राथमिक तहका पाठ्यक्रममा सामाजिक शिक्षा विषय समावेश गरिएको थियो । वि. स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (NESP) लागू भएपछि विद्यालयहरूलाई साधारण मा.वि. र व्यवसायिक मा. वि.मा विभाजन गरी सामाजिक शिक्षा, इतिहास, भूगोल र पञ्चायतलाई समावेश गरी १०० पूर्णाङ्क, पाठ्यभार १२ (विद्यालय प्रति घण्टा) राखी पाठ्यक्रमा समावेश गरिएको थियो । संस्कृत माध्यामिक विद्यालयमा सामाजिक शिक्षा इतिहास, भूगोल र पञ्चायतलाई समावेश गरी ५० पूर्णाङ्क, पाठ्भार १० (विद्यालय प्रति घण्टा) राखी पाठ्यक्रमा समावेश गरिएको थियो (शर्मा २०६४ : २३३) । यसरी पाठ्यक्रममा क्रमिक सुधार, परीवर्तन र विकास हुदै आएको छ । यहि क्रममा वर्तमानमा सामाजिक शिक्षाको पाठ्यक्रमलाई अनिवार्य विषयको रुपमा शैक्षिक सत्र २०५६/५७ देखि  १०० पूर्णाङ्क, पाठ्भार ५ कायम गरी साधारण र संस्कृत मा.वि मा लागू गरिएको छ ।

वि. स. २०२८ सालमा प्राथमिक तह (१-३) मा १०० पूर्णाङ्कको सामाजिक शिक्षा नि.मा.वि.(४-७) मा १०० पूणाङ्कको पढाइ हुने गरेको थियो । त्यसै गरी २०३८ सालमा प्रा.वि. (१-५) मा पूर्णाङ्क १००, नि. मा. वि. (६-७) मा १०० पूर्णाङ्क मा. वि. कक्षा ८ मा मात्र इतिहास ७५ पूर्णाङ्क, भूगोल ७५ पूर्णाङ्क र पञ्चायत ५० पूर्णाङ्क गरी जम्मा २०० पूर्णाङ्कको सामाजिक शिक्षा थियो । त्यस्तै गरी वि.स. २०५८ सालमा १-५ मा १०० पूर्णाङ्क, नि.मा.वि. पनि पूर्णाङ्क १००, र.मा.वि पनि पूर्णाङ्क १००, रहेको थियो । माथि उल्लेखित सन्दर्भले के देखाउछ भने विद्यालय पाठ्यक्रममा सामाजिक शिक्षा भनेर छुटै विषय नभए पनि त्यस वेला भूगोल, इतिहास, नागरिकशास्त्र जस्ता विषयहरू सामाजिक शिक्षाको रूपमा छुट्टाछुटै पढाइ हुन्थ्यो । नाम जेसुकै लिए तापनि नेपालको विद्यालयको पाठ्यक्रममा सामाजिक शिक्षालाई महत्त्व दिएको पाइन्छ, किन भने कक्षा १ देखि दशसम्म प्रतिहप्ता ६ पाठ्यभार र १०० पूर्णाङ्कको सामाजिक शिक्षा पठन पाठन हुने गरेको दे यसलाई

विद्यालय शिक्षामा अनिवार्य विषयको रुपमा समावेश गरिएको मान्न सकिन्छ। तलको तालिकाले नेपालको विद्यालयतहमा 'सामाजिक शिक्षा' विषयलाई दिइएको महत्त्व झल्काउछ।

तालिका नं १.१

विद्यालय पाठ्यक्रममा सामाजिक शिक्षा विषयको अवस्था

| कक्षा | विषय | पाठ्यभार | सामाजिक शिक्षाको पूर्णाङ्क | कूल पूर्णाङ्क |
|---|---|---|---|---|
| १ - ३ | मेरो सेरोफेरो | ६ | १०० | ६०० |
| ४ - ५ | मेरो देश | ५ | १०० | ७०० |
| ६ - ८ | सामाजिक शिक्षा | ५ | १०० | ७०० |
| ९ -१० | सामाजिक शिक्षा | ५ | १०० | ८०० |

स्रोत : शर्मा, २०६४

नेपालका विद्यालय तहको सामाजिक शिक्षाको पाठ्यक्रम भित्र भिन्न भिन्न प्रकृतिका विषय वस्तुहरू समावेश गरिएका छन। जस्तै, हामी, हाम्रो समुदाय, राष्ट्र, नागरिकचेतना, सामाजिक समस्या आदि। यस्ता विषय वस्तुको वारेमा ज्ञान दिलाउन विभिन्न खालका शैक्षिक सामग्रीहरू आवश्यकता पर्दछ, तर तिनको अभाव हुनसक्छ। विभिन्न खालका समस्याका कारणले सामाजिक शिक्षाले राखेका उद्देश्य प्राप्ति गर्न नसकिने अवस्था हुन सक्दछ। यसका लागि कार्यान्वयन पक्ष राम्रो नभएर उद्देश्य प्राप्ति भएन भने लगानी त्यसै खेर जान्छ। नेपाल सरकारले शिक्षाका राष्ट्रिय उद्देश्य तथा सामाजिक शिक्षाका उद्देश्य प्राप्तिका लागि नीति नियम तयार गरी लागू गरेको पाइन्छ। तालिम प्राप्त शिक्षकको व्यवस्था, शैक्षिक सामग्रीको उपलव्धता तथा अन्य सम्पूर्ण शैक्षिक, आर्थिक, भौतिक, जस्ता पक्षमा सुधार गर्दै आएको छ। सामाजिक शिक्षाको पाठ्यक्रमलाई सही कार्यान्वयन गर्न शिक्षक निर्देशिकाको व्यवस्था गरेको छ। यसका साथै सुपरीवेक्षण जस्ता पक्षमा सुधार गर्दै कार्यान्वयन पक्षमा ध्यान दिएको पाइन्छ। के यी सुधारहरूले पाठ्यक्रम कार्यान्वयन प्रक्रियामा सहयोग पुगेको होला ? सहयोग पुगेको भए कसरी पुगेको होला ? नपुगेको किन त्यसो भएको होला ? जस्ता प्रश्नमा केन्द्रीत भएर यो अनुसन्धान सम्पन्न गरिएको छ।

## १.२ समस्याको कथन

पाठ्यक्रम गतिशील प्रक्रिया हो । पाठ्यक्रमले समयसापेक्ष परिवर्तनको अपेक्षा राख्दछ । हाम्रो देशको सन्दर्भमा पनि पाठ्यत्रक्रमहरू परिमार्जन भइरहेकाछन् । पाठ्यक्रममा परिवर्तन भइरहे पनि शिक्षकहरूको कार्यशैलीमा अपेक्षित परिवर्तन नभएको गुनासाहरू सुन्न पाईन्छन् । यस अवस्थामा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सक्ला त ? यो प्रश्न एउटा गम्भीर प्रश्नको रुपमा रहेको पाइन्छ । अर्को तर्फ दुर्गम तथा ग्रामिण क्षेत्रमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्रीहरू, शिक्षक निर्देशिका जस्ता आवश्यकीय सामग्रीहरू समयमै नपुगेर पठन पाठनमा वाधा पुगेको कुरा आमसञ्चार माध्यमहरूले उठाइरहेको देख्न र सुन्न सकिन्छ । यदि यो नै वास्तविकता रहेछ भने यसले पाठ्यक्रम कार्यान्व्यनमा प्रभाव पारेको छैन होला त ? यस्ता कुराको अभावमा विद्यालयहरूमा कसरी शिक्षण शिकाइ क्रियाकलापहरू भइरहेका होलान् ? पाठ्यक्रम कार्यान्वयनको मूलकर्ता शिक्षक हो । अन्य सबै पक्षहरू असल र प्रभावकारी हुँदा हुदै पनि शिक्षकद्वारा उपयुक्त प्रयास भएन भने पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सक्छ र ? के शिक्षकहरूलाई पाठ्यक्रम कार्यान्वन सम्वन्धी तालिम, अभिमुखीकरण दिइएको छ ? दिएको भए त्यो तालिमले पाठ्यक्रम कार्यान्वयनमा साच्चिकै सहयोग पुऱ्याएको छ ? छैन भने किन ?

विद्यालय व्यावस्थापनलाई प्रभावकारी वनाउन र विद्यालयप्रति अभिभावकहरूलाई समेत जिम्मेवार वनाउन सरकारले विभिन्न प्रयासहरू गरिरहेको छ । जस्तै विद्यालय व्यावस्थापन समिति, शिक्षक अभिभावक संघ गठन गरी तिनलाई सक्रिय राख्ने प्रयास भएको पाइन्छ । विद्यालयका अन्य गतिविधिहरूका साथै पाठ्यक्रम कार्यान्वयनमा पनि अभिभावकहरूको भूमिका महत्त्वपूर्ण हुन सक्दछ । अभिभावकहरूले पाठ्यक्रम कार्यान्वयनमा के योगदान गरिरहेका होलान् ? उनीहरूले आफ्नो भूमिकालाई कसरी बुझिरहेका होलान ?

यसरी पाठ्यक्रम कार्यान्वयनका सिलसिलामा अनगिन्ती प्रश्नहरू उठान गर्न सकिन्छ । यी सबै प्रश्नहरूमा गहिरिएर अध्ययन गर्नु आवश्यक देखिन्छ । एउटा छोटो समयमा गरिने सानो अध्ययनले यी सबै प्रश्नहरूको सम्वोधन गर्न सक्दैन । त्यसैले यस अध्ययनको चासो कक्षा ९ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ भन्नेसँग मात्र रहेको छ ।

विद्यालय शिक्षाका विभिन्न तहहरूमा विभिन्न विधा अन्तर्गत आ-आफ्नै विषयका पाठ्क्रम निर्माण गरी कार्यान्वयन गरिएको हुन्छन् । हरेक पाठ्यक्रमको कार्यान्वयनमा केही जटिलताहरू देखिदै आएका कुराहरू देख्न र सुन्न पाइन्छ । कार्यान्वयनका दृष्टिले सामाजिक शिक्षाको पाठ्यक्रम जटिल नै देखिन्छ । नीति नियम तथा निर्देशिका जे सुकै तयार भए पनि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नभएको खण्डमा हामीले चाहेको उपलव्धी प्राप्त हुँदैन र हाम्रो लगानी मात्र खेर जान्छ । पाठ्यक्रको कार्यान्वयन पक्षमा सुधार गरेको खण्डमा हामीले चाहेको उपलव्धी प्राप्त गर्न सकिने हुनाले यस अध्ययनको शीर्षक "**कक्षा नौको**

**सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था**" रहेको छ । कक्षा नौमा सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था, यसको कार्यान्वयनमा देखिएका समस्याहरू र ती समस्याहरू समाधानका उपायाहरू पत्ता लगाउनु आवश्यक भएकोले यो शीर्षक छनौटमा परेको हो । कक्षा नौको सामाजिक विषयको पाठ्यक्रम माथि अध्ययन गर्ने क्रममा पाठ्यक्रमका विविध पक्षहरू माथि अध्ययन गर्न सकिन्छ । जस्तै, कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप कस्तो रहेको छ ?, शिक्षकमा पाठको पूर्वतयारी कस्तो छ ?, शिक्षकले शिक्षक निर्देशिकामा उल्लेखित शिक्षण विधिहरू प्रयोग गरेर शिक्षण गर्दछन् कि गर्दैनन् ?, पाठको उद्देश्य र विषय वस्तुको स्वरुप अनुसार शैक्षिक सामग्रीको प्रयोग के कति गरिएको छ ?, प्रधानाध्यापक तथा स्रोतव्यक्तिले पाठ्यक्रम कार्यान्वयनमा के कसरी सहयोग गर्दा रहेछन् ?, कक्षा नौको सामाजिक शिक्षा शिक्षणमा के कस्ता योजनाहरू निर्माण र कार्यान्वयन गर्दा रहेछन् ?,कक्षा नौको सामाजिक शिक्षा शिक्षणमा के कस्ता समस्याहरू आउने रहेछन् ?, विद्यार्थी मूल्याङ्कन के कसरी गरीदो रहेछ ? आदि प्रश्नहरूमा केन्द्रित भएर अध्ययन गर्नु आवश्यक हुन्छ भन्ने कुरालाई मध्यनजर गरी यो गरिएको थियो ।

विभिन्न स्रोतहरू (पत्रपत्रिका, रेडियो, टेलिभिजन, पुराना अध्ययन प्रतिवेदनहरू) को अध्ययन गर्दा के देखिन्छ भने सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा भौगोलिक, आर्थिक, शैक्षिक तथा विविध कारणले पाठ्यक्रम कार्यान्वयनमा समस्याहरू देखिएका छन् । ती समस्याहरू कसरी समाधान गर्न सकिन्छ ? शिक्षकलाई अध्यापन कार्यमा कसरी सहयोग गर्न सकिन्छ ? शिक्षकले शिक्षक निर्देशिका अनुरुप अध्यापन गराएका छन् कि छैनन् ? जस्ता कुराको खोजीमा यो अध्ययन केन्द्रित रहेको थियो ।

### १.३ अध्ययनको औचित्य

यो अध्ययन शिक्षाशास्त्र संकायको पाठ्यक्रम र मूल्याङ्क विषयको स्नातकोत्तर कार्यक्रमको आंशिक आवश्यता पूरा गर्न तयार गरिएको हो । पाठ्यक्रम र मूल्याङ्कन विषयमा विशिष्टीकरण गरिरहेको व्यक्तिले विद्यालय तहका पाठ्यक्रमसँग सम्वन्धित विषय र क्षेत्रमा अध्ययन अनुसन्धान गर्नु एक सान्दर्भिक कार्य हो । माध्यमिक तहको पाठ्यक्रममा समाविष्ट कक्षा नौका सामाजिक विषयको पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलव्धी प्राप्त गर्न यसको कार्यान्वयन पक्ष प्रभावकारी हुनुपर्दछ । यस अध्ययनले पाठ्यक्रमको कार्यान्वयनसँग सम्वन्धित क्षेत्रमा गहिरिएर अध्ययन गरेकोले यससँग सम्वन्धित सवालहरू पहिचान गरेकोछ । उजागर गरिएका सवालहरू माथिको वहस गर्न यस अध्ययनल आधार तयार गर्न सक्दछ । यस अध्ययनले पाठ्यक्रम कार्यान्वयनसँग सम्वन्धित आधारभूत तहका सरोकारवालाहरूसँग गहिराइ पूर्वक छलफल अन्तक्रिया गर्ने भएकाले सरोकारवालाहरूका अनुभव र बुझाइलाई समेत यसले उजागर गर्दछ । माध्यमिक तह अन्तर्गतको कक्षा नौ उच्च शिक्षाको आधार हो । कक्षा नौको कक्षागत र विषयगत उद्देश्य पूरा गरी प्रभावपूर्ण तरीकाले शिक्षण गरिनु पर्दछ । शैक्षिक प्रकृया राम्ररी कार्यान्वयन नभएमा सो अनुसार उपलव्धि हासिल गर्नमा समस्या आउन सक्दछ । शिक्षकले पाठ्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्याहरू आउन

सक्दछन्, ती समस्या समाधान गर्न सकिएमा माध्यामिक तहका तहगत उद्देश्य, सामाजिक शिक्षाका विषयगत उद्देश्य प्राप्तिमा सहयोग हुनेछ । यो अध्ययनले पाठ्यक्रम कार्यान्वयनको अवस्था, शिक्षण प्रकृया सञ्चालनमा महत्व हुन जान्छ । यस अध्ययनले सामाजिक शिक्षा अध्यापन गराउने शिक्षकलाई पाठ्यक्रम, शिक्षक निर्देशिका र शिक्षण वीच समन्वय गर्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । यस अध्ययनले कक्षा ९ को सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनसँग सम्वन्धित पक्षहरु शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, सुपरीवेक्षक, स्रोतव्यक्ति, अभिभावक समेतलाई कार्यान्वयनको वास्तविक अवस्थावारे जानकारी दिनुका साथै उठेका सवालहरूकामा वहस गर्ने वातावारण सिर्जना गर्दछ । पाठ्यक्रमको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन सम्वन्धी विषयहरूमा समेत वहसको ढोका खोल्ने अपेक्षा गर्न सकिन्छ ।

यसरी यस अध्ययनले कक्षा ९ को सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्न शिक्षक, अभिभावक, स्रोतव्यक्ति, प्रधानाध्यापक आदिले खेल्नु पर्ने भूमिकाबारे छलफल सुरु गर्ने भएकोले सम्वन्धित पक्षहरूले यसबाट लाभ लिन सक्ने अपेक्षा गर्न सकिन्छ । यस कारण यस अध्ययनले पाठ्यक्रम निर्माणकर्ता तथा विकास कर्तालाई नीति तथा कार्यक्रम वनाउन आवश्यक पर्ने सूचना उपलव्ध गराई सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ । प्रस्तुत अध्ययनले पाठ्यक्रम कार्यान्वयन सम्वन्धी पछिल्ला अनुसन्धान कर्ताहरूलाई अध्ययन विधिसम्वन्धी जानकारी प्रदान गर्दछ र यो अध्ययन पूर्वसाहित्यका रुपमा रहनेछ साथै यस अध्ययनले पछिल्ला अनुसन्धान कर्ताहरूलाई थप विषयको उजागर गर्ने सत्प्रेरणा प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ ।

### १.४ अनुसन्धान प्रश्नहरू

अनुसन्धान गर्ने क्रममा हाल अनुसन्धान प्रश्न उल्लेख गर्ने परम्परा विकास भएको छ । कतिपय अनुसन्धानमा अनुसन्धानका उद्देश्य र प्रश्नलाई एकैरूपमा पनि उल्लेख गर्ने गरेको पाइन्छ । सामान्य रूपमा अनुसन्धान प्रश्नले अनुसन्धानका उद्देश्यलाई प्रश्न वाचक रूपमा उल्लेख गर्दछ । यस अध्ययनमा निम्न अनुसारका अनुसन्धान प्रश्नहरू उठान गरिएको थियो :-

ख) पाठ्यक्रम कार्यान्वयनको क्रममा आधारभूत तहका सरोकारवालाहरू (स्रोतव्यक्ति, प्र.अ., विषय शिक्षक) ले के कस्ता समास्याहरू सामाना गरिरहेकाछन् ?

ग) देखिएका समास्याहरू समाधान गर्न के कस्ता उपायहरू अवलम्वन गर्न सकिन्छ ?

घ) शिक्षणमा कस्ता शिक्षण विधिहरू प्रयोग गरिरहेका छन् ?

ङ) सामग्रीहरूको निर्माण र प्रयोग के कसरी गरिरहेका छन् ?

च) पाठ्यक्रम कार्यान्वयनमा प्र.अ.र विषय शिक्षकहरूको भूमिका के कस्तो रहेछ ?

छ) सामाजिक शिक्षा शिक्षणमा के कस्ता योजना निर्माण र कार्यान्वयन गरिदो रहेछ ?

ज) विद्यार्थी मूल्याङ्कनको अभ्यास कसरी भइरहेको रहेछ ?

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान गर्नको लागी उद्देश्यहरूको निर्धारण गरिन्छ निर्धारित उद्देश्य अनुरुप नै अध्ययन कार्य गरिन्छ । यस अध्ययनको उद्देश्य निम्नानुसार राखिएको थियो ।

क) कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयको अवस्था पहिचान गर्नु ।

ख) कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको समस्या पहिचान गर्नु ।

ग) समस्या समाधान गर्ने उपायाहरू पत्ता लगाउनु ।

## १.६ अध्ययनको सीमितता

पाठ्यक्रम कार्यान्वयनका सिलसिलामा अध्ययन गर्दा अनगिन्ती प्रश्नहरू उठान गर्न सकिन्छ । यी सबै प्रश्नहरूमा गहिरिएर अध्ययन गर्नु आवश्यक देखिन्छ । एउटा छोटो समयमा गरिने सानो अध्ययनले यी सबै प्रश्नहरूको सम्वोधन गर्न सक्दैन । यस अध्ययनमा निम्न सिमितताहरु थिए :

- यस अध्ययनको चासो कक्षा ९ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयन कसरी भइरहेको छ भन्नेसँग मात्र छ ।
- यो अध्ययन पाठ्यक्रमको उपलव्धता र प्रयोग, शैक्षणिक योजना निर्माण र कार्यान्वयन, सामग्रीको उपलव्धता र प्रयोग, शिक्षक निर्देशिकाको प्रयोग, कक्षा व्यावस्थापन मूल्याङ्कनका साधन र तरिकाहरूमा सीमित रहेको छ ।
- यो अध्ययन पाठ्यक्रम कार्यान्वयनका आधारभूत तहका सरोकारवालाहरू सम्वन्धित विषयका शिक्षक, प्र.अ., र स्रोतव्यत्तिहरूका बुझाई र अनुभवमा आधारित समस्या र समाधानका उपायाहरूमा सीमित रहेको छ ।
- शैक्षणिक योजनाको अध्ययन गर्दा विद्यालयमा विषयगत वार्षिक शिक्षण योजनाको अभ्यास भए नभएको, विद्यालयको वार्षिक कार्ययोजनामा सामाजिक विषयलाई सहयोग पुग्ने कार्यक्रमहरू भए नभएको कुरामा मात्र यो अध्ययन केन्द्रित रहेको छ ।

- यो अध्ययन नेपालका सरकारी विद्यालयहरू मध्ये धनकुटा जिल्लाका श्री त्रिवेणी उ.मा.वि. स्रोतकेन्द्र अन्तगर्तका दुईवटा माध्यामिक विद्यालयहरु श्री गोकुण्डेश्वर उ.मा.वि. र श्री भाषा उ.मा.वि. कागते धनकुटामा मात्र सिमित रहेको छ। प्रस्तुत अध्ययन सूचना संकलनका विभिन्न साधनहरूमध्ये अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल र दस्तावेज अध्ययनमा मात्र सीमित रहेको छ।
- त्यस्तै, यस अध्ययनमा पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास र परिवर्तन नमुनामा सीमित रहेर अध्ययन गरिएको छ। सैद्धान्तिक रुपमा यो अध्ययन संरचनात्मक कार्यवाद सिद्धान्त, फेनोमेनालोजिकल सिद्धान्त, उत्तरआधुनिकतावादी सिद्धान्तहरूमा मात्र सीमित रहेको छ।

# परिच्छेद दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन

अध्ययनको लागि समस्याको छनौट गरिसकेपछि अनुसन्धानकर्ताले सम्वन्धित साहित्यको अध्ययन गरी आफ्नो अनुसन्धान नयाँ हो होइन, अनुसन्धान ढाँचा उपयुक्त छ, छैन सुनिश्चित गरेर मात्र अध्ययन कार्य अघि बढाउनु पर्ने हुन्छ । सामान्यतः शैक्षिक अनुसन्धानमा उपयोगी हुने साहित्यहरूमा जर्नल, अनुसन्धान रिर्पोट, सरकारी प्रकाशन, पुस्तक, पत्रपत्रिका, इन्टरनेट प्रकाशन, तथ्याङ्क वैङ्क, थेसिस, इनसाईक्लोपेडिया, ह्याण्डवुक, इयरवुक इत्यादि पर्दछन् । यस अनुसन्धानमा पुनरावलोकन गरिएका सैद्धान्तिक, विषयगत र अध्ययनसँग सम्वन्धित साहित्यहरूलाई क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

कुनै पनि अनुसन्धानमा सम्वन्धित हुने अवधारणा निश्चित सैद्धान्तिक जगमा विकास भएको हुन्छ । तसर्थ, अनुसन्धानमा प्रयुक्त हुने अवधाराणलाई व्याख्या निश्चित सिद्धान्तको आधारमा गर्नु पर्दछ । सैद्धान्तिक अवधारणाले अनुसन्धानका अवधारणालाई व्याख्या गर्ने र त्यसको आधारमा अनुसन्धान ढाँचा तयार गर्न आधार प्रदान गर्नाको साथै अनुसन्धानको सैद्धान्तिक पहिचानको जानकारी गर्दछ । तसर्थ कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्न त्यससँग सम्वन्धित अवधाराणालाई कुनै सिद्धान्तका आधारमा व्याख्या गर्नु पर्दछ ।

#### संरचनात्मक कार्यवाद सिद्धान्त

संरचनात्मक कार्यवाद सिद्धान्त अनुसार कुनै पनि वस्तुको इतिहास जानेर वुझेर मात्र त्यस वस्तुको कार्य विधिकाबारेमा वुझ्न सकिदैन । कुनै पनि वस्तुको कार्य विधि वुझ्नको लागि त्यसका अङ्गहरू एक अर्कामा कसरी कार्य गर्दछन् भन्ने कुरा बुझ्नु पर्दछ (ढकाल र कोइराला, २०६६ : १५६) । संरचनात्मक दृष्टिकोणवाट हेर्दा पाठ्यक्रम कार्यान्वयन पनि कुनै एकल प्रकृया वा क्रियाकलाप होइन । वरु यो शैक्षिक प्रकृयाको जटिल जालो हो । पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाउनको लागि, विद्यार्थी र समाजको आवश्यता परिपूर्ति गर्नको लागि पाठ्यक्रम कार्यान्वयनका विभिन्न एकाईहरूले निर्वाह गर्ने भूमिका वा पाठ्यक्रम संरचनाले पुऱ्याउने योगदानलाई संरचनात्मक कार्य  भन्न सकिन्छ । पाठ्यक्रम कार्यान्वयनका एकाईहरूले कार्य नगरे पाठ्यक्रम कार्यान्वयनको अवस्था भताभुङ्ग हुन जान्छ । त्यसैले यो सिद्धान्तका आधारमा पाठ्यक्रम कार्यान्वयनका एकाइहरूले समुचित कार्य सम्पादन गर्नु पर्दछ, क्रियाशील हुनुपर्छ भन्न सकिन्छ ।  पाठ्यक्रम कार्यान्वयनका तत्त्वहरूमा पाठ्यपुस्तक, शिक्षक निर्देशिका, विद्यालय निरीक्षक, प्र.अ., विषय शिक्षक विद्यार्थी आदि पर्दछन । पाठ्यक्रम कार्यान्वयनमा यी पक्षहरूको खास खास भूमिका र जिम्मेवारी हुन्छ । यी पाठ्यक्रम कार्यान्वयनका एकाइहरू क्रियाशील भएर कार्य गरेको खण्डमा पाठ्यक्रम

कार्यान्वयन व्यवस्थित हुन्छ र निरन्तरता पाउँछ । यस प्रकार कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न माथि उल्लेखित पाठ्यक्रम कार्यान्वयनका तत्त्वहरूको क्रियाशीलता र सक्रियता हेर्नु आवश्यक भएकोले यो अध्ययन गरिएको छ ।

**फेनोमेनोलोजी**

फेनोमेनोलोजी एक दशर्नशास्त्रीय अवधारणा हो । यसले सामाजिक तथा प्राकृतिक वातावरण घट्ना, वस्तु, परिस्थिति, तथ्य आदिको अध्ययन गर्दछ । Mish (2002) का अनुसार फेनोमेनोलोजिले मानवीय चेतना वा जागरणको विकासको अध्ययन गर्दर्छ । Stanford encyclopedia of philosophy (2008) का अनुसार फेनोमेनोलोजी भनेको सचेतनाको संरचनाको अध्ययन हो । त्यसैले फेनोमेनोलोजिलाई चेतना वा सचेतनाको अध्ययन गर्ने विधाको रुपमा लिन सकिन्छ । कुनै वस्तु, घटना, परिवेश आदिलाई मानिसले कसरी बुझ्छन् र त्यसवाट के अर्थ निकाल्छन् भन्नु नै फेनोमेनोलोजिको सैद्धान्तिक आधार देखिन्छ । भट्ट, (२०६६ : १८१) का अनुसार पाठ्क्रम कार्यान्वयन सम्वन्धी अध्ययनमा शिक्षकले विभिन्न सामाजिक विज्ञानका विषय वस्तुबाट तयार गरिएको सामाजिक शिक्षा शिक्षण गर्दा कस्ता जटिलता र सहजता महसुस गरेका छन् । पाठ्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षक, प्र.अ.र विद्यालय निरीक्षक/स्रोतव्यक्ति बीचको वास्तविक सम्वन्ध कस्तो छ । शिक्षकले सामाजिक शिक्षा शिक्षण गर्दा कक्षामा कस्ता समस्याहरू अनुभव गरेका छन् । शिक्षण क्रियाकलापका समस्याका सम्वन्धमा प्र.अ.र विषय शिक्षकको वास्तविक सम्वन्ध कस्तो छ । शिक्षकले विद्यार्थीलाई क्रियाकलाप गर्न प्रेरित गर्दछ कि गर्दैन, जसबाट उसले अनुभव प्राप्त गर्न सकोस् आदि अनुभवहरूको व्याख्या गरी त्यसको संरचनावारे व्याख्या गरिन्छ ।

पाठ्यक्रमलाई एउटा सामाजिक घट्ना वा वस्तुको रुपमा लिन सकिन्छ । यदि हामीले वास्तविक कार्यक्षेत्रमै गएर पाठ्यक्रमलाई सरोकारवालाहरूले कसरी बुझेका छन् ? यसको कार्यान्वयनमा के कस्ता कठिनाईहरू उनीहरूले भोगेका छन् भनी हामीले अध्ययन गर्यौ र उनीहरूको भोगाईबाट अर्थ निकाल्यौ भने त्यहाँ फेनोमेनोलोजिका सिद्धान्तहरू प्रयोगमा आएको देखिन्छ । त्यसैले फेनोमेनोलोजीलाई पाठ्यक्रम निर्माण एवम् कार्यान्वयनसँग सम्वन्धित सैद्धान्तिक साहित्यको रुपमा व्याख्या गर्न सकिन्छ ।

**सामाजिक पुनर्निर्माणवाद**

यस वादका अनुसार समाज ज्यादै अस्वस्थ्य छ । समाजको टिकाउपन चुनौतिपूर्ण छ । समाज समस्या नै समस्याले ग्रस्त छ । समाजका मूल्य मान्यता र संरचनाहरू दिन प्रतिदिन जटिल वन्दै गइरहेका छन् । सामाजिक पुनर्निर्माणवादीहरू शिक्षा मार्फत समाजको पुनर्निर्माण गर्नु पर्ने कुरामा जोड दिन्छन् । यस वादले पाठ्यक्रमलाई सामाजिक दृष्टिकोणबाट हेर्दछ (भट्ट, २०६६ : १३३) । सामाजिक पुनर्निर्माणवादीहरूका विचारमा युद्ध, भोकमरी, गरिवी, प्रदुषण, जलवायु परिवर्तन, वेरोजगारी, अपराधिक क्रियाकलाप, राजनीतिक

भ्रष्टाचार, जनसंख्या वृद्धि, शक्तिको स्रोतहरूको कमी, न्युन साक्षरता, स्वास्थ्य समस्या आदि समस्याहरूले समाजको अस्थित्वलाई चुनौति दिएका छन् । यी समस्याहरूको समाधान गरी समाजको पुनर्सरचना निर्माण नगरिने हो भने हाम्रो समाजको अस्थित्व नै संकटमा पर्न सक्दछ भन्ने तर्क सामाजिक पुनर्निर्माणवादीहरूको रहेको छ । यस वादका अनुसार सामाजिक समस्या समाधान गर्ने किसिमको शैक्षिक लक्ष्य हुनु पर्दछ । समाजमा विद्यमान विकृति तथा विसंगतिलाई निर्मूल गर्दै भविष्यमा असल समाजको निर्माण गरिनुपर्ने शिक्षाको प्रमुख लक्ष्य मान्दछ । यसले शिक्षा मार्फत मौजुदा सामाजिक संरचनालाई रुपान्तरण गरी सामाजिक अग्रगमन कायम गरिनुपर्ने लक्ष्य राख्दछ । यस वादका आधारमा शिक्षण गर्नुको प्रमुख उद्देश्य विद्यार्थी स्वयम्लाई उत्प्रेरित गरी उनीहरूलाई नै पुनर्संरचना गर्नु हो । जसवाट उनीहरूले समाजको पुनर्निर्माण गर्न सकून् ।

यसरी विद्यार्थीहरूलाई सामाजिक समस्याहरूसँग सामना गर्न, विश्लेषण गर्न, बुझ्न सक्ने हुन र त्यस्तो समाजको दृष्टिविकास गर्न सक्ने बनाउन जहाँ कुनै पनि समस्या मौजुदा हुन नसकोस् । कक्षा नौको सामाजिक शिक्षा विषयमा समुदायमा गएर गर्नलाई अभ्यासको रुपमा दिएका क्रियाकलापहरू गराइएको छ कि छैन । यदि गराइएको भए ती क्रियाकलापले विद्यार्थी, समाज र एउटा सानो समाजको रुपमा विद्यालयको पुनर्निर्माणमा सहयोग गरेको छ कि छैन भन्ने सम्वन्धमा केन्द्रित रहेर यो अध्ययन सम्पन्न गरिएको छ ।

**उत्तर आधुनिकतावाद**

आधुनिक युगको चरमविन्दुमा आधुनिकताको आदर्शमा भएको त्रुटी र अन्तरद्वन्द्वहरू देखापरेको समयमा उदाएको उत्तर आधुनिकतावाद ले निश्चित ज्ञानको अस्थित्व र ज्ञानको क्रमवद्ध वृद्धि जस्ता आधुनिक चिन्तनका सार तत्त्वलाई अस्वीकार गदर्छ । आधुनिकतावादीले सिद्धान्तलाई निश्चित ज्ञान प्राप्त गर्ने माध्यमको रुपमा गरेको दाविलाई उत्तर आधुनिकतावादले अस्वीकार गर्दछ । यस वादले Process / Becoming लाई सम्मान गर्दछ । यसले हरेक क्षेत्र, वस्तु राम्रो दिशामा उन्नति तर्फ अगाडि वढ्दछ भन्ने मान्यता राख्दछ । सर्वव्यापी र निरपेक्षतालाई यस दर्शनले अस्वीकार गर्दछ । यस दर्शनले स्थानीयकरण, वहुलवादीता र वहुरेखीयमा जोड दिन्छ, नकी आधुनिकवादले जस्तो केन्द्रीकरण (शर्मा, २०६६ : १५९) । यसरी उत्तर आधुनिक दर्शनको दृष्टिकोणवाट हेर्दा शिक्षा र पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया विकेन्द्रित छ कि छैन् । पाठ्यक्रम स्थानीय परिवेश अनुसार कार्यन्वयन हुनु पर्दछ, नकी प्रयोगशालामा जस्तो सबै विद्यालयमा एकै प्रकारले । कक्षा शिक्षणमा सवै सँस्कृतिको सम्मान गरिनु पर्दछ । कुनै पनि संस्कृति उच्चतम र लघुतम हुँदैन । आमसँस्कृति भन्दा सास्कृतिक विविधता र विभेदरहीत शिक्षण क्रियाकलापको आवश्यकता यस दर्शनले औल्याएको छ ।

यस दर्शनले माथि उल्लेखित कुराहरू औल्याए पनि पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अध्ययन गर्दा परम्परागत सिद्धान्तको आधारमा मात्र अध्ययन गर्ने गरेको पाइन्छ । वर्तमानमा वहुलवादिता, स्थानीयता र विकेन्द्रित सोचले हरेक क्षेत्रमा महत्त्व पाएको सन्दर्भमा पाठ्यक्रम कार्यान्वयनको अवस्था स्थानीय स्तरमै गएर हेर्नु उत्तर आधुनिकतावादी दृष्टिकोणसँग मेल खाएको देखिन्छ ।

**पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमुना**

पाठ्यक्रम कार्यान्वयन सम्वन्धी विकास गरिएका विभिन्न नमुनाहरूले पाठ्यक्रम कार्यान्वयनका फरक फरक विधिहरु एवम् प्रक्रियाहरूको वकालत गरेका छन् । पाठ्यक्रम कार्यान्वयनको नमुना पाठ्यक्रम कार्यान्वयन गरिने देशको राजनीतिक प्रणाली, दर्शन, कार्यान्वयन कर्ताहरूको उत्प्रेरणा, प्रचलित नीति तथा नियमहरू, सामाजिक आर्थिक तथा साँस्कृतिक परिवेश आदि तत्त्वमा भर पर्दछ (भट्ट, २०६६: १३१) । पाठ्यक्रम कार्यान्वयन सम्वन्धी R.S. Schmack र M. B. Miles (1971) ले विकास गरिएको संगठनात्मक विकास नमुनाले पाठ्क्रम कार्यान्वयनको लागि कुनै विशिष्ट पद्धति अपनाउनुभन्दा पनि संस्थाको (विद्यालय) संगठनात्म विकास र परिवर्तन गरिनुपर्ने तर्क राख्दछ । Brench & Bell (1919) का अनुसार ( भट्ट, २०६६) यस नमुनाका निम्न लिखित विशेषता हुने कुरा गर्दछन् । संगठनका (विद्यालयका) समस्याहरू, मुद्दालाई सम्वोधन गर्न सामुहिक कार्यमा जोड दिनु पर्दछ । समूह तथा अन्तरसमूह प्रक्रियामा जोड दिनुपर्दछ । सहकार्यमा जोड दिने पद्धतिलाई संगठनकै एउटा सँस्कृतिको रुपमा विकसित गरिनु पर्दछ ।

यस नमुनाले पाठ्यक्रम कार्यान्वयनलाई सञ्चालन भइरहेको अवस्थामा हुने अन्तरक्रियात्मक प्रक्रियाको दृष्टिकोणबाट हेर्दछ । यसले पाठ्यक्रम विकास तथा पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई कहिल्यै पनि पूरा नहुने र निरन्तर नयाँ विचारहरू चलिरहने व्यवस्थित प्रक्रियाको रुपमा हेर्दछ । पाठ्यक्रम कार्यान्वयन एउटा सामूहिक कार्य भएकोले यस नमुनाका माथि उल्लेखित विशेषताका आधारमा सामूहिक सहकार्य मार्फत पाठ्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा केन्द्रित रहेर यो अध्ययन गरिएको थियो ।

## २.२ कक्षा नौको वर्तमान पाठ्यक्रम

विद्यालय तहको पाठ्यक्रमलाई जनआकांक्षा एवम् देशको परिवर्तित सन्दर्भ अनुकूल समसामयिक परिवर्तन गर्नु पर्ने हुन्छ । सामाजिक अध्ययनले देशको राजनीतिक, आर्थिक, एवम् सामाजिक परिवर्तन, विश्वमा आएको नविनतम प्रविधि र समाजको माग एवम् चाहनालाई समेट्ने भएकोले यो विषयको पाठ्यक्रम समयानुकूल, गतिशील र परिवर्तनशील हुनु आवश्यक हुन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम भाग १, २०६४ : ४३) । उक्त पाठ्यक्रमको अगाडि भनिएको छ - विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वव्यापीकरण तथा स्थानीयकरणलाई सामाजिक अध्ययन विषयमा समाहित गरी मानवअधिकार, समाजिक मूल्य एवम् मान्यता, प्राकृतिक प्रकोप (भूकम्प) आदि विषयवस्तु समावेश गरी यस विषयलाई

समसामयिक, व्यावहारिक र स्तरीय वनाउने प्रयास गरिएको छ। यस भनाइले पाठ्यक्रमलाई समय सापेक्ष वनाउन प्रयत्न गरेको देखिन्छ। यसरी हेर्दा सामाजिक शिक्षा पाठ्यक्रमलाई विश्व तथा राष्ट्रमा आएका आर्थिक सामाजिक परिवर्तन र सूचना प्रविधिको क्षेत्रमा भएको परिवर्तनलाई समावेश गर्ने प्रयास गर्ने गरेको पाइन्छ। विश्व समुदायमा देखिएका विश्वव्यपिकरण, स्थानियकरण, मानव अधिकार प्राकृतिक प्रकोप जस्ता सामाजिक चिन्तन र समस्याहरु समाधानमुखी वनाउन खोजेको देखिन्छ। वास्तवमा सामाजिक शिक्षा सामाजिक समस्या उन्मुख एकिकृत ढाँचाको पाठ्यक्रम भएकोले उल्लेखित कुराहरुमा जोड दिनु उपयुक्त नै देखिन्छ। कक्षा नौको सामाजिक शिक्षा पाठ्यक्रमको अवलोकन गर्दा तहगत उद्देश्य, विशिष्ट उद्देष्य, पाठ्यभार, अंक विभाजन र मूल्याङ्कन प्रकृया सम्वन्धी कुराहरु समावेश भएको देखिन्छ। सामाजिक शिक्षाको पाठ्यक्रमले वालवालिकाहरूलाई उनीहरूको सामाजिक र भौतिक वातावरणसँग सम्वद्ध विषयवस्तु प्रतिको ज्ञान, सीप, र अभिवृत्तिमा विकास गराई एउटा उत्पादनमुखी र सक्रिय नागरिकको रूपमा विकास गराउने विषयगत उद्देश्य राखेको छ। कक्षा नौको सामाजिक शिक्षा पाठ्यक्रमका २० वटा साधारण उद्देश्य र २९ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् (जसलाई अनुसूचीमा उल्लेख गरिएको छ)। उक्त पाठ्यक्रममा समावेश एकाइ शीर्षक, एकाईगत अंकभार र पाठ्यक्रमलाई तलको तालिकामा उल्लेख गरिएको छ।

सामाजिक शिक्षाको पाठ्यक्रममा समावेश विषयवस्तु, पाठ्यभार र अङ्कभार

तालिका नं २.१

| क्र. स. | एकाई/विषयवस्तु | अङ्कभार (प्रतिशतमा) | पाठ्यभार (घण्टीमा) |
|---|---|---|---|
| १. | हामी, हाम्रो समुदाय र राष्ट्र | ८ | १२ |
| २. | विकासका पूर्वाधारहरू | ८ | १२ |
| ३. | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | ८ | १२ |
| ४. | सामाजिक समस्या र समाधान | १० | १५ |
| ५. | नागरिक चेतना | १४ | २१ |
| ६. | हाम्रो पृथ्वी | १६ | २४ |
| ७. | हाम्रो विगत | १४ | २१ |
| ८. | आर्थिक क्रियाकलाप | १४ | २१ |
| ९. | अन्तर्राष्ट्रिय सम्वन्ध, शान्ति र सहयोग | ८ | १२ |
| | जम्मा | १०० | १५० |

स्रोतः- माध्यमिक शिक्षा पाठ्यक्रम भाग १, २०६४ : ५१।

यसरी कक्षा ९ को सामाजिक शिक्षा विषयको पाठ्यक्रमको विषय वस्तुलाई विभिन्न ९ वटा एकाई र २७ वटा उपएकाइमा विभाजन गरी प्रस्तुत गरिएको छ। कूल १०० पूर्णाङ्क भएको यस विषयलाई कक्षा नौमा वार्षिक १५० घण्टी पठनपाठन गराउनु पर्ने देखिन्छ।

माथि उल्लेखित विषय वस्तुहरूको शिक्षण सिकाई क्रियाकलाप गराउँदा विषयवस्तुको एकीकृत रुपमा अध्ययन गराइ व्यावहारिक ज्ञान दिलाउनको लागि कक्षा भित्र र बाहिर आ-आफ्नो टोल, समुदायसँग सम्वन्धराखि समुदायसँग सम्वन्धित क्रियाकलाप गराउनु पर्दछ। यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीहरूलाई आ-आफ्नो टोल, समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनु पर्दछ। सामाजिक अध्ययनले विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्वीर, नक्सा जस्ता सिर्जनशील विधा मार्फत भाव अभिव्यक्ति गरुन र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ। विद्यार्थीलाई "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउन र विद्यार्थीमा व्यावहारिक परिवर्तन ल्याउन विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरू प्रयोग गर्न सकिन्छ। ती विधिहरूमा प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, खोज, अभिनय, परियोजना, प्रयोगात्मक, क्षेत्रभ्रमण, आगमन आदि रहेका छन्। यी विधिहरू मार्फत शिक्षकले उपयुक्त वातावरण सिर्जना गरी एउटा सहजकर्ताको रुपमा विद्यार्थीहरूलाई सही बाटो देखाउन सहयोग पुऱ्याउनु पर्छ।

पाठ्यक्रमा समावेश विशिष्ट उद्देश्यहरू र तिनका विषय वस्तुका आधारमा विद्यार्थीहरुको सिकाइ उपलब्धिको मूल्याङ्कन गरिनुपर्दछ। यसका लागि निमार्णात्मक र निर्णययात्मक मूल्याङ्कन दुवैको प्रयोग गरिनु पर्दछ। ज्ञान, सीप र अभिवृत्तिको मापनको लागि निरन्तर मूल्याङ्कन गरिनु पर्ने, व्यावहार अवलोकन गर्ने, योजना कार्य र सामुदायिक कार्य गराउने जस्ता कार्य गराइ विद्यार्थीहरूको सिकाई उपलब्धिको मूल्याङ्कन गरिनु पर्दछ भन्ने कुराहरु उल्लेख गरिएको छ।

यसरी विद्यालय तहको पाठ्यक्रमलाई जनआकांक्षा एवम् देशको परिवर्तित सन्दर्भ अनुकूल समसामयिक वनाउनु पर्ने हुन्छ। देशको राजनीतिक, आर्थिक, एवम् सामाजिक परिवर्तन, विश्वमा आएको नविनतम प्रविधि र समाजको माग एवम् चाहनालाई समेटेर तयार गरिएकोले यो विषयको पाठ्यक्रम समयानुकूल, गतिशील र परिवर्तशील स्वरुपको देखिन्छ। विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वव्यापीकरण तथा स्थानीयकरणलाई कक्षा नौको सामाजिक अध्ययन विषयमा समाहित गरी मानव अधिकार, समाजिक मूल्य एवम् मान्यता, प्राकृतिक प्रकोप आदि विषयवस्तु समावेश गरी यस विषयलाई समसामयिक, व्यावहारिक र स्तरीय बनाउने प्रयास गरिएको छ। यस पाठ्यक्रमा एउटा पाठ्यक्रमा हुनुपर्ने सम्पूर्ण तत्त्वहरू उद्देश्य, विषयवस्तु, शिक्षण क्रियाकलापहरू र पाठ्यक्रमका स्वरुपअनुसारका विद्यार्थी मूल्याङ्कन रणनीति तयार गरिएकोले यसलाई राम्रो पाठ्यक्रम मान्न सकिन्छ।

यद्यपि यस पाठ्यक्रमका यी राम्रा विशेषताहरू हुँदाहुँदै पनि यसमा केही समस्याहरू भने रहेका छन् जस्तै पाठ्यक्रम र शिक्षक निर्देशिका विद्यालयमा समयमै उपलव्ध नहुनु आदि समस्याहरूले यस विषयको पाठ्यक्रम कार्यान्वयनमा केही जटिलताहरू रहेका सुनिन्छन् । के साच्चिकै यी समस्याहरूले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा वाधा पुऱ्याएको छ ? यी समस्याहरू वास्तवमै सरोकारवालाहरूले भोगिरहेका समस्या हुन कि यो मिथ्या प्रचारवाजि मात्र हो त ? यस विषयको टुङ्गो लगाउने प्रयत्नले यो अध्ययन सम्पन्न गरिएको छ ।

### २.३ सामाजिक शिक्षा पाठ्यक्रम कार्यान्वयन सम्वन्धी अध्ययनहरू

सामाजिक शिक्षाको उद्देश्य अनुरुप विद्यालय तहमा शैक्षिक सामग्रीको प्रयोग, शिक्षण क्रियाकलाप, मूल्याङ्कन जस्ता कुरामा शिक्षकको के कस्तो भूमिका हुन्छ सोबारेमा अध्ययन अनुसन्धान गरिएका छन् । अमेरिकाको शिक्षा आयोग (१९३८) का अनुसार सामाजिक अध्ययनमा मानव समाजको संगठन विकास तथा मानिसलाई एक सामाजिक प्राणीको रुपमा अध्ययन गरिन्छ । सामाजिक अध्ययन त्यो अध्ययन हो, जसले मानव जीवनका रहन सहनको तरिका त्यसको मुलभूत आवश्यकता र तरिका अनि संस्थाहरू जसको निर्माण आफैले गर्दछन् भन्नेसम्वन्धी अध्ययन गरिन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६५) ।

ढकाल, (२०५७), ले कक्षा ८ को सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू शीर्षक अध्ययनमा तालिम प्राप्त र अप्राप्त शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरूमा फरक छ कि छैन भन्ने उद्देश्य राखी गरिएको अध्ययनमा प्रश्नावली, दस्तावेज अध्ययन र अन्तर्वार्ता प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो । वर्णनात्मक र सर्भे ढाँचामा गरिएको अध्ययनको मुख्य प्राप्तिमा शिक्षकले शिक्षक निर्देशिका प्रयोग नगरेको, विषयवस्तु अनुसार शिक्षण विधि छनौट गर्न नसकेको, तालिम प्राप्तभन्दा अप्राप्त शिक्षकले प्रभावकारी तरिकाले शिक्षण गरेको आदि थिए । तर यस अध्ययनमा पाठ्यक्रम अनुसार शिक्षण गरे नगरेको सम्वन्धमा उल्लेख गरिएको छैन । त्यसैले यस अध्ययनले पनि सामाजिक शिक्षा विषयको कार्यान्वयनसँग सम्वन्धित सवै पक्षमा गहिरिएर अध्ययन नगरेको देखिन्छ ।

आचार्य, (२००४), ले माध्यमिक तहको सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामग्रीको उपलव्धता र प्रयोगको अवस्था सम्वन्ध वाँके जिल्लाको २४ वटा सामाजिक विद्यालयमा गरिएको अध्ययनमा सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामग्रीको उपलव्धताको अवस्था, मूल्याङ्कन सामग्रीको प्रयोग हुन नसक्नाको कारणहरू पत्ता लगाउने उद्देश्यले अध्ययन गरिएको थियो । यस अध्ययनमा विद्यालयका प्रधानाध्यापक, विषय शिक्षकसँग अन्तर्वार्ता, कक्षा अवलोकन र छलफलका आधारमा आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा सर्भे ढाँचामा अध्ययन गरिएको थियो । त्यस्तै पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिकालाई मुख्य शैक्षिक सामग्री मानी तिनको प्रयोग गरिएको छ कि छैन भनि अध्ययन गरिएको थियो । यसको

प्राप्तिमा शिक्षक निर्देशिका अनुसार अध्यापन गराउने, शिक्षण सामग्रीको अभाव, सामग्री खरिदको लागि वजारको अभाव, सामाजिक शिक्षालाई सामान्य र सरल विषयको रुपमा लिइएको, तालिम प्राप्त शिक्षकको अभाव, शिक्षकलाई दैनिक कक्षा पनि बढिरहेको आदि समस्या उल्लेख गरिएको छ । के यस्ता समस्याहरू अरु जिल्लामा पनि छन् ? या अरु जिल्लाका समस्याहरू यी भन्दा भिन्न छन् ?

रेग्मी, (२०६७), ले माध्यामिक तहमा सामाजिक शिक्षा शिक्षण र सिकाइको अवस्था शीर्षकमा गरिएको अध्ययनमा माध्यामिक तहमा सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउने उद्देश्यराखी गरिएको अध्ययनमा अन्तर्वार्ता, कक्षा अवलोकन र लक्षित समूह छलफलबाट सूचना संकलन गरी, गुणात्मक र परिणात्म रुपमा सूचनाको विश्लेषण र व्याख्या गरिएको थियो । यस अध्ययनको मुख्य प्राप्तिमा शिक्षकमा पूर्व तयारीको कमी, शैक्षिक सामग्रीको अभाव, शिक्षकले पाठ्योजना नवनाएको, पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग नगरेको र पाठ्यपुस्तकमा मात्र जोड दिएको पाइएको थियो । यस अध्ययनका प्राप्तिहरू व्यावहारिकभन्दा बढि प्राविधिक देखिन्छन् । शिक्षकहरूको अनुभव, विचार र उनिहरूले भोगिरहेका वास्तविक समस्याको गहिराइसम्म यो अध्ययन पुग्न सकेको देखिदैन । त्यसैले पाठ्यक्रम कार्यान्वयनका मूल व्यक्तिहरू (शिक्षक, विद्यार्थी) का प्रत्यक्ष अनुभव र बुझाइमा आधारित अनुसन्धानको आवश्यकता देखिन्छ ।

भण्डारी, (२०६५), ले निशुल्क प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था शीर्षकमा अनुसन्धान गर्दा त्यो अनुसन्धानको उद्देश्य प्राथमिक शिक्षा कार्यान्वयनको अवस्था पहिचान गर्नु र कार्यान्वयनमा आईपरेका समस्या पत्ता लगाउनु रहेको थियो । यस अध्ययनमा प्रश्नावली, अन्तर्वार्ता, कक्षा अवलोकन जस्ता साधनहरुको प्रयोग गरी तथ्यांक सकंलन गरिएको थियो । गुणात्मक विधिवाट गरिएको अनुसन्धानको मुख्य प्राप्तिमा विद्यालयमा आर्थीक, सामाजिक, शैक्षिक, भौतिक समस्या रहेको, पाठ्यक्रम भएर पनि त्यसलाई कमै मात्र प्रयोग गरेको र पाठ्यपुस्तकलाई मात्र सर्वेसर्वा ठानी प्रयोग गर्ने गरेको, शिक्षकको अयोग्यता र निरीक्षणमा समस्या रहेको उल्लेख गरिएको छ । यस अध्ययनमा प्रश्नावली, अन्तर्वार्ता तथा कक्षा अवलोकनबाट तथ्याङ्क संकलन गरेको देखिन्छ । यस अध्ययनमा प्रयोग गरिएका तरीकाहरुक साथै FGD समेतको प्रयोग गर्दा फरक किसिमका प्राप्तिहरू पनि आउछन कि ?

ऐर, (२०६८), ले माध्यमिक तहमा सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वनयको अवस्था शीर्षक अध्ययनमा त्यस तहमा पाठ्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउनु र कार्यान्वयनका समस्याहरू पत्ता लगाउने उद्देश्यले अध्ययन गरिएको थियो । प्रश्नावली, अन्तर्वार्ता, कक्षा अवलोकन जस्ता साधनहरूको प्रयोग गरी सूचनाहरूको संकलन गरी गुणात्मक र व्याख्यात्मक विधिवाट सूचनाको विश्लेषण र व्याख्या गरिएको थियो । यस अध्ययनको मुख्य प्राप्तिमा शिक्षकले विद्यार्थी केन्द्रितभन्दा शिक्षक केन्द्रित विधिमा वढी जोड दिएको, वर्षभरीमा पाठ्यक्रममा उल्लेखित विषयवस्तु अध्यापन गरेर नसकेको, शैक्षिक सामाग्रीको

अभाव रहेको, क्षेत्र भ्रमण, नोटलेखन, छलफल जस्ता विधिको कम प्रयोग गरिएको उल्लेख छ । तर यस अध्ययनमा पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्या समाधानका उपायाहरू भने उल्लेख गरिएको छैन । यस अध्ययनको सरोकार केवल पठनपाठनसँग मात्र देखिन्छ । कक्षा अवलोकन र अन्तर्वार्तावाट प्राप्त सूचनाका आधारमा पाठ्यक्रम कार्यान्वयनको अवस्था हेरिएको छ । सरोकारवालाले पाठ्यक्रमलाई कसरी बुझेका छन् ? पाठ्यक्रम कार्यान्वयनका सवलपक्षहरू के के छन् ? उनीहरूका वास्तविक अनुभव के छन् ? जस्ता विषयहरुमा यो अध्ययन गहिरिन सकेको देखिदैन ।

श्रेष्ठ, (२०६४), ले नेपालमा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन प्रारम्भीक तह देखि उच्च तह सम्मको अध्ययन नामक पुस्तकमा माध्यामिक तहको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू निम्न रुपमा प्रस्तुत गर्नु भएको छ । शिक्षकको योग्यता, तालिम अप्राप्त शिक्षक, पुनर्ताजकीय तालिमको अभाव, उद्देश्य तथा विषयवस्तु बीच मेल नहुनु, आन्तरिक मूल्याङ्कनको व्यवस्था नहुनु, समयमा पाठ्यक्रम उपलव्ध नहुनु, पाठ्य सामाग्रीको अभाव, शैक्षिक सामाग्रीको अभाव, विद्यार्थी केन्द्रित शिक्षण विधिप्रति शिक्षकको सकारात्मक धारणाको अभाव, पाठ्यक्रम अनुसार पाठ्पुस्तक नहुनु, विद्यार्थी चाप, धेरै विद्यार्थी अनुतिर्ण हुनु, निरीक्षण तथा अनुगमनको अभाव, कक्षा सञ्चालन हुने दिन कम हुनु आदि रहेका छन् । यसमा पाठ्यक्रम कार्यान्वयन सम्वन्धी दिएको सुझावहरूमा शिक्षकको न्युनतम योग्यता वृद्धि, तालिमको व्यवस्था, पाठ्यक्रम सामाग्रीको उपलव्धता तथा पाठ्यक्रम परिचयात्मक कार्यक्रमको व्यवस्था, पाठ्यक्रम कार्यान्वयन सम्वन्धी अनुगमन, पाठ्यपुस्तकमा परिमार्जन, उपयुक्त विद्यार्थी संख्या, आन्तरिक मूल्याङ्कनको व्यवस्था तथा उपयुक्त पाठ्यक्रम मूल्याङ्कन सम्वन्धी अध्ययन आदि रहेका छन् । यस पुस्तकले जे जस्ता समस्याहरू उल्लेख गरेको छ, ती समस्याहरू अझै पनि कायम छन् या छैनन् । के यहाँ उल्लेख गरेभन्दा फरक किसिमका विद्यालयमा फरक किसिमका समस्या हुन सक्दैनन् त ?


यस प्रकार माथि उल्लेखित अध्ययनहरुमा माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहको पाठ्यक्रम कार्यान्वयन सम्वन्धी अध्ययन गरिएको तर ती तहका प्रत्येक विषयहरूको पाठ्यक्रम सम्वन्धी विस्तृत रुपमा अध्ययन नगरिएको पाइएको छ । यी अध्ययनहरू सर्भे, वर्णनात्मक र गुणात्मक विधिवाट मात्र अध्ययन गरिएको पाइएको छ । माथि उल्लेखित धेरैजसो अध्ययनले समाजशास्त्रीय सिद्धान्तको आधारमा अध्ययन गरिएको छ । कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम र समग्र प्राथमिकदेखि माध्यमिक तह सम्म कार्यान्वयनको प्रक्रियामा खासै अन्तर पाइँदैन । माध्यमिक तहअर्न्तगत कक्षा ९ को सामाजिक विषयको पाठ्यक्रम कार्यान्वयनसम्वन्धि अध्ययनलाई नियाल्दा पाठ्यक्रम कार्यान्वयनका तत्त्वहरू तथा संरचनाको क्रियाशीलता र सक्रियतालाई फरक फरक रुपमा अध्ययन नगरी सम्पूर्णतामा मात्र अध्ययन गरिएको देखिन्छ । पाठ्यक्रम कार्यान्वयनका तत्त्वहरूको संरचनात्मक क्रियाशीलता, शिक्षकका शिक्षणका सहजता र सरलताका अनुभव, पाठ्यक्रम कार्यान्वयन नमुना अनुसार कार्यान्वयन भए नभएको, नमुना अनुसार नभए किन नभएको,

पाठ्यक्रम कार्यन्वयनमा रहेका समस्या समाधान गर्न कस्ता उपायाहरू अपनाउन सकिन्छ भन्ने जस्ता सवालमा रहेर उत्तर आधुनिकतावादी दृष्टिकोणबाट कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमको कार्यन्वयनको अवस्था सम्वन्धी विषयमा यस अध्ययनले जोड दिएको छ ।

## २.४ अवधाराणात्मक संरचनाको निर्माण

सैद्धान्तिक अवधारणाको आधारमा अनुसन्धानमा सम्वन्धित हुने धारणा तथा चरहरू वीचको अन्तरसम्वन्ध देखिने गरी तयार गरिएको चित्रात्मक वा वर्णनात्मक विवरणलाई अवधारणत्मक संरचना भनिन्छ (खनाल, २०६७ : २७) । अवधाराणत्मक ढाँचा अनुसन्धानकर्ताको मानसिक नक्सा हो । जसले अनुसन्धानकर्तालाई मार्गदर्शन प्रदान गर्दछ । यस अध्ययनमा सैद्धान्तिक साहित्य र सान्दर्भिक साहित्यहरूको अवलोकनमा आधारित भई कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न निम्नानुसारको अवधारणात्मक ढाँचा तयार गरिएको थियो ।

चित्र नं १ सामाजिक शिक्षा पाठ्यक्रम कार्यान्वयन सम्वन्धी अवधाराणात्मक ढाँचा



## परिच्छेद तीन

## अध्ययन विधि

अध्ययन विधिले अनुसन्धनकार्यलाई मार्गदर्शन गर्दछ । जुन तरिकाबाट अनुसन्धान कार्यलाई सम्पन्न गरिन्छ वा तथ्याङ्कलाई संकलन, विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुगिन्छ त्यसलाई नै अध्ययन विधिमा उल्लेख गरिन्छ (भण्डारी, २०६५ : १५) । प्रस्तावित उद्देश्य प्राप्तिको लागि के कस्ता साधन स्रोत र प्रविधिको प्रयोग गर्ने, अध्ययन गर्ने क्रममा नमुनाको आकार कति राख्ने, सूचना संकलनका साधनहरुलाई कसरी प्रमाणीकरण गर्ने, कुन तरिका तथा प्रक्रियाको प्रयोग गरी सूचना प्राप्त गर्ने भन्ने जस्ता कुराहरुको निश्चित आधार तयार गरिएको योजना नै अध्ययन विधि हो । यस अध्ययनका सम्पूर्ण विधि तथा प्रक्रियाहरू गुणात्मक विधिमा आधारित रहेका छन् ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको पूर्वढाँचा हो । अनुसन्धान कार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यता पर्दछ (खनाल, २०६७ :२५४) । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, अनुसन्धानको किसिम जस्ता विभिन्न पक्षमा निर्भर गर्दछ । यो अनुसन्धान पूर्णतः गुणात्मक विधिमा आधारित रहेको छ । गुणात्मक अनुसन्धानमा प्राकृतिक सूचनाहरू संकलन गर्न, सहभागिहरूका अनुभव र वुझाईहरू प्राप्त गर्न लचिलो अनुसन्धान ढाँचाको प्रयोग गरिन्छ । शैक्षिक तथा प्राज्ञिक अनुसन्धानमा प्रयोग भईरहेको गुणात्मक अनुसन्धानका विशेषताहरुलाई खनाल, (२०६७ : २१६) ले Best & Kahn (1999) लाई उदृत् गर्दै यस प्रकार उल्लेख गरेका छन्- प्राकृतिक अवस्था, प्रत्यक्ष तथ्याङ्क संकलन, वर्णनात्मक तथ्याङ्क, प्रक्रिया केन्द्रित, तथ्याङ्क विश्लेषणमा आगमनविधि, सहभागी दृष्टिकोण, परिवर्तनशील अनुसन्धान ढाँचा आदि । यो गुणात्मक अनुसन्धानका माथि उल्लेखित विशेषताहरूलाई ध्यान दिदै सम्पन्न गरिएको थियो ।

### ३.२ अध्ययन क्षेत्र र सहभागीहरूको छनौट

गुणात्मक अनुसन्धानमा परिमाणात्मक अनुसन्धानमा जस्तो अध्ययन गरिने व्यत्तिहरूको प्रतिनिधित्व गर्ने कोशिस भए पनि सबै सदस्यहरूबाट समान सम्भाव्यताको आधारमा सहभागीहरूको छनौट गरिदैन । Guba र Lincoln (1981 : 276) का अनुसार गुणात्मक अनुसन्धानमा सहभागीहरूको छनौट प्रतिनिधिमूलक भन्दा पनि उद्देश्यमूलक हुन्छ । जसको उद्देश्य व्यक्तिवाट नयाँ, पूर्ण र गहिराई सम्मका तथ्याङ्क प्राप्त गर्नु रहेको हुन्छ । यसरी यो अध्ययन एक गुणात्मक अध्ययन भएकाले यस अध्ययन कार्यलाई सम्पन्न गर्न निम्नानुसार अध्ययन क्षेत्र र सूचनादाता वा सहभागीहरू छनौट गरिएको थियो ।

### ३.२.१ विद्यालयको छनौट

यो अध्ययन गुणात्मक भएकोले प्रतिनिधिमूलक नमुना छनौट गर्ने आवश्यकता देखिएन । धेरै वटा विद्यालयहरु छनौट गर्दा गहिराई पूर्वक अध्ययन गर्न नसकिने, सूचनाहरूलाई व्यवस्थित गर्न कठिनाइ हुने आदि जस्ता कुराहरुलाई दृष्टिगत गरी अध्ययनका लागि धनकुटा जिल्लाको त्रिवेणी मा.वि. स्रोतकेन्द्र अन्तर्गतका २ वटा विद्यालयहरु श्री त्रिवेणी मा.वि.र गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि. धनकुटालाई अध्ययन क्षेत्रका रुपमा छनौट गरिने योजना वनाईएको भए पनि विविध कारणले सूचना तथा तथ्याङ्क संकलनमा समस्या भएकोले र गुणात्मक अनुसन्धानमा तत्कालीन ढाँचा प्रयोग गर्न सकिने भएकाले पनि श्री त्रिवेणी उ.मा.वि.को सट्टामा श्री भाषा उ.मा.वि.धनकुटालाई अध्ययनको लागि छनौट गरिएको थियो । गुणात्मक अनुसन्धान कुनै एउटा एकाईमा मात्र पनि अध्यय गर्न सकिने भएको र समय, स्रोत र आफ्नो अध्ययनलाई सहयोग प्राप्त हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी ती विद्यालयहरुलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएका थियो ।

### ३.२.२ स्रोत व्यक्तिको छनौट

स्रोत व्यक्तिले जिल्ला शिक्षा कार्यालयको प्रतिनिधिको रुपमा प्र.अ.र शिक्षकहरुलाई पाठ्यक्रम कार्यान्वयनमा सहयोग गर्ने तथा समस्या समाधानमा सहयोग गर्ने हुनाले निजको सोकार्यले शिक्षक र प्र.अ.लाई के कस्तो सहयोग गरेको छ, भन्ने सम्वन्धमा अध्ययन गर्ने उद्देश्यका लागि सम्वन्धित स्रोत केन्द्रका स्रोत व्यक्तिलाई सहभागीको रुपमा अध्ययन कार्यमा संलग्न गरिएको थियो ।

### ३.२.३ प्रधानाध्यापक छनौट

प्रधानध्यापक एउटा सुपरीवेक्षक, व्यावस्थापकका साथै शिक्षक पनि भएकोले पाठ्यक्रम कार्यन्वयनमा उसको मुख्य भूमिका हुन्छ । ऊ सधै शिक्षकहरुसँगै रहने हुनाले शिक्षकहरुले पाठ्यक्रम कार्यन्वयन गरे नगरेकोबारेमा उ वढी परिचित हुने हुनाले माथि उल्लेखित विद्यालयका प्र.अ.लाई उद्देश्यमूलक रुपमा कक्षा नौको सामाजिक विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न सूचनादाताको रुपमा छनौट गरिएको थियो ।

### ३.२.४ विषय शिक्षक छनौट

शिक्षक नै कुनै पनि विषयको पाठ्यक्रमको वास्तविक कार्यान्वयनकर्ता हो । शिक्षकविना पाठ्यक्रम कार्यान्वयन सम्भव छैन । त्यसैले यस अध्ययनको उद्देश्य प्राप्तिको लागि पाठ्यक्रमको वास्तविक कार्यान्वयनकर्ता शिक्षकले के कसरी र कुन रुपमा पाठ्यक्रम कार्यान्वयन गरिराखेको छ र के कस्ता समस्या भोगिराखेको छ, पाठ्यक्रम कार्यान्वयनमा उसले अनुभवगरेका सहजता र जटिलताहरू के के छन् । भन्ने

जस्ता कुराहरुको गहन र वास्तविक सूचनाबाट पाठ्यक्रम कार्यान्वयनको अवस्था थाह पाउन उद्देश्यमूलक विधिवाटमाथि उल्लेखित दुवै विद्यालयका कक्षा नौको सामाजिक शिक्षा विषयशिक्षण गर्ने शिक्षकरूलाई सूचना दाता/सहभागीको रुपमा छनौट गरिएको थियो । सूचनादाताहरूको सामान्य प्रोफाइल अनुसूचीमा दिएको छ ।

### ३.३ तथ्याङ्क संकलनका साधनहरू

कुनै पनि अध्ययन कार्यमा आवश्यक पर्ने तथ्याङ्क संकलनको लागि विभिन्न साधनहरुको आवश्यकता पर्दछ । तथ्याङ्क संकलनका साधनहरू अध्ययनको विषय र उद्देश्य अनुसार फरक फरक हुन्छन् । यो अध्ययन एक गुणात्मक अध्ययन हुने भएकोले यसमा गुणात्मक अध्ययनका साधनहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । खनाल, (२०६७ : ११७) का अनुसार गुणात्मक अनुसन्धानद्वारा कुनै घटना, प्रक्रिया वा क्रियाकलापको यथार्थ अवस्थामा अध्ययन गरिने र प्राप्त तथ्याङ्कहरू शाव्दिक र विवरणात्मक प्रकृतिका हुने तथा चरहरूमाथि कुनै प्रकारको प्रयोग वा परीक्षण नगरिने हुनाले गुणात्मक अनुसन्धाका लागि अवलोकन तथा अन्तर्वार्ता नै सवभन्दा उपयोगी साधनहरु हुन् । यसवाहेक गुणात्मक अनुसन्धानमा लक्षित समूह छलफल र दस्तावेज अध्ययन लाई पनि प्रयोग गर्न सकिन्छ । यो अनुसन्धान पूर्णतः गुणात्मक विधिमा आधारित भएकोले निम्नानुसारका सूचना संकलनका साधनहरू निर्माण तथा प्रयोग गरिएको थियो ।

**३.३.१ अवलोकन फारम :** सहभागीतामूलक अवलोकन गुणात्मक अनुसन्धानको एक प्रभावकारी र महत्त्वपूर्ण विधि मानिन्छ । यस विधिमा अवलोकनकर्ता सहभागी समूह भित्रकै एक सदस्यको रुपमा रहेको हुन्छ, जसले गर्दा उसको अवलोकन कार्यले सहभागीहरुको क्रियाकलापमा कुनै असर नपार्ने विश्वास गरिन्छ (खनाल, २०६७ : २१७) । यस प्रकारको अध्ययनमा कुराकानी र फिल्ड नोटलाई तथ्याङ्कको रुपमा प्रयोग गरिन्छ । यसवाहेक विभिन्न वस्तु र फोटोलाई पनि तथ्याङ्कको रुपमा सकंलन गरिन्छ । यस अध्ययनमा शिक्षकले पाठ्यक्रम प्रयोग गरे नगरेको, शिक्षक निर्देशिका अनुसार शिक्षण गरे नगरेको, शिक्षण योजना र सामाग्रीको प्रयोग सम्वन्धमा सूचना संकलन गर्न अवलोकनमा फारम प्रयोग गरिएको थियो । यस अध्ययनका लागि प्रयोग गरिएको अवलोकन फारमलाई अनुसूची १ र ५ मा उल्लेख गरिएको छ ।

**३.३.२ अन्तर्वार्ता निर्देशिका :** अन्तर्वार्ता प्रश्नोत्तरको प्रत्यक्ष प्रकृया हो, जसद्धारा अन्तर्वार्ता लिने व्यक्तिले सहभागीवाट प्रत्यक्ष जानकारी प्राप्त गर्दछ । गुणात्मक अनुसन्धानमा पूर्वनिर्धारित प्रश्नहरु विना नै कुराकानीको माध्यामवाट आवश्यक जानकारी तथा तथ्याङ्क प्राप्त गरिन्छ (आचार्य, २००४ : ३२) । यस अध्ययनमा सहभागीहरु प्र.अ.र विषय शिक्षक सामु प्रयोग गरिएको अन्तर्वार्ता निर्देशिकालाई अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

**३.३.३ लक्षित समूह छलफल निर्देशिका** : लक्षित समूह छलफल गुणात्मक अनुसन्धानमा तथ्याङ्क संकलन गर्ने एक प्रमुख विधि हो । साधारण तथा एकल अन्तर्वार्ताद्वारा प्राप्त गर्न कठिन हुने जानकारीहरुलाई लक्षित समूह छलफलद्वारा प्राप्त गर्ने कोशिस गरिन्छ भने कहिले काही समूहगत अवधारणाको लेखाजोखा गर्न पनि लक्षितसमूह छलफल प्रयोग गरिन्छ । यो प्रक्रिया समूह अन्तर्वार्ताभन्दा फरक हुन्छ (वेष्ट र खान, १९९९ : १७५) । लक्षित छलफलमा समूहगत अन्तर्वार्ता भन्दा पृथक ढंगले कुनै खास विषयमा छलफल तथा वादविवादको अवस्था सिर्जना गरिन्छ । यसमा सहभागीहरू सम्वन्धित विषयवस्तुको वारेमा आपसमा कुराकानी तथा अन्तर्क्रिया गर्दछन् र यही कुराकानीलाई तथ्याङ्कको मूल स्रोतको रुपमा लिएर नयाँ ज्ञानको प्रतिपादन गरिन्छ । यस प्रकारको छलफल कार्यमा सहभागीहरुले एकअर्कालाई नियन्त्रण गर्दछन् र कसैले गलत वा अवास्तविक प्रतिक्रिया दिएमा त्यसलाई छलफल र मन्थनद्वारा गलत नै हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । यसवाट सत्य र सवैको सामूहिक धारणा यो रहेछ भनेर निष्कर्षमा पुग्न सकिन्छ । अतः यस अध्ययनमा लक्षित समूहमा सोधिने संभावित प्रश्नहरूको निर्देशिका तयार गरिएको थियो । यो अध्ययनकार्यमा प्रयोग गरिएको लक्षित समूह छलफल निर्देशिकालाई अनुसूची ३ मा उल्लेख गरिएको छ ।

### ३.४ साधनको वैद्यता

प्रस्तुत अध्ययनको लागि सर्वप्रथम पुराना अध्ययन प्रतिवेदनहरु, पुस्तक र विभिन्न अनुसन्धान प्रतिवेदनहरु र विधिशास्त्रीय साहित्यहरुको गहन अध्ययन गरी प्राप्त जानकारी र अनुसन्धानकर्ताको वुझाईका आधारमा माथि उल्लेखित साधनहरुको ड्राफ्ट तयार गरिएको थियो । यसरी ड्राफ्टको रुपमा तयार गरिएका साधानहरुको वैधता निधारर्ण गर्न सहपाठीहरुसँग छलफल गरी पुन परिमार्जन र सुधार गरिएको थियो । त्यसपछि ती साधनहरुलाई शोध निरीक्षकको परामर्श अनुसार पुन सुधार र परिमार्जन गरिएको थियो । माथि उल्लेखित प्रक्रिया अनुसार तयार गरिएका साधनहरुलाई सम्वन्धित क्षेत्रका सूचनादाताहरूमाथि पूर्व परीक्षण गरी देखिएका त्रुटीहरू सच्याई अन्तिम रुप प्रदान गरिएको थियो ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

माथि उल्लेखित साधनहरुको प्रयोग गर्दै यस अध्ययनमा निम्नानुसारको प्रक्रियाद्वारा प्राथमिक र द्धितीय दुवै स्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो ।

**३.५.१ प्राथमिक तथ्याङ्क सकंलन :** यो अध्ययन गुणात्मक अनुसन्धानमा आधारत भएकोले अध्ययनकर्ता स्वयम् तथ्याङ्क संकलनका लागि तयार पारिएका साधनहरु लिई अध्ययन क्षेत्रमा गई आवश्यक प्राथमिक तथ्याङ्कहरू संकलन गरिएको थियो ।

**कक्षा अवलोकन :** कक्षा अवलोकन गर्न पूर्व नै सम्वन्धित विषय शिक्षकहरुलाई भेटेर कक्षा अवलोकनको समय र मिति तय गरिएको थियो । त्यसपछि निम्न चरण वा प्रक्रिया अनुसार कक्षा अवलोकन कार्य पूरा गरिएको थियो :

i. तयारी,
ii. प्रवेश,
iii. सहभागिता अवलोकन र कुराकानी,
iv. रेकर्ड गर्नु।

कक्षा अवलोकन गर्दा कक्षा व्यावस्थापन, पाठको सुरुवातको अवस्थामा, पाठको प्रस्तुतीकरण, शैक्षिक सामग्री, शिक्षणविधि, शिक्षण योजना, विद्यार्थी मूल्याङ्कन आदिको प्रयोग र उद्देश्य प्राप्ति भए नभएको सम्वन्धमा कक्षामा सहभागी भई प्रत्यक्ष सूचना संकलन गरिएको थियो ।

**अन्तर्वार्ता :** अन्तर्वार्ता लिने क्रममा सर्वप्रथम अन्तर्वार्ताका सहभागीहरुलाई भेटेपछि उपयुक्त समयमा अन्तर्वार्ताको क्रम सुरु गरियो । पहिलो प्रश्नमा सहभागीले दिएको उत्तरका आधारमा नै दोस्रो प्रश्नको चयन गरिएको थियो । अन्तर्वार्ता लिने व्यक्तिले सहभागीलाई विषयवस्तु वाहिर जान नदिने र गहिराई सम्मका जानकारीहरू प्राप्त गर्ने प्रश्नहरु सोध्ने प्रयास गरिएको थियो । माथि उल्लेखित सूचनादाताहरुमा यस प्रकारको खुला अन्तर्वार्ता लिनेकार्य निम्न चरणमा पूरागरिएको थियो :-

i. अन्तर्वार्ता लिइने व्यक्तिसम्म पहुँच कायम गर्ने,
ii. उत्तरदाताको भाषा र सस्कृति वोध गर्ने,
iii. अन्तर्वार्ताकारले आफूलाई कुन रुपमा प्रस्तुत गर्ने निर्क्यौल गर्ने,
iv. अन्तर्वार्ता लिने व्यक्तिको विश्वास जित्ने,
v. अन्तर्वार्ता लिइने व्यक्तिसँग घनिष्ट सम्वन्ध कायम गर्ने,
vi. आवश्यक तथ्याङ्क सकंलन गर्ने ।

माथि उल्लेखित प्रक्रियावाट अन्तर्वार्ता सम्पन्न गरिसकेपछि प्राप्त शाव्दिक तथ्याङ्कलाई रेकर्ड गरिएको थियो । यस कार्यमा टेपरकर्डरलाई प्रयोग गर्ने वा टिपोट गर्ने दुई विकल्पकहरु मध्ये अन्तर्वार्तालाई रेकडरको प्रयोग गरी रेकर्ड गर्ने र अन्य अशाव्दिक विवरणलाई टिपोट गरिएको थियो । अध्ययनको उद्देश्य प्राप्तिको लागि छनौटमा परेका सहभागी/सूचनादाताहरु मध्ये दुवै विद्यालयका प्र.अ.र विषय शिक्षकहरुलाई सम्वन्धित विद्यालयमा नै उनीहरुको समय अनुकूलता हेरी छुट्टाछुट्टै रुपमा अन्तर्वार्ता सञ्चालन गरिएको थियो ।

**लक्षित समूह छलफल :** यस्तो छलफल सामान्यतः आधा देखि १ घण्टासम्म सञ्चालिन गर्नु पर्ने भएपनि यस अध्ययनमा सहभागीहरुको उपलव्ध समय र अध्ययनको उद्देश्यअनुसार छलफलको समय निर्धारण गरिएको थियो । छलफललाई अघि वढाउन र सम्वन्धित विषयवस्तुमा केन्द्रित गराउन एक मोडेरेटर र छलफललाई रेकर्ड गर्न तथा नोट टिप्न नोट किपरको खाँचो पर्ने र यो एक सानो अनुसन्धान भएकोले अनुसन्धानकर्ताले नै मोडेरेटर र नोट कीपरको काम गरेको थियो । यस अध्ययनमा स्रोत व्यक्ति, प्र.अ. तथा विषय शिक्षकहरु बीचमा पाठ्यक्रम कार्यान्वयनको बारेमा अन्तरदृष्टि, वुझाई, भोगाई र अनुभव प्राप्त गर्न र तथ्याङ्कलाई त्रिकोणात्मक रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या र ती समस्या समाधानका उपायहरु पत्ता लगाउन र यी कुराहरुमा सहभागीहरुको अन्तरदृष्टि प्राप्त गर्न लक्षित समूह सञ्चालन गरिएको थियो । यसका लागि दुवै विद्यालयका प्र.अ., विषय शिक्षक र स्रोत व्यतिलाई पहिला नै भेटेर उपयुक्त समय र स्थान निर्धारण गरिएको थियो । यस्तो छलफल दुवै विद्यालयमा छुट्टा छुट्टै रुपमा आयोजना गरिएको थियो । यसवाहेक अध्ययनको उद्देश्य परिपूर्तिको निम्ति क्षेत्रनोटमा आफूले देखेका, सुनेका र वुझेका सूचनाहरु पनि नोट गरिएको थियो । लक्षित समूह छलफलका सहभागीहरूको विवरण अनुसूचीमा राखिएको छ ।

**३.५.२ द्वितीय तथ्याङ्क संकलन प्रक्रिया :** द्वितीय तथ्याङ्क भनेका अनुसन्धानकर्ता आफैले  प्रत्यक्ष रुपमा संकलन नगरी अन्य कसैले संकलन गरेका वा प्रयोग गरेका तथ्याङ्कहरु हुन । यस अध्ययनमा तोकिएका विद्यालयका प्र.अ.सँग समन्वय गरी आवश्यक गहन सूचना संकलन गर्न विद्यालयका अभिलेख तथा विद्यालयमा उपलव्ध अन्य दस्तावेजहरुमा उपलव्ध जानकारीहरुलाई द्वितीय सूचनाको रुपमा टिपोट गरिएको थियो ।

**३.५.३ प्रत्यावर्तित लेखन :** यो अध्ययन गुणात्मक अध्ययन भएकोले अनुसन्धानकर्ताले सूचनादाताहरुसँग प्रत्यक्ष सहभागी भएर तथ्यांक संकलन गरेको थियो । यसकार्यमा अनुसन्धानकर्ताले प्राप्त गरेका अनुभूति हरुलाई सहभागीहरुबाट सूचना संकलन गरिसकेपछि अन्त्यमा प्रत्यावर्तित लेखनको रुपमा लेखन गरिएको थियो । प्रत्यावर्तित लेखनले सूचनाहरूको विश्लेषण र प्रस्तुतीकरण गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुगेको अनुभव भएको छ ।

### ३.६ तथ्याङ्कको विष्लेषण प्रक्रिया

गुणात्मक अनुसन्धानमा परिमाणात्मक अनुसन्धानमा जस्तो संख्यात्मक तथ्याङ्क प्राप्त नभई शाव्दिक तथ्याङ्कहरु प्राप्त हुन्छन् । यस्तो तथ्याङ्क फिल्ड नोट, दस्तावेज अध्ययन, अन्तर्वार्ताको शाव्दिक रुपान्तरण इत्यादि रुपमा हुन्छन् (Miles & Huberman, 1984 : 21) । तथ्याङ्कलाई छोट्याएर संगठित गर्ने, एकीकृत गर्ने, महत्त्वपूर्ण ढाँचा तथा सिद्धान्तको खोजी गरी नयाँ जानकारीको व्याख्या गर्ने कार्य गरिन्छ,

जसलाई तथ्याङ्क विश्लेषण भनिन्छ । तथ्याङ्कको वृहत स्वरुपले गर्दा गुणात्मक तथ्याङ्कको विश्लेषण गर्न सर्वमान्य नियम वन्न सकेको छैन । यस अध्यनमा Are et al. (465-471) लाई उदृत् गर्दै गुणात्मक तथ्याङ्क विश्लेषणमा खनालले प्रस्तुत गरेका तल उल्लेखित प्रक्रियाका आधारमा तथ्याङ्ग विश्लेषण र व्याख्या गरिएको छ ।

सूचनाको स्वरुप र अनुसन्धान प्रश्नमा आधारित भई शीर्षक तथा उपशीर्षकको पहिचान गरिएको छ । त्यसपछि आफ्नो वुझाई अनुसार व्याख्या गर्दै सहभागीका भनाई समेत उदृत गरिएको छ । अनुसन्धान प्रश्न अनुसार निष्कर्ष निकालिएको छ । यसका साथै विभागको नमूना अनुसार र निर्देशकको परमर्श अनुसार सूचनाको प्रस्तुतीकरण गरिएको छ । र विभागको मान्य ढाँचा अनुसार प्रतिवेदन तयार गरी प्रस्तुतीकरण गरिएको छ । तथ्याङ्क विश्लेषणको अन्तिम चरणमा प्राप्त नयाँ सम्वन्धको विवेचना र व्याख्या गरिएको छ । यस कार्यमा अनुसन्धाकर्ताले साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यहरू वा आफूले आधारको रुपमा लिएका सिद्धान्तहरूको मद्दत लिइ निष्कर्ष निकालिएको छ । तथ्याङ्क संकलन र विश्लेषण कार्यमा आफूले प्राप्त गरेका अनुभूतिलाई पनि यस कार्यमा समावेश गरिएको थियो ।

## ३.७ नैतिक तथा मूल्यगत पक्षहरू

गुणात्मक अनुसन्धानमा तथ्याङ्कको प्रमुख स्रोत व्यक्ति नै हो । व्यक्तिसँगको प्रत्यक्ष अन्तरक्रिया तथा र कुराकानी तथा उसको व्यावहारको अवलोकन गरेर आवश्यक तथ्याङ्क संकलन गरिन्छ । यसरी व्यक्तिमाथि अध्ययन गर्दा अनुसन्धानकर्ताले केही आधारभूत नौतिक एवम् मूल्यगत पक्षहरुमा विचारहरू पुऱ्याउनु पर्दछ । यस अध्ययनमा (खनाल, २०६७ : २२९) ले American Educational Research Association लाई उदृत गर्दै प्रस्तुत गरेका गुणात्मक अनुसन्धानमा विचार पुऱ्याउनुपर्ने नौतिक तथा मूल्यगत निम्न पक्षहरुलाई ख्याल गर्दै अध्ययनकार्यलाई अघि वढाईएको थियो । सहभागीहरूलाई अध्ययनको बारेमा सम्पूर्ण जानकारी गर्नुपर्ने, कुनै कुरा ढाट्न नहुने, स्थानीय रीतिरिवाज र नियमलाई मान्नुपर्ने, अनुसन्धानको जोखिम र फाइदा वारेमा जानकारी दिनुपर्ने, सहभागीलाई वीचैमा अध्ययनवाट अलगिन चाहेमा अवसर दिनुपर्ने, व्यक्तिगत लाभ लिनेगरी कुनै तथ्याङ्क लिन नहुने, व्यक्तिको स्वास्थ्य वा मानसिक अवस्थालाई हानी नहुनेकुरा सुनिश्चित गरिनु पर्ने, व्यक्तिले चाहेमा उनीहरू सम्वन्धी जानकारीहरू गोप्य राख्नु पर्ने, अनुसन्धानवाट प्राप्त निष्कर्षलाई स्पष्ट रुपमा सवैले हेर्न र वुझ्न सक्ने गरी सार्वजनिक गर्नुपर्ने आदि । साथै यस अध्ययनमा International Journal of Qualitative Methods 3 (1) April, 2004 ले उल्लेख गरेका गुणात्मक अनुसन्धानमा नैतिक आधार सुनिश्चित गर्ने निम्न कुरामा समेत ध्यान दिइएको थियो। Kind of imformation obtained, research relation to participant, concent, harm, reciprocation। यसरी यस अध्ययनमा सूचना संकलन, विश्लेषण र प्रतिवेदन लेखनका क्रममा माथि उल्लेखित नैतिक सवालहरुको पालन गर्ने प्रयास गरिएको छ ।

## परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

कुनै पनि अनुसन्धानमा आवश्यक तथ्याङ्क तथा सूचना संकलन गरिसकेपछि ती संकलित तथ्याङ्कलाई व्यवस्थित रुपमा राखेर विश्लेषण र व्याख्या गर्नुपर्दछ (खनाल, २०६७ : १४६) । यस अध्ययनमा कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न अंसरचित अन्तर्वार्ता, कक्षा अवलोकन, लक्षित समूह छलफल, दस्तावेज अध्ययन जस्ता साधनहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनको क्रममा धनकुटा नगरपालिकामा रहेको श्री त्रिवेणी उच्च मा.वि.स्रोतकेन्द्र अन्तर्गत श्री गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि.र श्री भाषा उ.मा.वि.धनकुटावाट आवश्यक तथ्याङ्क तथा सूचनाहरू संकलन गरीएको थियो । माथि उल्लेखित साधन, अध्ययनक्षेत्र र सहभागिबाट प्राप्त तथ्याङ्कलाई गुणात्मक विधिवाट निम्न शीर्षकमा रहेर विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप

वर्तमान समयमा प्राथमिक तहदेखि माध्यामिक तहसम्म सामाजिक शिक्षा अनिवार्य विषयको रुपमा अध्यापन गराँउदै आइएको छ । यस विषयको पाठ्यक्रम विभिन्न सामाजिक विज्ञानका विषयवस्तुहरू समेटेर तयार पारिएको छ । कक्षा नौको सामाजिक शिक्षा पाठ्यक्रमको अवलोकन गर्दा तहगत उद्देश्य, विशिष्ट उद्देष्य, पाठ्यभार र अंक विभाजन र मूल्याङ्कन प्रकृया सम्वन्धी कुराहरू समावेश भएको देखिन्छ । सामाजिक शिक्षाको पाठ्यक्रमले वालवालिकाहरूलाई उनीहरूको सामाजिक र भैतिक वातावरणसँग सम्वद्ध विषयवस्तु प्रतिको ज्ञान, सीप, र अभिवृत्तिमा विकास गराई एउटा उत्पादनमुखी र सक्रिय नागरिकको रुपमा विकास गराउने विषयगत उद्देश्य राखेको छ । सामाजिक शिक्षाको पाठ्यक्रम सामाजिक समस्या केन्द्रित पाठ्यक्रम ढाँचा भएकोले यो यो मानव जिवनका व्यक्तिगत एंव सामाजिक समस्यालाई ध्यान दिएको छ । यस्तो पाठ्यक्रम संरचना सामाजिक समस्याको प्रकृतिमा भर पर्दछ । सामाजिक समस्याम केन्द्रित रहेर यस्तो पाठ्यक्रम निर्माण गर्नु पर्ने आवश्यकता हुन्छ । सामाजिक शिक्षा कक्षा नौको पाठ्यक्रम सामाजिक समस्याहरु, सामाजिक पुनरसंचना, मानवअधिकार, शान्ति, वातावरण जस्ता विषयलाई समेटेर तयार गरेको देखिन्छ । यो पाठ्यक्रमले हाम्रा सामाजिक समस्याहरु समाधानमा कति सहयोग गरेको छ र गर्ने हो यो आम वहसको विषय वन्न सक्दछ । कक्षा नौको सामाजिक शिक्षा पाठ्यक्रमका २० वटा साधारण उद्देश्य र २९ वटा विशिष्ट उद्देश्यहरू रहेका छन् (जसलाई क्रमशः अनुसूची ६ र ७ मा प्रस्तुत गरीएकोछ) । उक्त पाठ्यक्रममा समावेश एकाई शीर्षक, शिक्षणविधि, सामाग्री र विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप

तालिका नं ४.१

| क्र.स. | पढाइ हुने विषयवस्तु | शिक्षक निर्देशिका विधि | सामाग्रीहरू | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| १. | हामी, हाम्रो समुदाय र राष्ट्र | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, अनुभव लेखन | नेपालको भौगोलिक नक्सा, नेपालमा सञ्चालित योजनाको चार्ट । | विकास क्षेत्रको तुलनात्मक अध्ययन, सञ्चालीत योजना/लामो तथा छोटो उत्तर आउने प्रश्नहरू : ज्ञानवोध १ प्रयोगात्मक १ समालोचनात्मक १ |
| २. | हाम्रा विकासका पूर्वाधारहरू | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, अनुभव लेखन, नोट टिपोट | विकासका पूर्वाधारहरू लेखिएको पोष्टर/चित्रहरू । | ज्ञानवोध सम्वन्धी १ प्रयोगात्मक सम्वन्धी १ |
| ३. | हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताहरू | व्याख्यान, छलफल, प्रश्नोत्तर | राष्ट्रिय तथा अन्तराष्ट्रिय विभूतिहरूको चित्रहरु, विभिन्न कला सम्वन्धि साधनहरु । | समालोचनात्मक चिन्तन तथा सिर्जनात्मक सिप १, अभिवृत्ति तथा मूल्य १ |
| ४. | सामाजिक समस्या र समाधान | व्याख्यान, छलफल, प्रदर्शन, क्षेत्र भ्रमण, अनुभव लेखन | सामाजिक समस्या तथा समाधानका उपाय बारेमा उल्लेखित पोष्टर, पम्प्लेट आदि । | ज्ञानवोध १, समालोचनात्मक १, अभिवृत्ति १ |
| ५. | नागरिक चेतना | व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन, क्षेत्र भ्रमण, | संविधानमा उल्लेखित मौलिक हक, सुशासन सम्वन्धी लेखहरू | ज्ञानवोध १, प्रयोगात्मक १, अभिवृत्ति १ |

| | | | | |
|---|---|---|---|---|
| ६. | हाम्रो पृथ्वी | व्याख्यान, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, | ग्लोव, विश्वको नक्सा, नेपालको नक्सा | ज्ञानवोध १, प्रयोगात्मक १, सिर्जनात्मक १ |
| ७. | हाम्रो विगत | व्याख्यान, छलफल, प्रश्नोत्तर, | ऐतिहासिक घटनाको विवरण | ज्ञानवोध १, प्रयोगात्मक १, मूल्य/अभिवृत्ति १ |
| ८. | आर्थिक क्रियाकलाप | प्रदर्शनी | उद्योगधन्दा सञ्चालित चित्रहरू, पोष्टरहरू | ज्ञानवोध १, सिर्जनात्मक १, |
| ९ | अन्तराष्ट्रिय सम्वन्ध शान्ति र सहयोग | अनुभव लेखन तथा प्रतिवेदन | सार्क राष्ट्रहरुको नक्सा, विश्व परिवेश सँगको सम्वन्धमा उल्लेखित पोष्टरहरू | ज्ञानवोध १, सिर्जनात्मक १, |

स्रोत : माध्यामिक तह सामाजिक शिक्षा शिक्षण निर्देशिका र माध्यामिक शिक्षा पाठ्यक्रम भाग १

नोटः- तालिकाको अन्तिममा दिएको अंकले सम्वन्धित विषयवस्तुवाट अन्तिम परीक्षामा सोधिने प्रश्नको संख्यालाई जनाउँछ ।

माथि उल्लेखित सामाजिक शिक्षा विषयका विषयवस्तुलाई कक्षा नौ मा वार्षिक १५० घण्टी पठनपाठन गराउनु पर्ने कुरा उल्लेख गरिएको छ । यस कक्षाका लागि ४५ मिनेटको १ घण्टी हुने, वार्षिक २२० दिन विद्यालय खुल्ने, पाठ्यक्रमको पठनपाठनको लागि वार्षिक ९५२ घण्टा र मूल्याङ्कनका लागि १०४ घण्टा गरी जम्मा १०५७ घण्टा वार्षिक पाठ्भार निर्धारण गरिएको छ । साथै उक्त पाठ्यक्रममा विद्यार्थी उपलव्धी मूल्याङ्कनको लागि निरन्तर/निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्वन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

### ४.२ सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको अवस्था

सामाजिक शिक्षाको पाठ्यक्रम अरु विषयको पाठ्यक्रम जस्तै आफ्ना उद्देश्य पुरागर्न विद्यालयमा कार्यान्वयन गरिन्छ । यो कार्यान्वयनको अवस्था विद्यालयको आफ्नो स्थानीय परिवेश, स्रोत साधनको उपलव्धता, कार्यान्वयनमा समलंग्न जनशक्तिको दक्षता, क्षमता र अनुभवका आधारमा फरक फरक हुन सक्दछ । यस अध्ययनमा कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न अंसरचित अन्तर्वार्ता, कक्षा अवलोकन, लक्षित समूह छलफल, दस्तावेज अध्ययन जस्ता साधनहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो । यसक्रममा धनकुटा नगरपालिकामा रहेको श्री त्रिवेणी उच्च

मा.वि.स्रोतकेन्द्र अन्तगर्तका श्री गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि.र श्री भाषा उ.मा.वि.धनकुटाबाट आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई संकलन गरिएका प्रत्यक्ष तथ्याङ्कहरुलाई अध्ययनको क्रममा आधारको रूपमा लिएका सिद्धान्तहरू, अवधारणात्मक संरचना, अनुसन्धान प्रश्न र अनुसन्धानका उद्देश्यमा आधारित भएर निम्न उपशीर्षकमा रहेर विश्लेषण, प्रस्तुतीकरण र व्याख्या गरिएको छ ।

### ४.२.१ पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको व्यवस्था

कुनै पनि कार्य प्रभावकारी तरिकाले सम्पन्न गर्न उच्चस्तरीय ज्ञान, सीप, योग्यता, दक्षता र अनुभवको आवस्यकता पर्दछ । यस अध्ययनको लागि छनौटमा परेका विद्यालयहरुमा अध्ययन गर्दा तालिमप्राप्त र अनुभवी शिक्षकहरू अध्ययन कार्यमा सक्रिय रहेको अवस्था रहेछ । गोकुण्डेश्वर वालमन्दिर उच्च मा.वि.मा प्र.अ.को रूपमा कार्यरत श्री शिवप्रसाद पोखरेलले विज्ञान विषयमा वि.एस्सी.गरी, शिक्षाशास्त्रमा एकवर्षे वि..एड.गरी, शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नाकोत्तर गर्दै रहनुभएको पाइयो । यस विद्यालयमा विगत २२ वर्ष देखि अध्यापन गराईरहेकी शिक्षिका श्री प्रभा श्रेष्ठले सामाजिक शिक्षा विषय अध्यापन गराइरहेको अवस्था रहेछ । त्यस्तै भाषा उ.मा.वि.कागतेमा अग्रंजी र भूगोल विषयमा वि.एड.गरी शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नात्तकोत्तर गरी धनकुटा वहुमुखी क्याम्पसमा समेत अध्यापनरत श्री चेतनाथ वाग्ले प्र.अ.को रूपमा कार्यरत रहेको पाइयो । यस विद्यालयमा विगत २७ वर्षदेखि निरन्तर अध्यापन गराईरहनु भएका शिक्षक श्री राजमणि घिमिरेले सामाजिक शिक्षा विषय अध्यापन गराईरहेको अवस्था रहेछ । माथि उल्लेखित दुवै विद्यालयका प्र.अ.तथा विषय शिक्षकहरु तालिम प्राप्त र लामो समय देखि अध्यापनमा संलग्न रहेको पाइयो । उनीहरू उच्चस्तरीय ज्ञान, सीप, योग्यता, दक्षता र अनुभवले भरिएका र विद्यार्थीको उमेर, रुचि, क्षमतालाई आधार मानी शिक्षण कार्यमा सक्रिय रहेको अवस्था रहेछ । यस अध्ययनमा छनौटमा परेको सामाजिक शिक्षाको पाठ्यक्रम भित्र विभिन्न प्रकृतिका विषयवस्तुहरू हुन्छन् । शिक्षकलाई ती सम्पूर्ण विषयवस्तुप्रति जानकारी राख्नुपर्ने हुन्छ, यसका लागि शिक्षकको योग्ता, दक्षता, तालिम र अनुभवले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । छनौटमा परेका विद्यालयहरू श्री गोकुण्डेश्वर वालमन्दिर उच्च माध्यामिक विद्यालयमा विगत २२ वर्षदेखि अध्यापन गराउदै आउनु भएकी शिक्षिका श्री प्रभा श्रेष्ठले इतिहास र राजनीतिशास्त्र विषयमा वि.एड. गर्नु भएको रहेछ, भने श्री भाषा उ.मा.वि.मा विगत २७ वर्षदेखि अध्यापनरत शिक्षक श्री राजमणि घिमिरेले अर्थशास्त्र र इतिहास विषयमा वि.ए.गर्नु भएको पाइयो । यसरी हेर्दा यस विद्यालयमा योग्य, तालिमप्राप्त र लामो समयसम्म अध्यापन गराइरहेको अवस्था रहेछ । देशका कतिपय विद्यालयहरुमा कम योग्यता भएका, तालिम अप्राप्त र कम अनुभवी शिक्षकहरु मार्फत पठनपाठन प्रभावकारी नभईरहेको जनगुनासाहरू सुनिरहेको वर्तमान सन्दर्भमा यस अध्ययनका लागि छनौटमा परेका विद्यालयहरुमा तालिमप्राप्त, अनुभवी, दक्ष र उच्च योग्यता भएका शिक्षकहरुको व्यवस्था हुनु

एउटा खुसीको कुरा हो । ती विद्यालयहरूमा यस्ता तालिम प्राप्त, अनुभवी, दक्ष र उच्च योग्यता भएका शिक्षकहरूको व्यवस्था हुनुले कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा हुन सक्ने अनुमान गर्न सकिन्छ ।

### ४.२.२ सामाजिक शिक्षाप्रतिको शिक्षकको बुझाई

सामाजिक शिक्षा अध्यापन गराउने शिक्षकहरूले सामाजिक शिक्षा विषयलाई आ -आफ्नै अर्थमा बुझ्ने गरेको अवस्था रहेछ । यस अध्ययनको क्रममा आधारको रुपमा लिइएको फेनोमेनोलोजिकल सिद्धान्त अनुसार सामाजिक शिक्षा अध्यापन गराउने शिक्षकहरुको आफ्नो वुझाई, अनुभव र भोगाईका अधारमा हेर्दा गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि का शिक्षिका श्री प्रभा श्रेष्ठको बुझाईमा “यो एउटा सजिलो तर धेरै नै भास्ट विषय हो । यो विषय अध्यापन गराउने शिक्षकहरूले र अध्ययन गर्ने विद्यार्थीहरुले धेरै कुराहरू थाहा पाएर पनि अध्ययन अध्यापनमा कठिन हुने विषय हो । धेरै नै अध्ययनशील र जागरिलो शिक्षकलाई मात्र यो विषय अध्यापन गराउन सजिलो हुन्छ ।” त्यस्तै श्री भाषा उ.मा.वि.कागतेमा अध्यापन गराउने शिक्षक श्री राजमणि घिमिरेको विचारमा “सामाजिक शिक्षा एउटा धेरै कुरा मिक्स भएको विषय हो । यो विषयमा भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र जस्ता विषयहरुका विषयवस्तुहरु मिक्स भएका हुन्छन् । शिक्षकले यो विषय अध्यापन गराउन धेरै कुरामा पारङगत हुनुपर्छ तर सवै विषमा पारङगत हुनसकिदैन ।” यसरी उनीहरुको बुझाई र भोगाइबाट अर्थ निकाल्दा यो विषय धेरै विषयवस्तुहरू मिक्स भएको एकिकृत र सामाजिक समस्या केन्द्रीत विषय रहेछ । भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र जस्ता विषयहरूका विषयवस्तुहरू मिक्स भएको विषयको अध्यापनको लागि शिक्षक कुनै एक विषमा जानकार भएरमात्र नहुने रहेछ । वास्तवमै कुनै एउटा वा दुईवटा विषयमा वि.एड.गरेको शिक्षकलाई यो विषय अध्यापन गराउन समस्या हुने रहेछ । यसमा समावेश हुने सवैखाले विषयवस्तुहरूमा पारङ्गत हुन शिक्षकलाई समस्या रहेछ । यसबाट के देखिन्छ भने सामाजिक शिक्षाको पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरूलाई विषयगत अभिमुखीकरणको आवश्यकता देखिन्छ ।

### ४.२.३ सामाजिक शिक्षा शिक्षणमा योजनाको अभ्यास

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त योजनाको आवश्यकता पर्दछ । विद्यालयमा गरिने सम्पूर्ण योजना कार्यन्वयनको क्षेत्र भित्र पर्दछन् । शैक्षिक योजना नै शैक्षिक कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक पर्ने एक खाका हो । योजनाले नै शिक्षणलाई सही मार्गदर्शन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

यस अध्ययनको क्रममा प्रत्यक्ष स्थलगत भ्रमण तथा कक्षा अवलोकन र प्र.अ. तथा शिक्षकसँगको अन्तर्वार्ताबाट प्राप्त सूचनाका आधारमा ती विद्यालयहरूले शिक्षण योजनाहरूको अभ्यास गर्ने गरेको अवस्था

रहेछ । दैनिक समय तालिका तथा अन्य योजना विद्यालयले आफ्नो सुविधा अनुसार बनाउने रहेछन् । त्यस्तै छनौटमा परेका विद्यालयहरुमा हाल वार्षिक कार्ययोजनाको सट्टामा छ महिनाको लागि TIP बनाउने गरेको अवस्था रहेछ । उक्त TIP अनुसार दैनिक समय तालिका बनाएर अध्ययन अध्यापन गराउने गरेको अवस्था रहेछ । तर ती विद्यालयहरूमा दैनिक पाठयोजना नबनाइकन दैनिक शिक्षण नोट वनाएर र पूर्व तयारी गरेर पढाउने गरेको अवस्था रहेछ । डायरीमा बनाउने गरीएका उक्त शिक्षण नोटमा पाठशीर्षक, उद्देश्य र छोटकरीमा क्रियाकलापका वुँद्धाहरूमात्र उल्लेख गरिएको पाईयो र त्यसैका आधारमा शिक्षण गर्ने गरेको अवस्था रहेछ । सामान्यतया दैनिक पाठ्योजनालाई शिक्षणको पूर्वसर्तको रुपमा लिने गरिन्छ । सो लिखित हुनुपर्छ भन्ने मान्यता पनि छ । शिक्षक तालिममा पनि पाठ्ययोजनाको अभ्यास गराइन्छ । कतिपय विद्यालयहरूमा विस्तृत योजनाको अभ्यास भएका होलान् । कही छैन होला तर यस विद्यालयमा योजनाको रुपमा डायरीको प्रयोग भएको पाइन्छ । यसलाई पनि संक्षिप्त योजना गर्ने राम्रो तरीकाको रुपमा लिन सकिन्छ । योजना नै नहुनु भन्दा डायरीमा भए पनि छोटकरीमा योजनना गर्नु अवश्य नै प्रशंसनीय कार्य हुन सक्दछ ।

### ४.२.४ पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तकको उपलव्धता र प्रयोग

पाठ्यक्रम कार्यान्वियन गर्ने प्रमुख माध्यम नै शिक्षक निर्देशिका र पाठ्यपुस्तकहरू देखिन्छन् । हाम्रो देशमा भौगोलिक विकटताले गर्दा समयमा पाठय्पुस्तक उपलव्ध नहुँदा पनि समस्या हुने गरेको कुरा आमसञ्चार माध्यमबाट वेलावखत जानकारी हुने गरेको कुरा हो । पाठ्यपुस्तको अभाव भए पनि पाठ्यक्रमको आधारमा शिक्षण गर्ने शिक्षकहरूको बानी नहुँदा अध्यापनमा समस्या हुने गरेको पनि आमसञ्चारका माध्यामबाट समय समयमा नसुनिएको होइन । यस्तो परिप्रेक्ष्यमा यस अध्ययनका लागि प्र.अ.तथा शिक्षकहरू सँगको प्रत्यक्ष अन्तर्वार्ताको आधारमा छनौटमा परेका विद्यालयहरूमा पाठ्यक्रम, पाठ्पुस्तक, शिक्षक निर्देशिकाको उपलव्धताको अवस्था बुझ्दा, ती समामाग्रीहरु स्थानीय वजारवाट किन्नुपर्ने अवस्था रहेछ । ती सामाग्रीहरु सरकारी निकायवाट नदिने रहेछ । सरकारी पक्षले माध्यामिक तहको शिक्षा निशुल्क गरेता पनि गतवर्ष सम्म पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलव्ध गराउने अवस्था कमजोर रहेको कुरा सहभागीहरूबाट थाहा पाइयो । तर यसवर्ष भने नयाँ पाठ्यक्रम र शिक्षक निर्देशिका उपलव्ध नभए पनि पाठ्यपुस्तक भने समयमै उपलव्ध भएको अवस्था रहेछ ।

छनौटमा परेका विद्यालयहरूमा सामाजिक शिक्षा अध्यापन गराउने शिक्षकहरूले अघिल्ला वर्षहरूमा शिक्षक निर्देशिकाको निर्देशन अनुसार शिक्षण गर्ने गरेको अवस्था रहेछ । तर पछिल्ला वर्षहरुमा भने पाठ्यक्रम र शिक्षक निर्देशिका दुवै नयाँ कोर्स अनुसार नभएको र बजारमा पनि नभएकोले यी दुवैको प्रयोग नभएको अवस्था रहेछ । शिक्षकहरूको भनाईमा पाठ्यपुस्तकका आधारमा मात्र शिक्षण गर्ने गरेको अवस्था रहेछ । पाठ्यक्रम भए पनि शिक्षकहरूको ज्ञानको कमिले हो या निरीक्षण र अनुगमनको अभावले पाठ्यक्रम

हेर्ने हाम्रो चलन नै छैन भन्ने उनीहरुको भनाई थियो । आमसञ्चारका माध्यममा आए जस्तै पाठ्यपुस्तक विना पाठ्यक्रमको आधारमा शिक्षण गर्ने शिक्षकको शिक्षण संस्कृति रहेनछ । शिक्षकहरुले पठनपाठनको क्रममा पाठ्यक्रम नहेरे पनि वार्षिक परीक्षाको समयमा विद्यार्थी मूल्याङ्कन गर्दा पाठ्यक्रमको प्रयोग गर्ने गरेको अवस्था रहेछ । यसरी हेर्दा के देखियो भने सामान्यतया शिक्षकहरू शिक्षणको लागि पाठ्पुस्तकमा भर परेको देखिन्थ्यो । पाठ्यपुस्तक वास्तवमा एउटा शैक्षिक सामग्री मात्र हो । शिक्षणको सम्पूण साधन भने होइन । मूलरुपमा सिकाई पाठ्यक्रमबाट निर्देशित हुनुपर्नेमा, पाठ्यपुस्तकबाट निर्देशित हुनु उपयुक्त होइन होला । शिक्षकहरूको पाठ्यपुस्तकमा मात्र भर पर्ने प्रवृत्तिमा परिवर्तन गर्न सरोकारवाला निकायहरूले केही प्रयास गर्नु पर्ने देखिन्छ ।

सामाजिक शिक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले शिक्षकको लागि सो विषयवस्तु के कसरी अध्ययन अध्यापन गराउने ? कसरी मूल्याङ्कन गराउने ? जस्ता विभिन्न विषयमा शिक्षक निर्देशिकामा शिक्षकलाई निर्देशन सहित बताइएको हुन्छ । जसअनुसार शिक्षण क्रियकलाप गर्न गराउन आवश्यक हुन्छ । सम्वन्धित निकायको लापरवाही वा अन्य कुनै कारणले हो वजारमा शिक्षक निर्देशिका नहुँदा शिक्षकलाई पठन पाठनमा समस्या परेको अवस्था रहेछ । शिक्षक निर्देशिका उपलव्ध नहुदा प्रयोगको अवस्था भने शून्य रहेछ । छनौटमा परेका विद्यालयहरूमा सामाजिक शिक्षालाई अध्यापन गराउने शिक्षकले शिक्षक निर्देशिका प्रयोग गरेको नगरेको थाहा पाउन अनुसन्धानकर्ता स्वयम् स्थलगत अध्ययन, कक्षा अवलोकन, लक्षित समूह छलफल, अन्तरवार्ताबाट यस्तो अवस्था रहेको भेटियो । पाठ्यक्रम र शिक्षक निर्देशिका जस्ता सामग्रीहरू राज्यले दिदैन, प्रयोग गर भन्छ, विद्यालयले पनि खरीद गर्दैन, शिक्षकहरूले आफै खरीद गर्ने कुरा भएन । यस्तो विराधाभास अवस्थामा पाठ्यक्रम र शिक्षक निर्देशिका कसरी प्रयोगमा ल्याउने ? यो उपलव्ध गराउने दायित्व कसको हो ? भन्ने जस्ता प्रश्नहरू उठान गर्न सकिन्छ ।

### ४.२.५ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

शिक्षण सिकाइ क्रियाकलापलाई रोचक र प्रभावकारी बनाउन तथा बालबालिकाहरुमा विभिन्न ज्ञान, सीप तथा धारणाका विकास गर्न शिक्षणमा शैक्षणिक सामग्रीको महत्त्वपूर्ण भूमिका हुन्छ । सिकाईलाई व्यावहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ ( आचार्य, २००४ : २३) । शिक्षण विषय, पाठको प्रकृति, स्वरुप र आवश्यकता अनुसार शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग गरेको खण्डमा शिक्षणकार्य प्रभावपूर्ण हुन्छ ।

सामाजिक शिक्षामा सामाजिक विज्ञानका विभिन्न विषयहरूबाट विविध प्रकृतिका विषयवस्तुहरू समावेश गरी पाठ्यक्रम तयार गरिएको हुन्छ । खासगरी यसमा प्रयोग गरिने सामग्रीहरूमा विभिन्न देशका नक्साहरू, ग्लोव, एटलस, पोष्टर, चित्रहरू, चार्टहरु आदि मुख्य हुन् । यस अध्ययनको क्रममा छनौटमा परेका

विद्यालयहरुमा अवलोकन र शिक्षकसँगको अन्तर्वार्तापछि कतिपय सामाग्रीहरु शिक्षक आफैले तयार गर्ने, केही विद्यालयले उपलव्ध गराईदिने, कतिपय विद्यार्थीहरूले पनि तयार गर्ने, प्र.अ.ले सामग्री जुटाउन तथा निमार्णमा सहयोग गर्ने गरेको अवस्था रहेछ । समग्र रुपमा यो अनुसन्धान कर्ताको वुझाई, अनौपचारिक जानकारीका आधारमा अन्य विद्यालयमा सामग्रीको प्रयोगको अवस्थाको आधारमा भन्नुपर्दा, छनौटमा परेका विद्यालयमा शैक्षिक सामाग्री प्रयोगको अवस्था पनि सन्तोष जनक नै रहेको थियो ।

सामाजिक शिक्षा शिक्षणमा समाजमा उपलव्ध विविध सामग्रीहरू प्रयोग गर्न सकिन्छ । श्री भाषा उच्च मा. वि. मा सामाजिक शिक्षा विषय अध्यापन गराउदा, कक्षा अवलोकनको समयमा विषय शिक्षक श्री राजमणी घिमिरेले हामी, हाम्रो समुदाय र राष्ट्र सम्वन्धमा अध्ययन गराउदा कुनै पनि शैक्षिक सामाग्रीको प्रयोग नगरेको पाइयो । यो अनुसन्धान कर्तासँगको अन्तर्वार्तामा शिक्षकले यो पाठको लागि सामाग्रीको आवश्यकता नपरेको र आवश्यकता पर्ने पाठमा आफूले सामग्रीहरू प्रयोग गर्ने गरेको बताउनु भयो । त्यस्तै श्री गोकुण्डेश्वर उ.मा.वि.की शिक्षिका श्री प्रभा श्रेष्ठले हाम्रा विकासका पूर्वाधार शर्षिक पाठ पढाउदा विकासका पूर्वाधारहरू लेखिएको चार्ट प्रयोग गर्नुभएको थियो । जसबाट उहाँको कक्षा निकै आकर्षक प्रभावकारी र रोचक देखिन्थ्यो । यस अध्ययनमा आधारको रूपमा लिएको उत्तरआधुनिकवादी दर्शनका आधारमा हेर्दा शिक्षण सामग्रीहरूको प्रयोग स्थानीय परिवेश, उपलव्धता र आवश्यकताको आधारमा गरिनु पर्दछ । कक्षा अवलोकन गर्दाको समायमा कक्षा शिक्षणमा शिक्षकहरुले त्यसो नगरेको भए पनि उनीहरूसँगको कुराकानी तथा अन्तर्वार्ताको आधार लिँदा पाठको प्रकृति र स्वरुप अनुसार स्थानीय परिवेश, उपलव्धता र आवश्यकताको आधारमा सामग्रीहरुको प्रयोग गरी शिक्षण गर्ने गरेको उनीहरूको भनाई थियो । यसरी उनीहरूलाई सामग्रीहरू प्रयोग र निमार्णको सिद्धान्त, उपलव्धता गर्ने उपायाहरु र प्रयोग गर्ने तरिकाहरु पनि जानकारी भएको तर प्रयाप्त प्रयोग, संकलन, प्रयाप्त मात्रामा जुटाउने काम भएको देखिएन । यस तथ्यबाट अर्थ निकाल्ने हो भने शिक्षकहरु सामग्रीको सिद्धान्त बुझ्छन् तर व्यावहारिक पक्षचाही अली कमजोर रहेछ भन्न सकिन्छ । उनीहरुभित्र केहीसमस्याहरु हुनसक्दछन्, अनुगमन र निरीक्षणको पाटो कमजोर रहेको छ । विद्यालयहरुमा वास्तवमै राम्रो शैक्षिक वातावरण नभएको हुनसक्दछ । यस्तो अवस्थामा सम्वन्धित सरोकारवालाहरु सबैको समयमै ध्यान जानु आवश्यक देखिन्छ ।

### ४.२.६ शिक्षण विधिहरुको प्रयोगको अवस्था

विषयवस्तुले निर्दिष्ट गरेका उद्देश्य प्राप्त गर्न तथा विद्यार्थीलाई कुन माध्यमद्वारा ज्ञान, सीप, धारणाको हस्तान्तरण गर्ने भन्ने माध्यम नै शिक्षण विधि हो (रेग्मी, २०६७ : २९) । शिक्षण गरिने पाठको प्रकृति र स्वरुप अनुसार शिक्षण विधिहरू छनौट गरी प्रयोग गरेको खण्डमा शिक्षण सिकाई प्रभावकारी हुन्छ । यस अध्ययनमा प्रत्यक्ष कक्षा अवलोकन र अन्तर्वार्ताको आधारमा शिक्षकले सामाजिक शिक्षा विषयको अध्यापनमा व्याख्यान, छलफल, क्षेत्र भ्रमण, प्रश्नोत्तर, प्रदर्शनी, प्रयोगात्मक, रिपोर्ट लेखन जस्ता शिक्षण

विधिहरूको प्रयोग गरी अध्यापन गर्ने गरेको अवस्था रहेछ । समय मिलाएर कहिले काही अवलोकन भ्रमणमा पनि लाने गरेको तर विद्यार्थी संख्या वढी भएकोले यो विधि कठिन हुने गरेको शिक्षकहरूको भनाई थियो । समय, खर्च, स्रोत साधन कम लाग्ने भएर तथा प्रयोगमा सजिलो भएर अथवा शिक्षकहरू बानी परिसकेको हुनाले होला व्याख्यान, प्रर्दशन र प्रश्नोत्तर जस्ता विधिहरूको बढी प्रयोग हुनेगरेको पाइयो । त्यसबाहेक छलफल, प्रयोगात्मक, क्षेत्र भ्रमण जस्ता विधिहरुको कमैमात्र प्रयोग गर्ने गरेको अवस्था रहेछ । त्यस्तै अध्ययनभ्रमण पश्चात प्रतिवेदन लेखनमा विद्यार्थीहरूलाई सक्रिय राख्ने गरेको अवस्था रहेछ ।

समग्रमा शिक्षण विधिको सम्वन्धमा छनौटमा परेका विद्यालयहरूमा भौतिक स्रोत साधनको वढी जोड दिने, कक्षा शिक्षण भन्दा वाहिरका क्रियाकलापहरूलाई कम महत्त्वपूर्ण ठान्ने देखिन्छ । माथि उल्लेखित कुराहरूको विश्लेषणगर्दा पाठ्यक्रमको वास्तविक मर्मअनुसार यसको कार्यान्वयन नभएको देखिन्छ ।

### ४.२.७ पठन पाठन क्रियाकलाप र गृहकार्यको प्रयोगको अवस्था

श्री भाषा उ.मा.वि का शिक्षक श्री राजमणि घिमिरको अनुभव र विचारमा कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरू वर्षभरिमा पढाएर सकिँदैन । गतवर्ष बन्द हडताल कम भएकोले सबै कक्षाका विषयवस्तुहरू अध्यापन गराएर समयमै सकिएका थिए । त्यसभन्दा अघिल्ला वर्षहरूमा बन्द, हडताल, आन्दोलन धैरै नै हुने गरेकोले कोर्स सकिँदैनथ्यो । सामाजिक शिक्षा पाठ्यपुस्तकमा दिएका विषयवस्तुहरु धेरै छन् तीमध्ये पनि धेरैजसो समुदायमा गएर गर्नुपर्ने क्रियाकलापहरू रहेका छन् । ती सबै क्रियाकलाप गराउने हो भने यो कोर्स सक्न दुई वर्ष लाग्छ । त्यसैले पाठ्यक्रममा दिएका सबै क्रियाकलापहरू गर्न गराउन कठिन छ, धेरैजसो र मुख्य मुख्य क्रियाकलापहरू गराउने गरेका छौ भन्ने भनाई उनको रहेको थियो । गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि.धनकुटाकी शिक्षिका श्री प्रभा श्रेष्ठको भनाईमा अत्तिरिक्त समय दिएर पनि कोर्स सक्ने गरेको तर पाठ्यपुस्तकमा दिएका सवै क्रियाकलापहरु गर्न गराउन भने सम्भव छैन । समुदायमा गएर गर्नुपर्ने क्रियाकलापहरू मध्ये केही केही असान्दर्भिक छन् । जस्तै झुमाप्रथा, वादीप्रथा, कमैया प्रथा, राउटे समुदाय आदिको वारेमा शिक्षण गर्दा समुदायमा गएर सामुदायिक कार्यहरु गर्न असम्भव छ । यसवाट अर्थ निकाल्ने हो भने ती प्रथाहरूको बारेमा शिक्षण गर्दा आफ्नो स्थानीय समुदायका प्रथाहरुमा केद्रिन्त गराउन सकिन्छ । जहाँ उत्तरआधुनीक दर्शनको विश्वव्यपी रुपमा सोच र स्थानीय रूपमा कार्य गर भन्ने मान्यताको लागू गराउन सकिन्छ तर सम्वन्धित शिक्षकहरूले यो कार्य गरेको पाइँदैन । त्यस्तै पाठ्यपुस्तकमा विषयवस्तुभन्दा समुदायमा गएर गर्नु पर्ने क्रियाकलापहरु बढी दिएकाले पठनपाठनमा समस्या हुनेगरेको उनको अनुभव रहेको छ । यस अध्ययनमा आधारको रुपमा लिएको सामाजिक पुर्ननिर्माणवादका आधारमा हेर्दा शिक्षण गर्नुको प्रमुख उद्देश्य विद्यार्थी स्वयम्लाई उत्प्रेरित गरी उनीहरूलाई नै पुर्नसंरचना गर्नु हो । जसवाट उनीहरूले समाजको पुर्ननिर्माण गर्न सकुन् । विद्यार्थीहरुलाई सामाजिक समस्याहरुसँग सामना गर्न, विश्लेषण गर्न, बुझ्न सक्ने वनाई त्यस्तो समाजको दृष्टिविकास गरी

आफै समाजको पुर्ननिर्माण गर्न सकुन् (भट्ट, २०६७ : १३३) । यस अर्थमा हेर्दा विद्यार्थीहरूले स्थानीय समाजका समस्याहरू केही हदसम्म भएपनि बुझ्ने र सामना गर्ने गरेको अवस्था रहेछ । तर आमरुपमा सामाजिक समस्याहरुको वुझाई र समस्या समाधानको अभ्यास नभएको देखिन्छ । त्यस्तै फेनोमेनोलोजीकल दृष्टिकोणवाट हेर्दा शिक्षक, विद्यार्थी र प्र.अ.को अनुभव र भोगाईवाट अर्थ निकाल्ने हो भने आमरूपमा सामाजिक समस्याहरूको बुझाई र समस्या समाधानमा भने कठिनाइ हुने माथिका सरोकारवालाहरूको अनुभव, भोगाई र बुझाई रहेछ ।

श्री भाषा उ.मा.वि.कागते धनकुटाका सामाजिक शिक्षा अध्यापन गराउने शिक्षक श्री राजमणि घिमिरेको विचारमा विद्यार्थीलाई गृहकार्य दैनिक रुपमा नदिई कहिलेकाहीँ मात्र दिने गरेको अवस्था रहेछ । शिक्षकले दिएको गृहकार्य विद्यार्थीहरूले बनाउने गरेका तर धेरै विद्यार्थी भएकोले गृहकार्य जाँच गर्न समयको अभाव हुने गरेको अवस्था रहेछ । उनको भनाईमा गृहकार्य विद्यार्थीहरूलाईभन्दा पनि अभिभावकहरूको लागि दिनुपर्ने अवस्था रहेछ । त्यस्तै श्री गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि.की शिक्षिका श्री प्रभा श्रेष्ठको भने यसबारेका भनाई तथा कार्य अलि फरक रहेको पाइयो । उनले गृहकार्य भन्दा पनि कक्षा कार्य वढी गराउने किनकी विद्यार्थी सख्या धेरै ७० देखी ७५ भएकोले गृहकार्यभन्दा कक्षा कार्यगराउने गरेको अवस्था रहेछ । उनको पनि समस्या विद्यार्थीहरुले गृहकार्य वनाउने गरेका तर संख्या धेरै भएर परीक्षणमा समस्या हुने गरेको रहेछ । यसवाट अर्थ निकाल्दा विद्यार्थीहरूलाई व्यस्त राख्न, अनिवार्य रुपमा त्यसमा पनि अभिभावकहरुको लागि गृहकार्य दिनुपर्ने देखिन्छ र शिक्षकहरू पनि त्यही परम्परामा बानी भएको देखिन्छ । तर गृहकार्य विद्यार्थीले सिकेका कुराहरुलाई दिगो बनाउन थप अभ्यासको लागि दिइन्छ । यो सधै अनिवार्य नहुन पनि सक्दछ । गृहकार्यलाई यसको वास्तविक मर्म र आवश्यकताका आधारमा लागू गर्न तालिम र अभिमुखीकरण दिनुपर्ने आवश्यकता देखिन्छ ।

### ४.२.८ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमका विभिन्न तत्वहरूमध्ये मूल्याङ्कन अन्तिम तथा महत्त्वपुर्ण तत्व हो । शिक्षण सिकाई पश्चात वा पाठ्यक्रमको कार्यान्वयन पश्चात विद्यार्थीमा पाठ्यक्रमले राखेका उद्देश्य प्राप्त भएकी भएनभएको भनेर लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । अध्ययन गरेको पाठबाट विद्याथीले के कति ज्ञान लिन सके के कति बुभ्न सके भन्ने कुरा थाहापाउन कक्षा कोठामा दैनिक रुपमा निर्माणात्मक मूल्याङ्कन र शैक्षिक सत्रको अन्त्यमा निर्णयात्मक मूल्याङ्कन गर्नु आवश्यक हुन्छ (खनाल, २०६४: २०४) । अध्ययनको क्रममा शिक्षकले कक्षा कोठामा पाठको समाप्तिमा पाठको सारांश बताउनु पर्दछ । त्यस्तै शिक्षणका उद्देश्यहरु कति प्राप्त भए वा भएनन् भनेरर लिखित वा मौखिक रुपमा मूल्याङ्कन गर्नु पर्दछ । त्यस पछि उक्त सिकाई उपलव्धिलाई स्थायी रुपले सम्झनको लागि, अध्ययनमा व्यस्त राख्नको लागि गृहकार्य दिनुपर्दछ । पाठ्यक्रमका निर्दिष्ट उद्देश्य पूरा भएकी भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रकृया नै मूल्याङ्कन हो । विद्यालय तहमा विद्यार्थीको

उपलब्धिको मूल्याङ्कन गर्नको लागि निरन्तर निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई आवश्यकता अनुसार अवलम्वन गरिनु पर्ने हुन्छ ।

माथि उल्लेखित आधारमा रहेर छनौटमा परेका विद्यालयहरुमा मूल्याङ्कनको अवस्था हेर्दा शिक्षकले गृहकार्य दिने गरेको, गरेको नगरेको हेर्ने, पाठको अन्त्यमा प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने गरेको अवस्था रहेछ । अघिल्ला वर्षहरुमा प्रथम द्वितीय त्रैमासिक तथा वार्षिक परीक्षबाट मूल्याङ्कन गर्ने गरेको अवस्था रहेछ । यस शैक्षिक सत्रदेखि मूल्याङ्कनका सन्दर्भमा छनौमा परेको विद्यालयमा मूल्याङ्कनका लागि विद्यार्थीलाई अर्धवार्षिक र वार्षिक परीक्षा गराउनु भन्ने स्रोत केन्द्रको निर्देशन रहेछ । पाठ्यक्रममा निरन्तर मूल्याङ्कन क्रमशः लागू गर्दै लाने भनिए पनि यसको प्रयोग नगरेको पाइयो । यस बाहेक अतिरिक्त क्रियालाप, घटनावृत अभिलेख, अवलोकन जस्ता परीक्षणबाहेकका साधनहरुबाट मूल्याङ्कन नगर्ने गरेको अवस्था रहेछ उल्लेखीत कुराहरु स्रोत व्यक्ति, प्र.अ.तथा शिक्षकहरुसँगको अन्तर्वार्ता तथा कुराकानीवाट प्राप्त भएका थिए । वर्ष भरिमा अर्धवार्षिक परिक्षा र अन्तिम परिक्षा गरी वर्षमा २ किसिमले मूल्याङ्कन गर्ने प्रणाली रहेछ । समग्रमा भन्दा शिक्षण सुधार योजना अनुसार मूल्याङ्कन गर्ने गरेको अवस्था रहेछ । सामाजिक शिक्षा विषयको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले समुदायमा खोज गरेका विषयवस्तुहरु, उनीहरुका आफ्नै सिर्जनाहरु गीत, कविता, कथा, प्रतिवेदन, चिठ्ठी, समाचार, नाटक, सम्पादकीय, चित्र, तालिका नक्सा, ग्राफहरु जस्ता विभिन्न कार्यहरूको शिक्षकद्धारा अवलोकन गरी उनीहरुको सिकाई उपलव्धी मूल्याङ्कन गरिनु पर्ने पाठ्यक्रमको मर्म भए पनि यो हुन नसकेको अवस्था रहेछ ।

### ४.२.९ अन्य निकायहरूवाट प्राप्त सहयोग

संरचनात्मक कार्यवाद सिद्धान्त अनुसार कुनै पनि वस्तुको कार्यविधि वुझ्नको लागि त्यसकाका अङ्गहरू एक अर्कामा कसरी कार्य गर्दछन् भन्ने कुरा वुझ्नु पर्दछ (ढकाल र कोइराला, २०६६ : १५६) । पाठ्यक्रम कार्यान्वयन कुनै एकल प्रकृया वा क्रियाकलाप होइन । बरु यो शैक्षिक प्रकृयाको जटिल जालो हो । पाठ्यक्रम कार्यान्वयनका एकाईहरुले कार्य नगरे पाठ्यक्रम कार्यन्वयनको अवस्था भताभुङ्ग हुन जान्छ । त्यसैले यो सिद्धान्तका आधारमा पाठ्यक्रम कार्यन्वयनका एकाईहरूको रुपमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापकले के कस्तो कार्यगरी कार्यान्वयनमा सहयोग पुर्याइरहेका छन् भन्ने सम्वन्धमा अध्ययन कार्यबाट प्राप्त सूचनाहरुलाई निन्न उपशीर्षकहरुमा रहेर प्रस्तुत गरिएको छ ।

#### क) विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिवाट प्राप्त सहयोग

छनौटमा परेका विद्यालयहरू श्री भाषा उच्च मा. वि.धनकुटा र श्री गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि.धनकुटामा अनुसन्धानकर्ता आफै उपस्थित भएर प्रत्यक्ष अध्ययन अवलोकन गर्दा उक्त समयमा ती विद्यालयहरुमा वि.नि.तथा स्रोतव्यक्तिको उपस्थिति नरहेको भए पनि आफ्नो समय अनुसार उनीहरू आउने

गरेको अवस्था रहेछ । जिल्ला शिक्षाको प्रतिनिधिको रुपमा विद्यालय निरीक्षक बेलाबेलामा विद्यालयमा आएर पाठ्यक्रम कार्यन्ययनमा सुझाव सल्लाह दिने गरेको प्रं अ.र विषय शिक्षकले अन्तर्वार्ताको क्रममा बताए तर स्रोतकेन्द्र नजिक भएकोले होला, विद्यालयमा स्रोत व्यक्तिको उपस्थिति वि. नि.कोभन्दा धेरै नै हुने गरेको अवस्था रहेछ । यस स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री केदार अधिकारीले लक्षित समुह छलफलको क्रममा आफुले बारम्बार विद्यालयको अनुगमन सुपरिवेक्षण गरी शिक्षकहरूका समस्याहरु समाधान गरी पाठ्यक्रम कार्यान्ययनमा सहयोग गर्ने गरेको बताए । उनका अनुसार उनले शिक्षाकार्यलयबाट विद्यालय निरीक्षक श्री शम्भु भट्टराईसँग सहकार्य गरी शैक्षिक सामग्रीहरु, तालिम कार्यक्रमहरु उपलव्ध गराउने गरेको बताए ।

समग्रमा यी विद्यालयहरुमा वि.नि.शम्भु भट्टराईले सहयोग गर्ने गरेका तर उनको सरुवा भर्खरै भएकोले उनको ठाँउमा कोही पनि सरुवा भएर नआई सहेको अवस्था रहेछ । यसरी संरचनात्मक कार्यवादी दृष्टिकोणवाट हेर्दा वि.नि.को सहयोग र सक्रियतामा कमी रहेको अवस्था रहेछ भने अन्य तत्त्वहरुले शिक्षकलाई पाठ्यक्रम कार्यान्ययनमा निरन्तर सहयोग गर्ने गरेको अवस्था रहेछ ।

**ख) प्रधानाध्यापकबाट प्राप्त सहयोग**

प्रधानाध्यापक एउटा शिक्षक, व्यवस्थापक तथा सुपरभाइजर पनि हो । श्री भाषा उच्च मा.वि.का प्र. अ.श्री चेतनाथ वाग्लेसँगको प्रत्यक्ष अन्तर्वार्ता र लक्षित समूह छलफलमा उनको भनाई थियो मैले बेलाबेलामा शिक्षकका समस्याहरु सुनी समाधानका लागि सहयोग गर्ने गरेको छु । आफू गतवर्षवाट मात्र प्रधानाध्यापक भएकोले कक्षा अवलोकन र निरीक्षण गर्ने काम भने गरिन तर यसपाली भने गर्ने योजनामा छु । म आफू २६ वर्ष शिक्षक भएर काम गरेकोले शिक्षकलाई पर्ने समस्याको वारेमा राम्रो जानकार रहेको छु । उनले अगाडि भने कतिपय कुराहरू पाठ्यक्रममा दिएका तर तिनलाई कार्यन्वयनमा बास्तवमै समस्या हुने गरेको अवस्था छ । उनको भनाईमा वि.नि.र स्रोत व्यक्तिले सहयोगबाट आफु सन्तुष्ट हुन नसकेको, पाठ्यपुस्तकले पर्याप्त सहयोग गर्न नसकेको बताए । उनले विभिन्न स्रोतबाट अर्थ सङकलन गरी सामग्री निर्माण र सङकलन गर्ने गरेको बताए । यसरी हेर्दा यस विद्यालयका प्र.अ. ले पाठयक्रम कार्यान्ययनमा सकारात्मक सहयोग गरेको अवस्था रहछे ।

**ग) अभिभावकहरूबाट प्राप्त सहयोग**

यस अध्ययनको लागि छनौटमा परेका विद्यालयहरू दुवै सामुदायिक विद्यालयहरू हुन् । सरकारको नीति अनुसार पनि सामुदायिक विद्यालयको सम्पूर्ण व्यवस्थापन र सञ्चालनको जिम्वेवारी अभिभावकहरुलाई दिने व्यवस्था गरिएको छ । यस अध्ययनको क्रममा प्र.अ.तथा शिक्षकहरुसँग गरीएको अन्तर्वार्ता र सरोकारवालाहरुसँग गरिएको लक्षित समूह छलफलबाट प्राप्त सूचनाका अधारमा हेर्दा सामाजिक शिक्षा जस्तो विषयको अध्ययन अध्यापनमा अभिभावकको ठूलो भूमिका हुन्छ । जस्तै सामाजिक समस्या समाधानका

उपायाहरूको बारेमा अथवा सामाजिक समस्या नियन्त्रण गर्न चालिएका प्रयासहरूको बारेमा स्थानीय समाजसेवी वुद्धीजीवीहरूले जानकारी दिने गरेको अवस्था हरेछ। स्थानीय चाठपर्व, जात्रा, प्रथाहरूको बारेमा अभिभावकहरूले शिक्षक र विद्यार्थीलाई जानकारी दिने गरेको अवस्था रहेछ। तर विडम्वनाको कुरा छनौटमा परेका विद्यालयहरुका वास्तविक अभिभावकहरु जसका वालवच्चाहरु ती विद्यालयहरुमा अध्ययन गर्दछन् ती अभिभावकहरूको सहयोग शिक्षक तथा विद्यार्थीहरुले पाउन नसकेको अवस्था रहेछ। आर्थिक स्थिति अलि मजवुद भएका अभिभावकहरुको झुकाव वोडिङ्ग स्कुलतिर भएर या सरकारी विद्यालयहरूको गुणस्तरको समस्याले हो सरकारी विद्यालयमा कमजोर आर्थिक स्थिति भएका बच्चाहरु मात्र अध्ययन गर्ने गरेको अवस्था रहेछ। कमजोर आर्थिक अवस्था भएको कारणले ती अभिभावकहरुको सन्तानको शिक्षामा लगानी गर्ने अवस्था पनि कमजोर हुन स्वाभाविक नै हो। यस्तो अवस्थामा ती अभिभावकहले विद्यालयमा सहयोग गर्ने कुरा त परै छोडौ विद्यालयको वैठकमा समेत उपस्थित नहुने गरेको अवस्था रहेछ। जुनकुरा प्र.अ.सँगको अर्न्तक्रियाबाट थाहा भयो।

यस अध्ययनमा आधारको रुपमा लिएको पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमुनाको दृष्टिकोणबाट हेर्दा पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा कार्यान्वयनका समस्याहरूको समाधान गर्न सामुहिक कार्य गर्नु पर्ने हुन्छ। पाठ्यक्रम कार्यान्वयन एउटा सामुहिक प्रक्रिया भएकोले सामुहिक तथा अन्तरसामुहिक प्रक्रियाहरूमा जोड दिनुपर्ने हुन्छ तर यस अध्ययनको क्रममा सामुहिक प्रक्रियाहरु र सामुहिक कार्यहरूमा अभिभावकहरुको सहभागीता प्रभावपूर्ण नरहेको अवस्था रहेछ। शिक्षक, प्र.अ.स्रोत व्यक्तिको सहकार्य भने राम्रो रहेछ।

### ४.३ पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाहरुले अनुभव गरेका समस्याहरू

शिक्षण क्रियाकलाप प्रत्यक्ष रुपमा विद्यार्थीसँग सम्वन्धित हुन्छ। विद्यार्थीको इच्छा र चाहना वुझेर सोही अनुसार शिक्षण प्रकृया अपनाउनु असल शिक्षकको गुण हो। शिक्षण प्रकृया अपनाउदा सहयोगी साधनको रुपमा जेजस्ता समग्रीहरू र क्रियाकलापहरु प्रयोग गरिन्छ तिनीहरूले विद्यार्थीहरुलाई असजीलो हुनु हुदैन (श्रेष्ठ, २०६४ : ५४)। विद्यार्थीहरूले सामाजिक शिक्षा शिक्षणका लागि कस्तो वातावरण, कस्तो कक्षा कोठा, शैक्षिक सामग्री, विधि आदि रुचाउछन् भन्ने कुराको जानकारी राखि शिक्षण गर्दा उनीहरुमा उत्प्रेरणा जगाउन सजिलो हुन्छ। पाठ्यक्रम कार्यान्वयनको प्रमुख माध्याम पनि शिक्षण नै हो। विद्यालय शिक्षाका विभिन्न तहहरूमा पाठ्यक्रमका उद्देश्यहरु के कति मात्रामा हासिल भए भन्ने कुरा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा भर पर्दछ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन नभएको खण्डमा शिक्षक, विद्यार्थी, अभिभावक र राष्ट्रको लगानी त्यसै खेर जान्छ। यस अध्ययनमा आधारभूत तहका सरोकारवालाहरू वि.नि वा स्रोतव्यक्ति, प्रधानाध्यापक र शिक्षकहरुले पाठ्यक्रम कार्यान्वयनमा अनुभव गरेका समस्याहरुलाई उनीहरूकै भोगाई र अनुभवका आधारमा प्रस्तुत गरिएको छ। यस अध्ययनमा आधारको रुपमा लिएको फेनोमेनोलोजीक

सिद्धान्तमा आधारित भएर ती आधारभूत तहका सरोकारवालाहरुले समस्याका रुपमा लिएका अनुभव र भोगाईहरुलाई जस्ताको तस्तै निम्न रुपमा राख्ने प्रयास गरिएका छ ।

- नीतिगत समस्या, पाठ्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा वास्तविक निरीक्षण गरेर शिक्षकलाई तत्कालै पृष्ठपोषण दिने खालको नीतिको अभाव रहेको,
- प्र.अ.को पद नाम मात्रको रहनु/अधिकार सम्पन्न नहुनु,
- प्र.अ.र शिक्षक दुवै पेशा भन्दा पनि राजनीतिक पार्टीप्रति उत्तरदायी हुन,
- शिक्षण पेशामा योग्य र ट्यालेन्ट व्यक्तिहरु आकर्षित हुन नसक्नु,
- पाठ्यक्रम कार्यान्वयनको एउटा अभिन्न अङ्ग विद्यार्थी मूल्याङ्कनमा परीक्षा वाहेका साधनहरूको प्रयोग नहुनु,
- शिक्षक तथा प्र.अ.लाई उचित इनसेन्टीस दिन नसक्नु,
- नयाँ समसामयिक शैक्षिक सामग्रीको अभाव हुनु, नक्सा ग्लोव, चार्ट जस्ता सामग्रीहरू विद्यालयमा पुराना मात्र हुनु, अपडेटेड नहुनु,
- शिक्षकको योग्यता, सामाजिक शिक्षकको योग्यता वहुआयमिक हुनुपर्छ तर त्यस्तो हुन नसक्नु,
- पाठ्यक्रम कार्यान्वयन सम्वन्धी तालिमको अभाव,
- पाठ्यक्रम परिचयात्मक कार्यक्रम नहुनु,
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका जस्ता आवश्यक सामग्रीहरु समयमा उपलव्ध नहुनु,
- अन्य विषयभन्दा यसमा सोधिने प्रश्नहरू पाठ्यपुस्तकभन्दा वाहिरवाट आउने गरेको शिक्षकलाई पठनपाठनमा समस्या हुनु,
- अभिभावकहरुले सहयोग नगर्दा विद्यालय व्यवस्थापन, पठनपाठन लगाएत विभिध कार्यमा समस्या हुनु,
- विद्यार्थी सख्या धेरै भएकोले गृहकार्य परीक्षण र शैक्षिक भ्रमण व्यावस्थापनमा समस्या हुने गरेको छ,
- आन्तरिक र निरन्तर मूल्याङ्कनको अभाव हुनु,
- पाठय्पुस्तकले शिक्षक र विद्यार्थीलाई प्रयाप्त सहयोग गर्न नसक्नु, पाठ्यक्रममा विषयवस्तु भन्दा क्रियाकलापहरु वढी दिनु,
- विद्यार्थी केन्द्रित शिक्षण विधी प्रति शिक्षकसँग सकारात्मक अभिवृत्तिको नहुनु,
- सामाजिक शिक्षामा दिएका कतिपय क्रियाकलापहरु असान्दर्भिक र अनावश्यक हुनु,
- निरीक्षण तथा अनुगमन नाम मात्रको हुनु, कार्यस्थलका तत्कालीन समस्याहरु समाधान गर्ने खालको निरीक्षण नहुनु ।

माथि उल्लेखित समस्याहरू फेनोमेनोलोजिकल रूपवाट हेर्दा शिक्षक, प्र.अ.तथा स्रोतव्यक्तिको अनुभव र भोगाईवाट थाहा भएका समस्याहरू हुन् । संरचनात्मक कार्यवादी दृष्टिकोणबाट हेर्दा पाठ्यक्रम कार्यान्वयनका तत्त्वहरुले सक्रिय र प्रभावकारी रुपमा कार्य गर्न नसक्दा निस्किएका समस्याहरू हुन । उत्तर आधुनिकतावादी दृष्टिकोणवाट हेर्दा पाठ्यक्रम कार्यान्वयनमा स्थानीय आवश्यकता परिस्थति र उचित विकेन्द्रीकरणको अभावले आएका समस्याहरु हुन । त्यस्तै पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास र परिवर्तन नमुनाको आधारमा हेर्दा विद्यालय संरचनामा उचित विकास र परिवर्तन गर्न नसक्दा देखिएका समस्याहरू हुन ।

### ४.४ पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाहरूले अनुभव गरेका समस्याहरूको उनीहरूको अनुभवकै आधारमा समाधानका उपायहरू

पाठ्यक्रममा उल्लेखित उद्देश्यहरू कति मात्रामा प्राप्त हुन्छन भन्ने कुरा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा भरपर्दछ । पाठ्यक्रम जतिसुकै राम्रो र उपयुक्त भए पनि त्यसको कार्यान्वयन पक्षमा कमी कमजोरी आएमा पाठ्यक्रमा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न सकिदैनन् (श्रेष्ठ, २०६४ : ५९) । यस अध्ययनको उद्देश्य प्राप्तिको लागि अध्ययन गर्दा कक्षा ९ को सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनमा पनि सरोकारवालाहरूले थुप्रै समस्याहरु भोगिरहेको अवस्था रहेछ । यस अध्ययनको क्रममा प्र.अ.र शिक्षकसँग गरिएको अन्तर्वार्ता, कक्षा अवलोकन, विषय शिक्षक, प्रधानाध्यापक र स्रोत व्यक्तिसँग गरिएको लक्षित समूह छलफल मार्फत पाठ्यक्रम कार्यन्वयनमा देखिएका समस्या समाधानका उपायहरू खोज्ने प्रयास गरिएको छ । यस अध्यनमा आधारको रुपमा लिएका फेनोमेनोलोजिकल सिद्धान्त अनुसार सरोकारवालाहरुको भोगाई र अनुभववाट समस्या समाधानका उपायाहरू जस्ताको तस्तै निम्न रूपमा सुझाइएको थियो ।

- नीतिमा परिवर्तन गर्नुपर्ने, पाठ्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा वास्तविक निरीक्षण गरेर शिक्षकलाई तत्कालै पृष्ठपोषण दिने खालको नीतिको व्यवस्था हुनुपर्ने,
- शिक्षकलाई आत्मनिर्देशित, आत्मनियन्त्रित, आत्मअनुशासित र आत्मसम्यमित वनाईनुपर्ने त्यसो भएमा कार्यान्यनकर्ता शिक्षक आफै जागरुक भएर कार्य गर्दछ ।
- पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक वनाइएकोले शिक्षकलाई पाठ्यपुस्तक विना पाठ्यक्रमको सहायतामा अध्यापन गराउन सक्ने वनाउनुपर्ने,
- पाठ्यक्रम, शिक्षकनिर्देशिका शिक्षकसँग दैनिक भए नभएको सम्वन्धमा प्र.अ.ले दैनिक निरीक्षण गर्नु पर्ने,
- शिक्षकमा शिक्षण पेशाप्रतिको हीन भावना हटाउनु पर्ने, आफ्नो पेशालाई राम्रो मान्ने खालको दृष्टिकोणको विकास गर्नुपर्ने,

- सम्वन्धित निकायले शिक्षण पेशामा योग्य र ट्यालेन्ट व्यक्तिहरु आकर्षित हुने वातावरण तयार गर्नु पर्ने,
- पाठ्यक्रम कार्यान्वयनको एउटा अभिन्न अङ्ग विद्यार्थी मूल्याङ्कनमा परीक्षा बाहेका साधनहरुको प्रयोगमा जोड दिनुपर्ने,
- शिक्षक तथा प्र.अ.लाई उचित इनसेन्टीसको व्यवस्था गर्नु पर्ने,
- शिक्षकहरुलाई समयसमयमा पाठ्यक्रम कार्यान्वयन सम्वन्धी तालिमको व्यवस्था गरिनुपर्ने,
- पाठ्यक्रम परिचयात्मक कार्यक्रम आयोजना गरिनु पर्ने,
- पाठ्यक्रम, पाठ्पुस्तक, शिक्षक निर्देशिका जस्ता आवश्यक सामाग्रीहरु विद्यालय तथा शिक्षकहरुलाई समयमा उपलव्ध गराउने सम्वन्धमा सम्वन्धित निकायहरुले ध्यान दिनुपर्ने,
- आन्तरिक र निरन्तर विद्यार्थी मूल्याङ्कनमा जोड दिनुपर्ने जसवाट शिक्षक तथा विद्यार्थी दुवैलाई फाइदा पुगोस्,
- विद्यार्थी केन्द्रित शिक्षणविधीहरुको प्रयोगमा जोड दिनुपर्ने,
- क्लिनीकल निरीक्षण तथा अनुगमनको प्रयोग गरिनुपर्ने, शिक्षकहरुका कार्यस्थलका तत्कालीन समस्याहरू समाधान गर्ने खालको निरीक्षण र अनुगमन हुनुपर्ने,
- पाठ्यक्रम कार्यान्वन, पाठ्यक्रम र पाठ्पुस्तक वीचमा तालमेल भएनभएको सम्वन्धमा सम्वन्धित क्षेत्रवाट अनुसन्धान गरिनुपर्ने,
- सम्वन्धित सरोकारवालाहरुले परिवर्तन आफैबाट सुरु गर्नुपर्ने ।

समष्टिगत रुपमा भन्नुपर्दा कक्षा ९ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनमा समस्या समाधान गर्न सम्वन्धित सबै पक्षको सहयोग आवश्यक हुन्छ । यस अध्ययनमा आधारको रुपमा लिइएका फेनोमेनोलोजिकल सिद्धान्तको आधारमा हेर्दा सम्वन्धित सरोकारवालाहरूको माथि उल्लेखित अनुभव र भोगाईका आधारमा कार्यान्वयनका समस्याहरू समाधान गरिनुपर्दछ । यसै आधारमा हेर्दा शिक्षक, प्र.अ.,स्रोतव्यक्ति र अभिभावकहरुको वास्तविक कार्यागत सम्वन्धको अध्ययन गरेर कार्यान्वयनका समस्याहरू समाधान गर्नुपर्ने आवस्यकता देखिन्छ । पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास र परिवर्तन नमुनाको आधारमा हेर्दा विद्यालय संगठन भित्र प्रर्याप्त आर्थिक, भौतिक, शैक्षिक विकास र परिवर्तन गर्न सकेमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ । यी तथ्यहरुको आधारमा के देखिन्छ भने पाठ्यक्रम कार्यान्वयनमा आधारभूत तहमा कम समस्या, विद्यालय व्यावस्थापनमा अलि बढी समस्या, जिल्ला तहमा अझ बढी समस्या र राज्य तहमा वा नीति निर्माण तहमा धेरै नै समस्या रहेको सरोकारवालाहरूको भनाई रहेको छ ।

उत्तरआधुनिकतावादी दृष्टिकोणवाट हेर्दा स्थानीय पाठ्यक्रमको व्यवस्था गर्न नसकेको, स्थानीय सामग्रीहरूको प्रयोग थोरै मात्र गरिएको, विश्वव्यापी समस्याहरुको वुझाईवाट विद्यार्थीहरुलाई आफ्ना स्थानीय समस्या समाधानमा क्रियासिल पारेको, पाठ्यक्रमक्रमलाई केहीहदसम्म भए पनि विकेन्द्रित रुपमा कार्यान्वयन गरेको अवस्था रहेछ । सामाजिक पुर्ननिर्माणवादी दृष्टिकोणबाट हेर्दा विद्यार्थीहरुलाई सामुदायिक क्रियाकलापमा सहभागी गराएर सामाजिक समस्याहरू बुझ्ने, सामना गर्ने, विश्लेषण गर्ने क्षमताको विकास गराई सामाजिक पुर्नुनिर्माणमा सक्रिय राखेको दखिन्छ । संरचनात्मक कार्यवाद सिद्धान्तको दृष्टिकोणवाट हेर्दा पाठ्यक्रम कार्यान्वयन कुनै एकल प्रकृया वा क्रियाकलाप होइन । वरु यो शैक्षिक प्रकृयाको जटिल जालो हो । पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाउनको लागि पाठ्यक्रम कार्यन्वयनका विभिन्न एकाईहरूले निर्वाह गर्ने भूमिका र सक्रियता के कस्तो छ भनेर हर्दा वि.नि. र अभिभावक वाहेक अन्यको क्रियासिलता सन्तोषजनक नै रहेको पाइयो ।

# परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययन कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमको कार्यान्वयनको अवस्था शीर्षकमा रहेर सम्पन्न गरिएको छ । यो अध्ययन धनकुटा नगरपालिका त्रिवेणी मा.वि.स्रोतअन्तर्गत रहेका श्री भाषा उच्च मा.वि.धनकुटा र श्री गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि.धनकुटालाई अध्ययन क्षेत्र बनाई कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रमको कार्यान्वयनको अवस्था, कार्यान्वयनका समस्याहरु र कार्यान्वयनका समस्याहरू समाधानका उपायाहरु सम्वन्धी सूचना संकलन गरिएको थियो । सूचना संकलन गर्नको लागि असंरचित अर्न्तवार्ता, दस्तावेज अध्ययन, कक्षा अवलोकन, लक्षित समूह छलफल जस्ता साधनहरुको प्रयोग गरी स्रोतव्यक्ति, प्र.अ.र विषय शिक्षकवाट सूचनाहरु प्राप्त गरीएको थियो । यसरी प्राप्त सूचनाहरूलाई विभिन्न सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरी प्राप्त प्राप्ति, निष्कर्ष र सुझावहरुलाई निम्न रूपमा प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ति

यस अध्ययनको उद्देश्य प्राप्तिको लागि कक्षा नौको सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयनको सर्न्दभमा शिक्षक लगायतका सम्वन्धित सरोकारवालाहरूले गरेका सम्पूर्ण तयारी तथा क्रियाकलापहरूलाई विश्लेषणात्मक र गुणात्मक रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा यो अध्ययनमा विभिन्न स्रोतबाट निम्न लिखित तथ्यहरू प्राप्तिको रुपमा आएका छन् :

- छनौटमा परेका दुवै विद्यालयमा तालिम प्राप्त, अनुभवी, दक्ष र उच्च योग्यता भएका शिक्षकहरू पाठ्यक्रमको कार्यान्वयन तथा शिक्षणमा संलग्न रहेको पाइयो ।
- सामाजिक शिक्षाको नयाँ पाठ्यक्रम विद्यालमा सरकारी निकायले नदिने भएकोले आफै खरीद गर्नुपर्ने अवस्था रहेछ । नयाँ पाठ्यक्रम विद्यालयमा नरहेको र नयाँ शिक्षक निर्देशिका खरीद गर्न खोज्दा वजारमा पनि नपाईएको हुनाले तिनको प्रयोग नगरेको पाइयो ।
- सामाजिक शिक्षाको पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको एउटा सामाग्रीको रूपमा मात्र लिनुपर्नेमा त्यसलाई नै सर्वेसर्वा मानी शिक्षणकार्यमा सक्रिय रहेको अवस्था रहेछ ।
- पाठ्यक्रम र पाठ्यपुस्तकमा उल्लेखित विषयवस्तुलाई शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर, प्रदर्शन जस्ता शिक्षक केन्द्रित विधीको प्रयोग गरेको पाइयो । छलफल, क्षेत्रभ्रमण, प्रयोगात्मक जस्ता विद्यार्थी केन्द्रित विधिहरुको प्रयोगमा शिक्षकको सकारात्मक अभिवृत्ति नरहेको पाइयो ।

- शैक्षिक सामाग्रीका रुपमा विषयवस्तुसँग सम्वन्धित नक्सा, ग्लोव, एटलस, चार्टको प्रयोग गर्ने गरेको पाइयो । तर विद्यालयमा चार्ट र एटलस वाहेकका माथि उल्लेखित सामग्रीहरु नयाँ र समसामयिक नभएको पाइयो ।
- छनोटमा परेका विद्यालयका शिक्षकहरूको आफ्नो अनुभव र भोगाइमा सामाजिक शिक्षाको पाठ्यक्रममा उल्लेखित विषयवस्तुभन्दा समुदायमा गएर गर्नुपर्ने क्रियाकलापहरु वढी भएकोले तिनलाई वर्ष भरिमा सिध्याउन कठिन हुने गरेको पाइयो ।
- दुवै विद्यालयहरुमा आर्थिक स्रोतको अभाव र विद्यार्थी संख्या बढी भएको हुनाले, व्यवस्थापनमा कठिनाई भई क्षेत्रभ्रमण, शैक्षिक भ्रमण वढी जसो स्थानीय ठाँउमा मात्र गराउने गरेको अवस्था रहेछ । स्थलगत भ्रमण गरेसकेपछि विद्यार्थीहरूलाई प्रतिवेदन लेखन गराउने गरेको पाईयो ।
- ती विद्यालयहरुमा पुस्तकालय भएर पनि विद्यालयका वालवालिकाहरूले प्रयोग नगरेको अवस्था रहेछ । पुस्तकालय उच्च शिक्षाका विद्यार्थीहरुले मात्र प्रयोग गर्ने गरेको अवस्था रहेछ ।
- वार्षिक शैक्षिक योजनाको सट्टामा गतवर्षबाट TIP वनाउने गरेको पाइयो । TIP कै आधारमा दैनिक समय तालिका वनाएर शिक्षण गर्ने गरेको पाइयो ।
- गोकुण्डेश्वर उ.मा.वि.मा विद्यार्थी संख्या वढी भएकोले गृहकार्यभन्दा कक्षा कार्यमा जोड दिएको पाईयो । भाषा उ.मा.वि.मा भने कक्षाकार्य गराएको पाइएन । दुवै विद्यालयहरुमा दिएको गृहकार्य विद्यार्थीले गर्ने गरेको तर धेरै विद्यार्थी भएकोले शिक्षकलाई गृहकार्यको परीक्षणमा समस्या रहेको पाईयो । शिक्षकहरुको अनुभव र विचारमा गृहकार्य विद्यार्थीलाईभन्दा अभिभावकहरूको लागि दिनुपर्ने अवस्था रहेछ ।
- पाठ्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन र निरीक्षणको अभाव रहेको पाइयो । स्रोत व्यक्ति, विद्यालय निरीक्षक समय समयमा विद्यालयमा आउने गरे पनि कक्षा अवलोन गरेर पाठ्यक्रम कार्यन्वयन सम्वन्धी सुझाव नदिएको पाइयो ।
- विद्यार्थी मूल्याङ्कन गर्दा अर्धवार्षिक र वार्षिक परीक्षाको प्रयोग गर्ने गरेको पाइयो । परीक्षा वाहेका साधानहरू र आन्तरिक मूल्याङ्कनको प्रयोग नगरेको अवस्था रहेछ ।

यस अध्ययनको क्रममा सरोकारवालाहरुवाट प्राप्त जानकारीलाई हेर्दा पाठ्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा वास्तविक निरीक्षण गरेर शिक्षकलाई तत्कालै पृष्ठपोषण दिने खालको नीतिको अभाव रहेको पाइयो । प्र.अ.को आफ्नो भोगाई र विचारमा प्र.अ.को पद नाम मात्रको रहेको र प्र.अ.र शिक्षक दुवै योग्यता वहुआयामिक हुनुपर्छ तर त्यस्तो हुन नसकेको, पाठ्यक्रम कार्यान्वयन सम्वन्धी तालिमको अभाव रहेको, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका जस्ता आवश्यक सामाग्रीहरु समयमा उपलव्ध हुन नसकेको पाइयो ।

पाठ्यक्रम कार्यान्वयनका आधाभूत तहका सरोकारवाला (वि.नि, स्रोतव्यक्ति, प्र.अ., विषय शिक्षक) हरूको अनुभव र भोगाईमा पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्या समाधान गर्न कार्यान्वयन नीतिमा परिवर्तन गर्नुपर्ने, पाठ्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा वास्तविक निरीक्षण गरेर शिक्षकलाई तत्कालै पृष्ठपोषण दिने खालको नीतिको व्यवस्था हुनुपर्ने, शिक्षकलाई आत्मनिर्देशित, आत्मनियन्त्रित, आत्मअनुशासित र आत्मसम्यमित बनाईनुपर्ने त्यसो भएमा कार्यान्यन कर्ता शिक्षक आफै जागरुक भएर कार्य गर्दछ भन्ने सरोकारवालाहरूको भनाई रहेको थियो । प्र.अ.को पदलाई अधिकार सम्पन्न वनाईनुपर्ने ताकी वदमासी गर्ने शिक्षकहरुलाई कारवाही गर्न सकियोस्, प्र.अ.र शिक्षक दुवैलाई राजनीतिक पार्टीहरुभन्दा पेशाप्रति उत्तरदायी बनाउनुपर्ने जस्ता उपायाहरू अवलम्वन गर्नु पर्ने कुरामा उनीहरूको सहमति रहेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनमा कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कसरी कार्यान्वयन भईरहेको छ भनी कार्यान्वयनको अवस्था अध्ययन गर्दा नमुना छनौटमा परेका विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनका आधाभूत तहका सरोकारवालाहरु (प्रधानाध्यापक, स्रोतव्यक्ति र विषय शिक्षक) हरुसँग लक्षित समूह छलफल, असंरचित अन्तर्वार्ता, कक्षाअवलोकनबाट आवश्यक तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको थियो । नयाँ पाठ्यक्रम र शिक्षक निर्देशिका विद्यालयमा नहुनु । तीनीहरुको कार्यान्वयन पनि नहुन । ती सामग्रीहरुलाई विद्यालयमा उपलव्ध गराउने तर्फ कसैले ध्यान नदिनु, यो अध्ययनको निष्कर्ष हो । पाठ्यपुस्तक पाठ्यक्रम कार्यान्वयनको एउटा सामग्री मात्र भएर पनि त्यसलाई सम्पूर्ण साधनको रुपमा लिन गरेको अवस्था रहेछ । शिक्षणमा विद्यार्थी केन्द्रित भन्दा शिक्षक केन्द्रित विधिको वढी प्रयोग गरेको अवस्था रहनु र विद्यार्थी केन्द्रित विधिप्रति शिक्षकको सकारात्मक धाराणा नहनु अध्ययनका निष्कर्षहरू हुन । विद्यार्थीको ज्ञान, सीप र धारणामा परिवर्तन ल्याउनको लागि विभिन्न क्रियाकलाप, छलफल, रिपोर्ट लेखन, अनुसन्धान, भूमिका अभिनय, अवलोकन, शैक्षिक भ्रमण जस्ता विधिको उचित कार्यान्वयन कमै मात्र हुने रहेछ । शिक्षकलाई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सेवाकालीन तालिम, गोष्ठी, सेमिनार आदिको व्यवस्था गर्नु पर्ने देखिन्छ । विद्यार्थीहरूलाई पनि उनीहरुको मनोभावना वुझि केही शैक्षिक सामग्री बनाउन दिनु उपयुक्त हुन्छ ।

सामाजिक शिक्षा विषयमा सहयोग पुऱ्याउने शैक्षिक सामग्रीहरु, सान्दर्भिक पुस्तक लगायत शिक्षक स्वअध्ययन सामग्रीहरु नयाँ र समसामयिक खरीद गर्नुपर्ने देखिन्छ । योजनावद्ध रूपले ऐतिहासिक, भौगोलिक, धार्मिक, सांस्कृतिक महत्त्वका ठाउँमा भ्रमण गराउन सकेमा अझ प्रभावकारी हुन्छ । शिक्षण कार्यमा कक्षा क्रियाकलाप र समग्रमा पाठ्यक्रमको कार्यान्वयनमा आएका समस्या समाधान गर्न, स्रोतव्यक्ति विषय शिक्षक तथा विद्यार्थीहरूमा समेत छलफल गरी सहयोग, आदान प्रदान गर्नु पर्ने देखिन्छ । यसो गरेको खण्डमा पाठ्यक्रम कार्यान्वयनको अवस्थामा सूधार आउने थियो । प्रभावकारी अनुगमन मूल्याङ्कन र पाठ्यक्रम परिचयात्मक कार्यक्रम, कार्यन्वयनको निरन्तर अनुगमन र सुधारका लागि सुझाव, शिक्षक तालिम तथा

आन्तरिक मूल्याङ्कनमा जोड दिई योजना अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरेको खण्डमा पाठ्यक्रम कार्यान्वयन राम्रो हुने थियो ।

यस अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने सामाजिक शिक्षाको पाठ्यक्रम कार्यान्वयन गर्न सरकारले निर्देशन त दिने गरेको तर त्यसको लागि पाठ्यक्रम, शिक्षक निर्देशिका र उचित स्रोत साधन उपलब्ध गराउन नसकेको देखिन्छ । ती सामग्रीहरुको अभावमा पाठ्यपुस्तकलाई नै सम्पूर्ण रुपमा प्रयोग गर्ने गरेको अवस्था रहेछ । सम्बन्धित निकायले शिक्षक निर्देशिकाको प्रयोग गर्नु भने पनि शिक्षक निर्देशिका वजारमा पनि नपाईने अवस्था रहेछ । शिक्षकले शिक्षक निर्देशिका भन्दा पनि अन्य सन्दर्भ पुस्तकको सहयोग लिई योजना अनुसार शिक्षण गर्ने गरेको पाइयो । यी तथ्यहरूलाई विश्लेषण गर्दा सरकारको पाठ्यक्रम कार्यान्वयनको सिद्धान्त र कार्यस्थलमा (विद्यालयमा) कार्यान्वयनको वास्तविक व्यवहारमा उचित समन्वयको अभाव रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

अन्त्यमा माथि उल्लेखित तथ्यहरुको आधारमा यो अनुसन्धानमा के देखियो भने पाठ्यक्रम कार्यान्वयनमा आधारभूत तहमा कमै समस्या रहेको देखिन्छ । त्यसपछि विद्यालय व्यवस्थापन तहमा आधारभूत तहभन्दा बढी समस्याहरू देखिन्छन् । यस तहमा प्र.अ.लाई अधिकार सम्पन्न नबनाइनु । राज्यको सहयोग नहुनु, प्रभावकारी अनुगमन र मूल्याङ्कन नहुनु । विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनको लागि प्रर्याप्त स्रोत साधन नहुनु जस्ता समस्याहरू रहेकाछन् । त्यस्तै जिल्ला तहमा अझ वढी समस्याहरु रहेको देखियो । सरोकारवालाहरुको भनाइमा जिल्ला शिक्षाले केन्द्रसँग समन्वय गरी पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक लगायतका सामाग्रीहरु उपलब्ध गराउन नसकेको, अनुगमन निरीक्षण र तालिमका सर्न्दभमा उचित सहयोग गर्न नसक्नु । सरोकारवालाहरूको भोगाइ र विचारमा पाठ्यक्रम निमार्ण र कार्यान्वयनको नीतिमा समस्या रहेको छ । उनीहरूका अनुसार प्रभावकारी अनुगमन र कार्यान्वयनको व्यवाहारिक नीति नहुनु, कार्यान्वयनको लागि सहयोग भन्दा निर्देशन बढी गर्नु, तल्ला तहहरूमा सिमित अधिकारहरू मात्र दिइनु जस्ता निष्कर्षमा पुग्न सकिन्छ ।

### ५.३ सुझाव

यस अध्ययनको सिलसिलामा अध्ययन कर्ताले प्राप्त गरेका प्राप्ति र निष्कर्षको आधारमा निम्न लिखित सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

- सम्पूर्ण विद्यालयमा शैक्षिक सत्रको प्रारम्भमा नै जि.शि.का.को सक्रियतमा स्रोतकेन्द्र मार्फत पाठ्यक्रम प्रत्येक विद्यालयमाहरुमा तथा शिक्षकहरुमा पुऱ्याउने खालको नीति वनाई लागू गर्नुपर्दछ ।
- सम्वन्धित विषयको पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको एउटा सामाग्रीको रुपमा मात्र लिई त्यसको प्रयोग गर्नुपर्ने । अध्ययन अध्यापनको क्रममा पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तको त्रिआयामिक सम्वन्ध कायम गरिनु पर्ने ।
- शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा छलफल, क्षेत्रभ्रमण जस्ता विद्यार्थी केन्द्रित विधीहरूको प्रयोग गर्न तालिम तथा अभिमुखीकरण मार्फत शिक्षकहरुमा सकारात्मक अभिवृत्ति विकास गराउनु पर्ने । व्याख्यान, प्रश्नोत्तर जस्ता शिक्षक केन्द्रित विधिहरुकोको प्रयोगमा सकेसम्म कमी ल्याउनुपर्ने ।
- शैक्षिक सामाग्रीहरु जस्तै, नक्सा, ग्लोव, एटलस, चार्ट आदि विद्यालयले नयाँ र समसामयिक खरीद गरी ती सामाग्रीहरुको प्रयोग गर्नु गराउनु पर्ने ।
- शिक्षकहरुको अनुभव र भोगाईमा पाठ्यक्रममा उल्लेखित विषय वस्तुभन्दा समुदायमा गएर गर्नु पर्ने क्रियाकलापहरु धेरै वढी भएकोले तीनलाई वर्ष भरीमा सिध्याउन कठिन भएको भन्ने रहेको छ । कक्षा शिक्षणभन्दा वाहिरका पाठ्यक्रमसँग सम्वन्धित कुराहरलाई गर्न गराउन प्र.अ. र वि.नि.मार्फत सहजीकरण गर्नु पर्ने ।
- पुस्तकालय भएर पनि विद्यालयका वालवालिकाहरुले त्यसको प्रयोग नगरेको अवस्थामा उनीहरुलाई पुस्तकालय प्रयोगको महत्त्व र प्रयोग गर्ने तरिका सम्वन्धमा अभिमुखीकरण गराउनु पर्ने । जसवाट वढी भन्दावढी पुस्तकालयको प्रयोग हुन सकोस ।
- शिक्षकलाई आत्मनिर्देशित, आत्मनियन्त्रित, आत्मअनुशासित र आत्मसम्यमित वनाईनुपर्ने त्यसो भएमा कार्यान्यनकर्ता शिक्षक आफै जागरुक भएर कार्य गर्दछ ।
- पाठ्यक्रम, शिक्षकनिर्देशिका शिक्षकसँग दैनिक रपमा भएनभएको, तिनको प्रयोग भए नभएको सम्वन्धमा प्र.अ.ले दैनिक निरीक्षण गर्नुपर्ने ।
- प्र.अ.को पदलाई अधिकार सम्पन्न र शक्तिशाली वनाईनुपर्ने ताकी वदमासी गर्ने शिक्षकहरुलाई उसले नियम अनुसार कारवाही गर्न सकोस् ।
- प्र.अ.र शिक्षक दुवैलाई पेशागत महत्त्व वुझाई राजनीतिक पार्टीहरुभन्दा पेशाप्रति उत्तरदायी वनाउनुपर्ने ।

- शिक्षक र प्र.अ.हरुको भनाईमा शिक्षण पेशाको सामाजिक मर्यादा र इनसेन्टीप वृद्धि गरी शिक्षकमा शिक्षण पेशाप्रतिको हीन भावना हटाउनु पर्ने । शिक्षकहरूमा आफ्नो पेशालाई राम्रो मान्ने खालको दृष्टिकोणको विकास गर्नुपर्ने ।
- सम्वन्धित निकायले शिक्षण पेशामा इनसेन्टीप वृद्धी गरेर यस क्षेत्रमा योग्य र ट्यालेन्ट व्यक्तिहरु आकर्षित हुने वातावरण तयार गर्नुपर्ने ।
- पाठ्यक्रम कार्यान्वयनको एउटा अभिन्न अङ्ग विद्यार्थी मूल्याङ्कनमा परीक्षा वाहेका साधनहरुको प्रयोगमा जोड दिनुपर्ने र निरन्तर/निमार्णत्मक मूल्याङ्कन तत्कालै लागू गर्नुपर्ने ।
- पाठ्यक्रम कार्यान्वन भए नभएको ? नभएको भए किन नभएको ? पाठ्यक्रम र पाठ्यपुस्तक विचमा तालमेल भए नभएको सम्वन्धमा सम्वन्धित क्षेत्रवाट अनुसन्धान गरिनु पर्ने ।
- पाठ्यक्रम निर्माण प्रकृयामा शिक्षक, विद्यार्थी, अविभावकहरु र अन्य सरोकारवालाहरुलाई सहभागी गराउनु पर्दछ । जसवाट उनीहरुको अपनत्त्व र जिम्वेवारी वोध भई पाठ्यक्रम कार्यन्वयनमा सहज हुनेछ ।

उल्लेखित सुझावहरु सम्वन्धित सबै निकायले ध्यान दिएर कार्यान्वयन गर्न सकेमा पाठ्यक्रम कार्यान्वयनको अवस्थामा सुधार आउने आशा राख्न सकिन्छ ।

अन्त्यमा यो अध्ययन निस्चित समय र स्रोत साधनको अभावले पाठ्यक्रम कार्यान्वयनमा आधारभूत तहका सरोकारवालाहरु स्रोतव्यक्ति, प्रधानाध्यापक, विषय शिक्षकहरुमा मात्र सिमित रहेको छ । त्यस्तै दुईवटासाधनहरुमात्र प्रयोग गरी अध्ययन कार्य अघि वढाएकोले यसका प्राप्तिहरु ठुलो क्षेत्रमा सामान्यिकरण गर्न नसकीने खालका हुनसक्दन् । त्यसकारण पछिल्ला अनुसन्धानकर्ताहरुलाई म के सुझाव दिन चाहन्छु भने विद्यालय तहको सम्पूर्ण पाठ्यक्रम देशभरी के कसरी कार्यान्वयन भईरहेको छ भन्ने सम्वन्धमा व्यापक अनुसन्धान गर्न पर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

American Psychological Association (2009). *Publication Manual* (6th ed.). Washington DC: Author.

Best, J.W. and Khan, J. V.(1999). *Reserch in education* , New Delhi: Prentic hall of India.

CERID (1982). *School level curriculum : A historical perspective*: Kathmandu. CERID.

CERID (1985). *Primary education project an evaluative study report* : Kathmandu .CERID

Dewey, J. (1902). *Child & curriculum*, Chicago : University of chicago Press.

Guba, E.G. and Lincoln, Y.S. (2004) *International Journal of Qualitative Methods* , Sage Publication.

Ranjitkar, (2010*). Curriculum Theory*, Quest Publication : Kirtipur Kathmandu

Miles, M. B., & Huberman, A. M. (1984). *Qualitative data analysis, a sourcebook of newmethods.* Newbury park, CA: Sage.

Taba, Hilda (1962). *Curriculum development : Theory & practice,* Harcaurt brace word inc. Newyork.

Tyler, R.W.(1949). *Basic principle of curriculum & instruction*, Chicago : University of chicago press.

Wills J.& Bondi J.(2002). *Curriculum development*, A guide to practice : Upper

आचार्य, जयनारायण (२००४), *माध्यामिक तहको सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामाग्रीको उपलव्धता तथा प्रयोग,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

ऐर, सुरेन्द्रसिंह (२०६८), *माध्यामिक तहमा सामाजिक शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धती, चौथो संस्करण* कीर्तिपुर काठामाडौ : सनलाईट पव्लिकेशन ।

ढकाल, डिल्लीप्रसाद (२०६३), *सार्वजनिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकले प्रयोग गरेका शिक्षण विधि,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

ढकाल, माधव प्रसाद र कोइराला मातृका प्रसाद (२०६६), *शिक्षाका आधारहरु,* रत्न पुस्तक भण्डार : काडमाडौं ।

पाठ्यक्रम विकास केन्द (२०६५), *हाम्रो सामाजिक शिक्षा किताव कक्षा ९,* परिमार्जित संस्करण, : नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यामिक शिक्षा पाठ्यक्रम भाग १ र २ :* पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *माध्यामिक तह सामाजिक शिक्षा शिक्षण निर्देशिका कक्षा ९,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *शिक्षापत्रिका,* सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भण्डारी, तुलसी प्रसाद (२०६५), *निम्न माध्यामिक तहको जनसंख्या र वातावरण शिक्षाको पाठ्यक्रम र पाठ्य पुस्तकको विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर : काठमाडौं ।

भट्ट, टिकेन्द्र प्र.(२०६६), *पाठ्यक्रम सिद्धान्त, काठमाडौं :* हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स ।

रेग्मी, हरिराज (२०६७), *माध्यामिक तहमा सामाजिक शिक्षा शिक्षण र शिकाईको अवस्था,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर : काठमाडौं ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६६), *शिक्षाका आधारहरु,* एम.के.पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी : काठमाडौं ।

शर्मा, गोपीनाथ (२०६४), *नेपालको शैक्षिक इतिहास भाग १ र २* : मकालु वुक्स एन्ड स्टेसनर्स ।

स.रा.शि.आ.( २०१८), *सर्वाङ्गीड राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०१८* : केशरमहल काठमाडौ ।

श्रेष्ठ, प्रकाश मान (२०६४), *नेपालमा पाठ्यक्रम निमार्ण तथा कार्यन्वयन,* भुडिपुराण प्रकाशन : काठमाडौ ।

## अनुसूची एक

## कक्षा अवलोकन फारम

**विद्यालयको नाम :**

**घण्टी :** **मिति :**

**शिक्षकको योग्यता :** **विषय :**

**तालिम प्राप्त :**

**शिक्षण अनुभव :**

१.यो पाठको पाठशीर्षक के थियो ?

२. पाठको प्रारम्भमा के गरियो ?

३. पाठको प्रस्तुतीकरण कसरी गरियो ?

४. कुन कुन शैक्षिक सामग्री प्रयोग गरियो ?

५. पाठ अनुसार सामग्री उपयुक्त र प्रभावकारी थियो

६. कुन कुन शिक्षण विधी अपनाईयो ?

७. के शिक्षण विधीको प्रयोग उपयुक्त र प्रभावकारी थियो ?

८. विद्यार्थीलाई कस्तो कृयाकलाप गराइयो त्यो उपयुक्त थियो ?

९.के अध्यापन गराएको पाठको मूल्याङ्कन गरियो ?

१०. पाठ्योजना वनाइएको थियो वा थिएन ?

११. पाठ्योजनामा उल्लेखित उद्देश्यहरु पूरा भए वा भएनन् ?

## अनुसूची दुई

## प्रधानाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :** **विषय शिक्षण**

**अनुभव :**

**प्र. अ.को नाम :**

१. तपाईले कुन विषयमा वि.एड./एम. एड. गर्नु भएको हो ?

२.पाठ्यक्रम कार्यान्वयन सम्वन्धि कुनै तालिम लिनु भएको छ ? छ भने कस्तो तालिम लिनु भएको छ, वताई दिनु हुन्छकी ?

३.तपाइले शिक्षकहरूले पाठ्यक्रम कार्यान्वयन गरे नगरेको सम्वन्धमा निरीक्षण गर्नु भएको छ ? छ भने कहीले र कसरी गर्नु भएको छ ?

४. तपाइका शिक्षकले तपाइसँग पाठ्यक्रम कार्यान्वयनका समस्या सम्वन्धमा छलफल गर्ने गरेका छन् ? सुझाव माग्ने गरेका छन ?

५.पाठ्यक्रम कार्यान्वयन सम्वन्धी जि.शि.का. स्रोतव्यक्ति आदिबाट केही निर्देशन पाउनु भएको छ ? छ भने कस्तो सहयोग वा निर्देशन पाउनु भएको छ ?

६. कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या तपाईले अनुभव गरेका आधारमा के के होला ?

## अनुसूची तीन

## विषय शिक्षकका लागि अन्तर्वार्ता निर्देशिका

**विद्यालयको नाम :** **शैक्षिक योग्यता :**

**ठेगाना :** **विषय शिक्षण**

**अनुभव :**

**शिक्षकको नाम :**

१. तपाइले अध्ययन गर्न थाल्नु भएको कति समय भयो ?

२. कक्षा नौमा पढाइ हुने सामाजिक शिक्षा विषयका वारेमा केही वताई दिनु हुन्छकी ?

३. सामाजिक शिक्षा शिक्षणका लागि पाठ्यक्रम कहाँबाट प्राप्त गर्नुहुन्छ ? वा पाठ्यपुस्तक कहाँबाट ल्याउनु भएको छ ?

४. सामाजिक शिक्षाको पठन पाठनमा वार्षिक तथा दैनिक पाठ्योजनाको अभ्यास गर्नुभएको छ ?

५. सामाजिक शिक्षा अध्यापन गर्दा शिक्षक निर्देशिका प्रयोग गर्नुहुन्छ ?

६. शैक्षिक सामग्री कसरी जुटाउनु हुन्छ ?, प्र.अ., अविभावकहरूले पनि सामग्री जुटाउन सहयोग गर्नुहुन्छ ?

७. विद्यार्थीलाई गृहकार्य दैनिक रुपमा दिनुहुन्छ वा हुदैन ?

८. विद्यार्थीले गृहकार्य कतिको वनाउने गर्दछन् ?

९. के विद्यार्थीलाई शैक्षिक भ्रमण गराउन लानुहुन्छ ? लानुहुन्छ भने कस्तो ठाँउमा भ्रमणमा लानुहुन्छ ?

१०. वर्षको कति पटक परीक्षा सञ्चालन हुन्छ ?

११. पाठ्यक्रमले राखेका सम्पूर्ण विषय वस्तु वर्षभरीमा पढाई सक्नु हुन्छ ?

१२. विद्यालयमा कक्षा कोठामा अध्यापन गराउदा के कस्ता समस्या अनुभव गर्नु भएको छ ?

१३. तपाईको विचारमा पाठ्यक्रम कार्यान्वयनमा आएका समस्याहरू कसरी समाधान गर्न सकिन्छ ?

१४. अध्ययन अध्यापनमा अविभावकको कस्तो भूमिका ठान्नु हुन्छ ?

१५. तपाईलाई पाठ्यक्रम कार्यान्वयन सम्वन्धी समस्या समाधानमा प्र.अ.र स्रोतव्यक्तिले के कसरी सहयोग पुर्याइरहेका छन् ?

१६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि के कस्ता उपायाहरू अवलम्वन गर्नु उपयुक्त होला ?

## अनुसूची चार

## स्रोतव्यक्ति, प्र.अ.र विषय शिक्षकको लागि

## लक्षित समूह छलफल निर्देशिका

१. सामाजिक शिक्षा कक्षा नौको पाठ्यक्रमलाई तपाईहरुले कसरी बुझ्नु भएको छ ?

२.यो विषय किन पाठ्यक्रमा समावेश गरिएको होला ?

३. पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षक निर्देशिका समयमै प्राप्त हुन्छन् ?

४. सामाजिक शिक्षा विषय पढाउँदा कुन कुन विधि प्रयोग गर्न सकिन्छ ?

५. सामाजिक शिक्षा विषय पढाउँदा कुन कुन सामाग्री प्रयोग गर्दा उपयुक्त होला ?

६. सामाजिक शिक्षा पाठयुपुस्तकमा भएका सम्पूर्ण क्रियाकलापहरू गराउन सम्भव छ ? गराउन सम्भव छैन भने किन सम्भव नहुने हो ?

७. यस विषयलाई कुन कुन विधि प्रयोग गरेर शिक्षण गर्न सजिलो होला ?

८.के शिक्षकहरूले प्रयोग गरेका प्रविधीहरू उपयुक्त हुन ? सामाजिक शिक्षा विषय शिक्षण गर्दा तपाईलाई अफ्ठेरो लाग्ने पाठहरु कुन कुन हुन ?

९ विषय शिक्षकले पाठ्यक्रम कार्यान्वयन गर्दा अनुभव गरेका समस्या के कसरी समाधान गर्न सकिन्छ ?

१०. तपाईहरूको विचारमा के गरेको खण्डमा पाठ्यक्रम कार्यान्वयनको अवस्थामा सुधार ल्याउन सकिएला ?

११. तपाईहरूको विचारमा शिक्षक र प्र.अ.ले अनुभव गरेका कार्यान्वयन सम्वन्धि समस्याहरूलाई कसरी समाधान गर्न सकिएला ?

१२. तपाईहरूको विचारमा समग्रमा यस विषयको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा कुन कुन पक्षमा ध्यान दिनुपर्ला ?

## अनुसूची पाँच

### पाठ्यक्रम कार्यान्वयन सम्वन्धित विविध पक्षको

### अवलोकनबाट फारम

**विद्यालयको नाम :**

**मिति :**

| अवलोकानका पक्षहरु | श्री भाषा उ.मा.वि. | श्री गो.बा.उ.मा.वि. | कैफियत |
|---|---|---|---|
| | छ/छैन | छ/छैन | |
| १. सामाजिक शिक्षाको पाठ्यक्रम | | | |
| २.सामाजिक शिक्षा विषयको शिक्षक निर्देशिका | | | |
| ३. सामाजिक शिक्षा विषयको पाठ्यक्रम (शिक्षकसँग) | | | |
| ४. वार्षिक शिक्षण योजना | | | |
| ५. दैनिक पाठ्योजना निमार्ण गरेका छन या छैनन् ? | | | |
| ६. आवस्यक सामग्रीहरु के के छन् ? र प्रोयोगको अवस्था कस्तो छ ? | | | |
| ७. पुस्ताकलयमा सामाजिक विषयका सन्दर्भ सामग्रीहरु छन्, छैनन् छन् भने के के छन् | | | |
| ८. विद्यालयमा इन्टरनेटको सुविधा छ छैन ? सुविधा भए प्रयोगको अवस्था के कस्तो छ ? | | | |

## अनुसूची छ

## लक्षित समूह छलफलमा सहभागीहरुको समान्य प्रोफाईल

| क्र. स. | नाम | लिङ्ग | शिक्षण अनुभव वर्ष | शिक्षण विषय | सम्वद्धता | तालिम |
|---|---|---|---|---|---|---|
| १. | श्री केदार प्रसाद अधिकारी | पुरुष | १५वर्ष | अङग्रेजी | स्रोतव्यक्ति, जि.जि.का. धनकुटा | शिक्षक तालिम, विद्यालय व्यवस्थापन र निरीक्षण सम्वन्धी तालिम |
| २. | श्री चेतनाथ वाग्ले | पुरुष | २८ वर्ष | अङग्रेजी | प्र.अ.,श्री भाषा उ.मा.वि. धनकुटा | शिक्षक लालिम, अल्पकालिन गोष्ठी र सेमिनारहरू |
| ३. | श्री शिव प्रसाद पोखेल | पुरुष | १८ वर्ष | गणित/विज्ञान | प्र.अ., श्री गोकुण्डेश्वर उ.मा.वि. धनकुटा | शिक्षक तालिम, कक्षा १-५ को पाठ्यक्रम कार्यान्वयन सम्वन्धी तालिम |
| ४. | श्री राजमणि घिमिरे | पुरुष | २७ वर्ष | सामाजिक | विषय शिक्षक, श्री गो.वा.म.मा. वि.धनकुटा | शिक्षक तालिम |
| ५. | श्री प्रभा श्रेष्ठ | महीला | २२ वर्ष | सामाजिक | विषय शिक्षक, श्री भाषा उ.मा.वि. | शिक्षक तालिम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | धनकुटा | |